सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ असार २०८३, बुधबार (17 June 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ६५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



एकैपटक ५,३०२ फार्मेसीको दर्ता खारेज

मनाङ, मुस्ताङ र रसुवाबाहेक ७४ जिल्लाका नियमअनुसार नवीकरण गर्न नआएका फार्मेसी खारेज, सबैभन्दा धेरै काठमाडौंमा १,१३८ र सबैभन्दा कम हुम्ला र रुकुम पश्चिममा तीन-तीन

अब ती फार्मेसीहरू चल्न पाउनेछैनन्। सञ्चालन गर्नुपरे नयाँ दर्ता प्रक्रियाबाट सञ्चालनको अनुमति लिनुपर्नेछ।

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



पासपोर्ट ठेक्काको 'भागबन्डा' एक वर्षपछि अख्तियारको छानबिनमा

राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र निर्देशक सुनील केसी पक्राउ, भागबन्डामा दिइएको थियो ठेक्का

सुवास भट्ट, नवराज मैनाली

विद्युतीय राहदानी (इ-पासपोर्ट) छपाइसम्बन्धी करिब सात अर्ब ६५ करोड रुपैयाँको ठेक्कामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक वर्षपछि अनुसन्धान अघि बढाएको छ। आयोगले राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र निर्देशक सुनीलकुमार केसीलाई पक्राउ गरी छानबिन सुरु गरेको छ। यस प्रकरणमा अन्य उच्चपदस्थ अधिकारीहरू पनि अनुसन्धानको दायरामा रहेका छन्।


तीर्थराज अर्याल

ठेक्का प्रक्रिया, मूल्यांकन, प्राविधिक योग्यता र राजनीतिक पहुँचका विषयमा विवादित बनेको प्रकरणमा सरकारले समेत चासो दिएपछि अख्तियारले अनुसन्धान तीव्र बनाएको स्रोत बताउँछ। एकातर्फ ठेक्कामै सेटिङ र अर्कोतर्फ ठेक्का पाएको ११ महिनासम्म पनि पासपोर्ट छाप्न नसकेपछि यस प्रकरणको छानबिन अघि बढाएको छ।

एक वर्षअघि तत्कालीन केपी ओली नेतृत्वको सरकारले सार्वजनिक खरिद नियमावली मिच्दै भागबन्डाका आधारमा ठेक्का दिएको आरोप लाग्दै आएको थियो। उजुरी परे पनि एक वर्ष निष्क्रिय देखिएको अख्तियारले पछिल्ला घटनाक्रमपछि अनुसन्धान तीव्र बनाएको स्रोत बताउँछ।

दुईवटा प्याकेज बनाएर दिइएको ठेक्का जर्मन कम्पनीले पाएको थियो। एक अर्ब ५५

» पृष्ठ २ मा क्रमशः

आरजु राणा र सिद्धार्थ थापा पनि छानबिनको दायरामा

इ-पासपोर्ट छपाइसम्बन्धी ठेक्कामा तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा र ठेकेदार कम्पनीका नेपाल प्रतिनिधि सिद्धार्थ थापा पनि छानबिनको दायरामा छन्। थापा प्याकेज २ अन्तर्गत राहदानी छपाइको मूल ठेक्का पाउने जर्मन कम्पनी भेरिडास नेपालका प्रतिनिधि हुन्। प्याकेज १ को ठेक्का जर्मन कम्पनी म्युहलबाउर आइडी सर्भिसले पाएको थियो। तत्कालीन सत्तारूढ दलहरू कांग्रेस र एमालेले ठेक्कामा भागबन्डा गरेका थिए। मूल ठेक्का पाउने भेरिडासका नेपाल प्रतिनिधि सिद्धार्थ कांग्रेस सांसद सुनील थापाका छोरा हुन्। ठेक्का दिने समयमा सुनील राष्ट्रपति रामचन्द्र पौडेलका सल्लाहकार थिए। उनको तत्कालीन परराष्ट्रमन्त्री आरजु देउवालगायतसँग निकटता थियो। आरजुका छोरा जयवीर यसमा अप्रत्यक्ष रूपमा संलग्न रहेको स्रोतको दाबी छ। पहुँचकै आधारमा ६ अर्ब ११ करोड रुपैयाँको ठेक्का हत्याइएको थियो। ठेक्का दिँदा सार्वजनिक खरिद नियमावलीसमेत मिचिएको थियो। तत्कालीन प्रधानमन्त्री केपी ओलीका स्वकीय सचिव राजेश बज्राचार्यले समेत प्रत्यक्ष चासो देखिएको अख्तियारका अधिकारीहरू बताउँछन्।


■ सत्तामा साझेदारी, ठेक्कामा भागबन्डा

पासपोर्टको आठ अर्बको टेन्डर टुक्र्याएर प्याकेज १ एमाले र प्याकेज २ कांग्रेसलाई

■ 'प्रिन्टर'को संख्यामा पनि छलछाम, पासपोर्टको अभाव हुने जोखिम

■ ६ अर्ब ११ करोडको ठेक्का कांग्रेस र एक अर्ब ५५ करोडको ठेक्का एमालेका ठेकेदारलाई

■ टेन्डरको विवाद चलिरहँदा परराष्ट्रमन्त्री राणा जर्मनीमा

१० साउन ०८२ को नयाँ पत्रिका

■ नियम लत्याएर कसरी भयो फिक्सिङ ?

१ अयोग्य कम्पनीलाई ठेक्का

राहदानी विभाग आफैंले बनाएको प्राविधिक मापदण्डविपरीत अयोग्य कम्पनीलाई ६४ लाख इ-पासपोर्ट छपाइको ठेक्का दिएको थियो। विभागले अन्तर्राष्ट्रिय बोलपत्रमा 'ब्लेड सर्भर' माग गरेकामा 'च्याक सर्भर' प्रस्ताव गर्ने दुई जर्मन कम्पनी म्युहलबाउर आइडी सर्भिस र भेरिडासलाई कुल सात अर्ब ६५ करोडको ठेक्का दिएको हो। म्युहलबाउरलाई प्याकेज १ र भेरिडासलाई प्याकेज २ को ठेक्का दिइएको थियो।

'ब्लेड सर्भर'को तुलनामा 'च्याक सर्भर' पुरानो प्रविधि हो भने ब्लेड सर्भर तीन गुणा महँगो पर्छ। तर, च्याक सर्भरले पनि विभागको भार थेग्ने व्याख्या गरेर यसरी आफ्नै प्राविधिक मापदण्ड मिचेर ठेक्का दिइएको थियो।

पासपोर्टको ठेक्कामा सर्भर अभिन्न अंग भएकाले यसलाई अनिवार्य मापदण्डका रूपमा राखिएको थियो। टेक्निकल स्पेसिफिकेसनको दफा ३.१.२३ मा ब्लेड सर्भरलाई अनिवार्य प्राविधिक आवश्यकताका रूपमा राखिए पनि पछि च्याक सर्भरलाई स्वीकार गर्नुले प्राविधिक मूल्यांकनमै गम्भीर प्रश्न उठेको थियो। नियम लत्याएर दबाबका भरमा विभागले ती कम्पनीलाई ठेक्का दिएको आरोप छ।

२ प्रिन्टरको संख्या नै कम

पासपोर्ट छपाइ गर्ने प्रिन्टर संख्यामा समेत 'टेक्निकल स्पेसिफिकेसन'मा उल्लेख गरिएभन्दा फरक प्रस्ताव स्वीकार गरिएको छ। प्रिन्टरको संख्याबारे बोलपत्रमा स्पष्ट रूपमा 'एन प्लस वान' प्रणाली अनिवार्य छ। जसअनुसार नियमित छपाइका लागि दुईवटा र त्यसमा कुनै एक बिग्रिएमा अर्को एउटा जगेडा प्रिन्टर चाहिने सर्त थियो।

पासपोर्ट छपाइको ठेक्का पाएको जर्मन कम्पनी भेरिडासले दुईवटा मात्र प्रिन्टरको प्रस्ताव गर्दा पनि स्वीकार गरिएको छ। पछि मापदण्ड मिलाउन कम्पनीसँग 'बोनस'स्वरूप तेस्रो प्रिन्टर सित्तैमा दिने प्रतिबद्धता गराएर कागजात थप्न लगाइएको थियो। ठेक्कासम्बन्धी कागजातअनुसार टेक्निकल स्पेसिफिकेसनको बुँदा नम्बर ४.२.१२ मा 'एन प्लस वान'को व्यवस्था छ। पासपोर्टको सेवा संवेदनशील भएकाले एउटा जगेडा प्रिन्टर व्यवस्था गर्नुपर्ने सर्त थियो। घण्टामा एक हजारका दरले पासपोर्ट छाप्नुपर्ने हुन्छ। विवाद सार्वजनिक खरिद अनुगमनको कार्यालयमा पनि पुगेको थियो।

३ आर्थिक प्रस्तावको मूल्यांकनमा चलखेल

यस ठेक्कामा विदेशी मुद्रा सटहीसम्बन्धी अर्को विवादास्पद विषय छ। सामान्यतः आर्थिक प्रस्ताव खोलिएको मितिको विनिमय दरलाई आधार बनाएर मूल्यांकन गरिन्छ। तर, यो ठेक्कामा प्राविधिक प्रस्ताव खोलिएको मितिलाई आधार बनाएर मूल्यांकन गरिएको छ। प्राविधिक प्रस्ताव ९ फागुन ०८१ मा र आर्थिक प्रस्ताव १४ जेठ ०८२ खोलिएको थियो।

आर्थिक प्रस्ताव खोलिएको मितिको आधारमा मूल्यांकन गर्दा जर्मन कम्पनीको दररेट महँगो हुने भएकाले पुरानो मिति (आर्थिक प्रस्ताव खोलिएको)को दररेटका आधारमा निर्णय लिएको देखिन्छ। सार्वजनिक खरिद ऐनको मर्मविपरीत अनुकूल व्याख्या गरेर यस्तो निर्णय गरिएको छ। यसमा प्रतिस्पर्धी अर्को कम्पनी आइडिमियाले अमेरिकी डलरअनुसार प्रस्ताव गरेकोमा जर्मन कम्पनीले युरोअनुसार प्रस्ताव गरेको थियो। फागुनको तुलनामा जेठमा युरोको भाउ उच्च भएको थियो। जसकारण फागुनकै मितिलाई आधार बनाइएको हो।

» पृष्ठ २ मा क्रमशः

चिनियाँ उद्योगी व्यवसायीलाई परराष्ट्रमन्त्रीको सम्बोधन

चीनसँग साझेदार बन्न चाहन्छौं, नेपालमा लगानी गर्नुहोस्



चीनको गौरवमय उदयलाई केवल एक निष्क्रिय दर्शक बनेर नेपाल हेर्न चाहँदैन। हामी तपाईंको नवप्रवर्तन अर्थतन्त्रमा एक सक्रिय, मूल्य अभिवृद्धि गर्ने साझेदार बन्न तयार छौं। अब कंक्रिट र स्टिलबाट मात्र नभई डिजिटल सर्किट, वित्तीय नेटवर्क र वैज्ञानिक साझेदारीहरूबाट हिमालयपार बहुआयामिक सम्पर्क सञ्जाल निर्माण गर्नुपर्छ।

परराष्ट्रमन्त्री खनाल आज फर्किँदै

पर्शुराम काफ्ले/नयाँ पत्रिका

चीनको औपचारिक भ्रमणमा रहेका परराष्ट्रमन्त्री शिशिर खनालले चिनियाँ उद्यमीलाई नेपालमा पर्यटन, सूचना प्रविधिदेखि मेडिकल पूर्वाधारलगायत बहुआयामिक क्षेत्रमा लगानीका लागि आह्वान गरेका छन्। आइतबारदेखि चीन भ्रमणमा रहेका उनले मंगलबार नेपाली राजदूतावासमा भेला भएका चिनियाँ व्यावसायिक समुदाय, लगानीकर्ता तथा उद्यमीलाई सम्बोधन गर्दै लगानीका लागि आह्वान गरेका हुन्।

'नेपाल सरकार व्यापक संस्थागत रूपान्तरण, कानुनी सुधार र नियामक व्यवस्थालाई सुदृढ गर्न प्रतिबद्ध छ। हामी उच्चस्तरीय भ्रमणको

» पृष्ठ २ मा क्रमशः

■ टेकुको 'अयोग्य' पुल न भत्काइयो न चलाइयो



कालीमाटी-टेकु जोड्ने पुरानो पुलमा सवारीसाधनको चाप बढेपछि आडैमा बनाइएको वैकल्पिक पुल पाँच वर्षसम्म पनि अलपत्र छ। पप्पु कन्स्ट्रक्सनले पटक-पटकको म्याद थपपछि ०७८ मा तयार पारेको पुलमा प्राविधिक समस्या देखिएपछि सरकारले 'अयोग्य' घोषणा गरेर गाडी नचलाउने निर्णय गऱ्यो। तर, प्राविधिक रूपमा अयोग्य भनेको पुल सरकारले न मर्मत गरेर गाडी चल्ने बनायो, न भत्काएर नयाँ बनायो।

तस्बिर : अमुल थापा/नयाँ पत्रिका

रास्वपा महाधिवेशनमा तीन हजारहाराहारी प्रतिनिधि यसरी छानिए

● रास्वपा केन्द्रीय निर्वाचन आयोग प्रमुख भुवन केसीका अनुसार महाधिवेशनमा तीन हजारहाराहारी प्रतिनिधि सहभागी हुनेछन्। पर्यवेक्षक र स्वयंसेवकसमेत चार हजारभन्दा बढीले सहभागिता जनाउने अनुमान छ।

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ७ देखि ९ असारसम्म चितवनमा हुने पहिलो राष्ट्रिय महाधिवेशनका प्रतिनिधि छनोट अन्तिम चरणमा पुऱ्याएको छ। अधिकांश वडा र जिल्लादेखि प्रदेश कमिटीसम्म अधिवेशन गरेको रास्वपाले ४ असारमा महाधिवेशन प्रतिनिधिको सूची टुंग्याएर सार्वजनिक गर्ने तयारी गरेको हो।

» पृष्ठ २ मा क्रमशः

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ विभिन्न तह र संरचनाबाट २१ प्रकारका प्रतिनिधि

महाधिवेशन कार्यविधि २०८३ को दफा ६ ले विभिन्न तह र संरचनाबाट महाधिवेशन प्रतिनिधिको प्रतिनिधित्व तथा छनोटको व्यवस्था गरेको छ। जसमा २१ प्रकारका प्रतिनिधि छन्।



● केन्द्रीय समिति र पदाधिकारीका सबै
केन्द्रीय समिति : १२१। पदाधिकारी : १३

● केन्द्रीय सल्लाहकार परिषद्
सबै ६ सदस्य

● केन्द्रीय आयोगहरूका पदाधिकारी तथा सदस्यहरू
अनुशासन, लेखा र केन्द्रीय निर्वाचन आयोगबाट ३३ जना
(आयोग ११ सदस्यीय)

● केन्द्रीय विभागहरू
प्रत्येक विभागबाट प्रमुखसहित ११ जना

● प्रदेश समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू
कोशी ६१, मधेश ५९, बागमती ६५, गण्डकी ४७, लुम्बिनी ५७, कर्णाली ४१, सुदूरपश्चिम ४३

● प्रदेशका आयोग तथा विभागहरू
(अनुशासन आयोग, लेखा आयोग, निर्वाचन आयोग र प्रदेश विभागका पदाधिकारीहरू)
प्रदेश आयोग तथा विभागमा प्रमुख, उपप्रमुख र सचिव गरी तीन पदाधिकारी

● जिल्ला समिति
निर्वाचन भएका ६४ जिल्लाबाट पाँच-पाँचजना, बाँकी १३ जिल्लाबाट तदर्थ समितिका तीन-तीनजना

● प्रदेश-काठमाडौं सम्पर्क विभाग
प्रमुखसहित तीन-तीनजना

● **जिल्ला-काठमाडौं सम्पर्क विभागका प्रमुखहरू**

● **निर्वाचन क्षेत्र समिति संयोजक**
(संयोजकको मतदाता ठेगाना नभएको प्रदेश निर्वाचन क्षेत्रको उपसंयोजक प्रतिनिधि रहने)

● पालिका समिति
सभापति वा सभापति उपस्थित हुन नसके पदाधिकारी वा सदस्य एकजना। अधिवेशन नभएको पालिकाको हकमा तदर्थ समितिको सभापति मात्र। पालिकाकै अधिवेशनबाट महाधिवेशन प्रतिनिधिमा निर्वाचित गाउँपालिकाबाट १, नगरपालिकाबाट २, उपमहानगरबाट ३ र महानगरबाट ४ जना

● पालिकाका जनप्रतिनिधि
रास्वपाबाट निर्वाचित तथा अन्यबाट जिते पनि पछिल्लो समय रास्वपाबाट समाहित भएका प्रमुख र उपप्रमुख

● **विशिष्ट व्यक्तिहरू**
विभिन्न पार्टी तथा समूहबाट समायोजन भएका विशिष्ट व्यक्तित्वहरू तथा महाधिवेशनमा प्रतिनिधित्व अनिवार्य ठानिएका व्यक्तिहरूमध्येबाट बढीमा २०० जनासम्म केन्द्रीय समितिबाट मनोनीत हुने

● प्रवास नेपाली सम्पर्क विभाग
तीनजना (१०० सदस्यसम्म)
(सय सदस्यमाथि थप १०० सदस्यबराबर १ प्रतिनिधि थपिने, अधिकतम ११ जना रहने)

● **प्रतिनिधि-पर्यवेक्षकलाई पाँच हजार शुल्क**
कार्यविधिले महाधिवेशन प्रतिनिधि र पर्यवेक्षकहरूको दर्ता शुल्क पाँच हजार तोकेको छ। आर्थिक रूपमा विपन्न सदस्यहरूका लागि सहायता कोष निर्माण गरी सञ्चालन गर्ने उल्लेख छ।

● निर्वाचित जनप्रतिनिधिहरू, गत निर्वाचनमा प्रतिनिधिसभाका प्रत्यक्ष तथा समानुपातिक सबै उम्मेदवार, ०७९ को प्रतिनिधिसभामा उम्मेदवार भएर हालसम्म पार्टीमा निरन्तर योगदान गरेका र सचिवालयबाट स्वीकृत भएका सदस्यहरू

● संविधान संशोधन

सरकारी कार्यदल छाडेर आफ्नो प्रस्ताव बनाउँदै एमाले



डा. भीष्म अधिकारी
केन्द्रीय कार्यालय सचिव

सुरुका दुई बैठकमा सहभागी हुँदा नै सरकारले संविधान संशोधनका लागि कुन-कुन विषयमा छलफल गर्ने, सुझाव कसरी संकलन गर्ने भन्नेबारे स्पष्ट र ठोस कार्ययोजना प्रस्तुत गर्न सकेको थिएन। त्यसैकारण पार्टीले थप बैठकमा सहभागी नहुन निर्देशन दिएपछि जान छाडिएको हो।

नयाँ पत्रिका

संविधान संशोधनका विषयमा विभिन्न सरोकारवालासँग छलफल गरी सुझाव संकलन गर्दै बहसपत्र तयार गर्ने जिम्मेवारी पाएको सरकारी कार्यदलबाट बाहिरिएर एमालेले अलगै प्रस्ताव तयार गर्ने गरी आन्तरिक तयारी अघि बढाएको छ। एमालेले सरकारको गृहकार्यप्रति आशांका व्यक्त गर्दै कार्यदलमा सहभागिता अन्त्य गरेर आफ्नै कार्यदलमार्फत काम अगाडि बढाएको हो।

उपाध्यक्ष विष्णु पौडेलको नेतृत्वमा गठित एमाले

» पृष्ठ २ मा क्रमशः

पासपोर्ट ठेक्काको...

पृष्ठ १ बाट क्रमशः

करोडको ठेक्का म्युहलबाउर आइडी सर्भिस र ६ अर्ब ५५ करोडको ठेक्का भेरिडासले पाएका थिए । म्युहलबाउरका नेपाल प्रतिनिधि मुनेन्द्र मल्ल तथा भेरिडासका प्रतिनिधि सिद्धार्थ थापा पनि अख्तियारको छानबिनमा छन् ।

तत्कालीन परराष्ट्रमन्त्री आरजु देउवाको दबाबमा ती कम्पनीले सार्वजनिक खरिद नियमावली मिचेर ठेक्का दिइएको विभाग स्रोत बताउँछ । यसमा आरजुका छोरा जयवीर तथा तत्कालीन प्रधानमन्त्री ओलीका स्वकीय सचिव राजेश बज्राचार्यले समेत प्रत्यक्ष चासो राखेका थिए । उच्च तहबाटै सेटिङमा ठेक्का भए पनि अनुसन्धान कहाँसम्म पुग्छ भन्ने चासो छ । अख्तियारका अधिकारीले यसबारे केही बताउन चाहेनन् ।

राहदानी विभागले ६४ लाख थान इ-पासपोर्ट छपाइका लागि १३ मंसिर ०८१ मा दुई प्याकेजमा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो । बोलपत्र प्रक्रिया सकेर विभागले करिब एक वर्षअघि ठेक्का सम्झौता गरेको थियो ।

तर, सम्झौताबमोजिम छपाइ कार्य अघि नबढेपछि पासपोर्ट अभाव हुने स्थिति पैदा हुन लागेको छ । सम्झौताबमोजिम काम समयमा नहुँदा पासपोर्ट अभावको अवस्था निम्तिन सक्ने संकेत देखिएको छ । ठेक्का प्रक्रिया, छनोटदेखि कार्यान्वयनसम्म अनियमितता भएको आरोपबिच अख्तियारले कारबाही अघि बढाएको हो । विवादकै बिच राहदानी विभागले पासपोर्ट छपाइका लागि जर्मन कम्पनीहरूलाई ठेक्का दिएको थियो । तत्कालीन विनिमय दरअनुसार कुल ठेक्का रकम करिब ७ अर्ब ६५ करोड पुगेको थियो । गत वर्ष साउन ४ गते ठेक्का सम्झौता भएको थियो ।

बोलपत्र प्रक्रियाअनुसार राहदानी विवरण संकलनसम्बन्धी ठेक्का म्युहलबाउरले पाएको थियो भने राहदानी छपाइसम्बन्धी ठेक्का भेरिडोसले प्राप्त गरेको थियो । यी सम्झौतामार्फत पाँच वर्षका लागि विद्युतीय राहदानीको आपूर्ति सुनिश्चित गर्ने व्यवस्था गरिएको थियो । यसअघि करिब डेढ दशकदेखि फ्रेन्च कम्पनी आइडिमियाले राहदानी छपाइको काम गर्दै आएको थियो । तर, यो नयाँ ठेक्का सुरुदेखि नै विवादित बनेको थियो । प्रक्रिया र छनोटमा चलखेल भएको आरोप लाग्दै सार्वजनिक खरिद अनुगमन कार्यालयदेखि सर्वोच्च अदालतसम्म मुद्दा पुगेको थियो । विवादकै क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि विभागका पदाधिकारीहरूसँग प्रारम्भिक छलफल गरेको थियो । तर, विवाद र प्रश्न छाडेर उच्चस्तरीय चासोका कारण ठेक्का सम्झौता गरिएको आरोपसमेत लागेको छ ।

महानिर्देशक अर्याल र निर्देशक केसीलाई चार दिन हिरासतमा राख्ने अनुमति

अनुसन्धानका लागि राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र निर्देशक सुनीलकुमार केसीलाई चार दिन न्यायिक हिरासतमा राख्न विशेष अदालतले अनुमति दिएको छ । अदालतका प्रवक्ता कृष्णशरण लामिछानेका अनुसार उनीहरूलाई सोमबारदेखि लागू हुने गरी चार दिनका लागि हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिइएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार उनीहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको थियो । त्यसपछि मंगलबार म्याद थपका लागि विशेष अदालतमा उपस्थित गराइएको थियो । 'उहाँहरूलाई न्यायिक हिरासतमा राखेर अनुसन्धान गर्न आदेश भएको छ,' अदालतका प्रवक्ता लामिछानेले भने, 'सोमबारदेखि नै लागू हुने गरी चार दिनका लागि यो अनुमति दिइएको हो ।'

अख्तियारले अनुसन्धानका लागि २० दिनको समय माग गरेको भए पनि अदालतले प्रारम्भिक रूपमा चार दिनको मात्र अनुमति दिएको छ । अदालतका अनुसार यो मुद्दा राहदानी छपाइसम्बन्धी ठेक्कामा भएको भनिएको भ्रष्टाचारजन्य कसुरसँग सम्बन्धित छ । यस प्रकरणमा मूल्यांकन समितिमा संलग्न रहेका विभागका अन्य कर्मचारी पनि छानबिनको दायरामा आउने सम्भावना रहेको बताइएको छ ।

उजुरी परेको ठिक एक वर्षपछि पक्राउ

१ असार २०८२ मा राहदानी छपाइमा मिलेमतो हुन लागेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । संयोग कस्तो भने त्यसको ठिक एक वर्षपछि अर्थात् १ असार २०८३ मा यसमा आयोगले कर्मचारीलाई पक्राउ गरेर अनुसन्धान थालेको छ । विगतमा राजनीतिक दबाबकै आधारमा आयोगले छानबिन अघि बढाउन सकेको थिएन । अहिले भने सरकारकै चासोपछि छानबिन अघि बढेको हो ।

जर्मन कम्पनीले ११ महिनासम्म छाप्न सकेन पासपोर्ट, अभावको जोखिम

राहदानी विभागले साउन पहिलो साता दुई जर्मन कम्पनीसँग करिब ८ महिनाभित्र इ-पासपोर्ट छाप्ने गरी सम्झौता गरेको भए पनि हालसम्म छपाइ प्रक्रिया सुरु हुन सकेको छैन । सम्झौताअनुसार गत वर्ष फागुनदेखि नै छपाइ कार्य सुरु भइसक्नुपर्ने थियो । तर, ११ महिना बितिसक्दा पनि काम अघि नबढेपछि एकातर्फ सरकारको खर्च बढेको छ भने अर्कोतर्फ पासपोर्टको समेत अभाव हुने अवस्था छ ।

हाल विभागसँग करिब एक लाख मात्र पासपोर्ट मौज्दात छ । नयाँ कम्पनीले असारभित्र छपाइ सुरु गर्ने आश्वासन दिएको भए पनि त्यसको ठोस ग्यारेन्टी नहुँदा आपूर्ति संकटको जोखिम बढेको छ । जसकारण सरकार दबाबमा छ ।

छपाइमा ढिलाइ हुँदा नागरिकले पासपोर्ट नपाउने अवस्था आउन सक्ने भएपछि प्रधानमन्त्री कार्यालयले एक महिनाअघिदेखि नै यसमा चासो राख्दै छिटो काम गर्न भनेको थियो । तर, कामले गति नलिएपछि प्रधानमन्त्री बालेन शाहसमेत असन्तुष्ट बनेको स्रोत बताउँछ । ठेकेदार कम्पनीले पासपोर्टको 'डेटा इन्टिग्रेसन' को कामसमेत पूरा गर्न सकेका छैनन् ।

अर्कोतर्फ महँगो रेटमा सरकारले पुरानै कम्पनी आइडिमियासँग भेरिएसन गरेर पासपोर्ट छाप्दै आएको छ । आइडिमियाले प्रतिपासपोर्ट १०.१३ डलर लागतमा छापेको छ । तर, नयाँ कम्पनीसँग भएको सम्झौतामा दर ८.६२ डलरको ठेक्का पाएको थियो ।

नियम लत्याएर...

पृष्ठ १ बाट क्रमशः

९ फागुन ०८१ मा युरोको बिक्रीदर १४६.६० रूपैयाँ थियो भने अमेरिकी डलर १३९.६० थियो । आर्थिक बोलपत्र खोलिएको दिन १४ जेठमा अमेरिकी डलरको दररेट खस्किएर १३७.०५ रूपैयाँ तथा युरो बढेर १५५.७४ पुगेको थियो ।

आर्थिक प्रस्ताव खोलिएको मितिअनुसार निर्णय गरेको भए आइडिमियाको प्रस्ताव २८ करोड ९५ लाख ३१ हजार ५४५ रूपैयाँ सस्तो पर्थ्यो । विभागले सरकारलाई फाइदा हुने गरी निर्णय नगर्दा यसरी २८ करोड नोक्सान भएको आरोप लाग्दै आएको छ । अख्तियारले यो विषयमा पनि छानबिन गरिरहेको छ ।

बोलपत्र डकुमेन्टको ३७.१ मा पनि 'बोलपत्र खोलिएको दिनको नेपाल राष्ट्र बैंकले तय गर्ने विदेशी विनिमयको बिक्रीदरअनुसार हुने' भनेर उल्लेख छ । बोलपत्र खोलिने दिन भन्नाले आर्थिक प्रस्ताव खोलिने दिनका लागि अभ्यास हुँदै आएको छ । तर यसमा भने फरक शैली अपनाइएपछि गम्भीर प्रश्न उठेको हो । सार्वजनिक खरिद ऐनविपरीत पुरानो मितिको दररेटअनुसार आर्थिक मूल्यांकन गरेर जर्मन कम्पनीलाई ठेक्का दिइएको थियो ।

यो निर्णयले पछिसम्मै ठुलो आर्थिक भार पर्ने अवस्था छ । हाल प्रतियुरोको रेट १७५ रूपैयाँ पुगिसकेको छ । जर्मन कम्पनीलाई भुक्तानी दिँदा पछिल्लो रेटअनुसार नै दिनुपर्ने भएकाले यसमा देशलाई थप भार पर्ने छ ।

४ भागबन्डा मिलाउन टेन्डर दुई टुक्रा

करिब आठ अर्ब रूपैयाँबराबरको इ-पासपोर्ट छपाइसम्बन्धी ठेक्कालाई टुक्र्याएर दुईवटा कम्पनीलाई दिनुमा 'बदनियत' देखिन्छ । तत्कालीन केपी ओली नेतृत्वको सरकारले दुई व्यवसायीलाई दिन यसरी टुक्राइएको आरोप लाग्दै आएको छ । प्याकेज १ को ठेक्का जर्मन कम्पनी म्युहलबाउर आइडी सर्भिस हो । जसका नेपालका प्रतिनिधि व्यवसायी मनिन्द्रकुमार मल्लले एमाले निकट भएर ठेक्का पाएको स्रोत बताउँछ । उनले एक अर्ब ५५ करोडको ठेक्का पाएका थिए ।

प्याकेज २ अन्तर्गत राहदानी छपाइको मूल ठेक्का पाउने जर्मन कम्पनी भेरिडास नेपालका प्रतिनिधि सिद्धार्थ थापा हुन् । ठेक्काको समयमा उनका बुबा सुनिल थापा राष्ट्रपति रामचन्द्र पौडेलका सल्लाहकार थिए । हाल उनी कांग्रेसबाट राष्ट्रियसभा सदस्य छन् । उनको तत्कालीन परराष्ट्रमन्त्री आरजु देउवा लगायतसँगको निकटता थियो । सोही आधारमा ६ अर्ब ११ करोड रूपैयाँको ठेक्का हत्याएको आरोप लाग्दै आएको छ ।

राहदानी विभागले सुरुमा एउटै टेन्डर प्रक्रिया अघि बढाएको थियो । तर, पछि केही व्यापारिक स्वार्थअनुसार त्यसलाई टुक्र्याएर प्याकेज १ र प्याकेज २ बनाएर बोलपत्रको सूचना निकालिएको थियो । टेन्डर टुक्र्याउँदा दोहोरो सर्भर चाहिने भएकाले सरकारको लागतसमेत बढेको छ भने दुईवटा कम्पनीबिच विवाद आए कामसमेत प्रभावित हुन सक्ने जोखिम छ ।

एउटै प्रकृतिको काम दुई प्याकेजमा विभाजित गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ आकर्षित हुन सक्छ । सो दफामा भनिएको छ,'कुनै राष्ट्रसेवकले आफु वा अरू कुनै व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थानलाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले देहायको कुनै काम गरेमा कसुरको मात्राअनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगो बमोजिम जरिवाना गरी बिगो असुलउपर गरिनेछ ।'

पासपोर्टको बोलपत्र टुक्राउन नमिल्ने व्यवस्था ऐनको दफा ८ को उपदफा घ(१) मा उल्लेख छ । जसमा,' प्रतिस्पर्धीलाई जानीजानी प्रभावशून्य वा सिमित वा कमजोर बनाउने उदेश्यले सार्वजनिक खरिदसम्बन्धि प्रचलित कानून प्रतिकुल हुने गरी शर्त तथा मापदण्ड निर्धारण गर्ने, गराउने वा खरिद कार्यलाई टुक्राउने टुक्राउन लगाउने, वा प्याकेजिङ गर्ने गराउने' काम भ्रष्टाचार हुने उल्लेख छ । एउटै काम दुईवटा प्याकेज बनाइएकोमा यो उपदफा आकर्षित हुने आयोगका अधिकारी बताउँछन् ।

स्रोतका अनुसार बोलपत्र मूल्यांकनको क्रममा विभागको प्राविधिक उपसमितिमा समेत सर्भर र ठेक्का दररेटको विषयलाई लिएर विवाद भएको थियो । १२ सदस्यीय उपसमितिले ६२ कैफियत निकालेको थियो । जसकारण उपसमितिका सदस्यहरू विभाजित भए । भ्रष्टाचारमा पर्न सकिने डरले केहीले हस्ताक्षर नै गरेनन् । पछि मूल समितिले यस विषयमा निर्णय गरेको थियो । मूल मूल्यांकन समिति विभागका महानिर्देशक तीर्थराज अर्यालको अध्यक्षतामा बनाइएको थियो । जर्मन कम्पनीलाई ठेक्का दिलाउन उनले बारम्बार कानून मिच्ने काम गरेका थिए ।

चीनसँग...

पृष्ठ १ बाट क्रमशः

ट्र्याक राख्ने पुरानो कूटनीतिक संस्कृतिबाट टाढा जाँदै छौँ,' परराष्ट्रमन्त्री खनालले भने, 'चीनको गौरवमय उदयलाई केवल एक निष्क्रिय दर्शक बनेर नेपाल हेर्न चाहँदैन । हामी तपाईंको नवप्रवर्तन अर्थतन्त्रमा एक सक्रिय, मूल्य अभिवृद्धि गर्ने साझेदार बन्न तयार छौँ ।'

परराष्ट्रमन्त्री खनालले २१औँ शताब्दीमा दुई देशबिच फाइबर-अप्टिक केबल, एकीकृत आपूर्ति शृंखला, स्वचालित क्लियरिङ हाउस निर्बाध कनेक्टिभिटीमार्फत सञ्चालन हुनुपर्नेमा स्पष्ट जोड दिएका छन् । 'हामी तपाईंलाई हाम्रो जनसांख्यिक लाभांश, हाम्रो स्वच्छ ऊर्जा, बृहत्तर दक्षिण एसियाली बजारको प्रवेशद्वारको रूपमा हाम्रो रणनीतिक स्थान र एक पारदर्शी, सुरक्षित र अत्यधिक लाभदायक व्यावसायिक वातावरणप्रति हाम्रो पूर्ण प्रतिबद्धता जनाउँदछौँ । चिनियाँ उद्यमहरूका लागि राजनीतिक रूपमा स्थिर र कानुनी रूपमा सुरक्षित वातावरण प्रदान गर्दछौँ,' उद्यमीलाई सम्बोधन गर्दै उनले भने ।

परराष्ट्रमन्त्री खनालले शीर्षस्तरका चिनियाँ प्रविधि कम्पनी, विशेषगरी इकमर्स, क्लाउड कम्प्युटिङ र एआईका लिडरहरूलाई नेपालमा आफ्ना ग्लोबल क्यापेबिलिटी सेन्टरहरू र संयुक्त नवप्रवर्तन हबहरू स्थापना गर्न आमन्त्रण गरे । 'हामी बाइडु ताओबाओ, मेइत्वान र एलेमेजस्ता चिनियाँ प्लाटफर्महरूको सञ्चालन उत्कृष्टतालाई संयुक्त प्रविधि उद्यमहरूमार्फत दक्षिण एसियाली बजारअनुकूल बनाउँदै सोहीअनुरूप विस्तार गर्न चाहन्छौँ,' परराष्ट्रमन्त्री खनालले भने ।

उद्यमीहरूलाई उनले नेपाल भ्रमण गर्न, नेपालमा लगानी गर्न र हिमालयपार समृद्धिको अर्को गौरवशाली अध्याय निर्माण गर्न आह्वान गरे । 'जसरी युवा अरनिकोले सात शताब्दीअघि बेइजिङमा आफ्नो रूपान्तरणकारी दृष्टिकोण ल्याएका थिए, त्यसरी नै नेपालको युवा, गतिशील र डिजिटली सशक्त पुस्ता आज तपाईंसँग साझेदारी गर्न तयार उभिएको छ,' परराष्ट्रमन्त्री खनालले भने, 'म यहाँ नेपालको नयाँ सरकार, नयाँ राजनीतिक युग र सबैभन्दा महत्त्वपूर्ण कुरा, एउटा पूर्णतया नयाँ पुस्ताको प्रतिनिधित्व गर्दै उभिएको छु । मेरा सहकर्मीहरू र म शिक्षा, प्रविधि, उद्यम र तल्लो तहको विकासजस्ता व्यावसायिक पृष्ठभूमिबाट आएका हौँ । हामी विशुद्ध रूपमा व्यावहारिक दृष्टिकोण (प्याग्मेटिजम), पारदर्शी सुशासनको माग र मापनयोग्य एवं ठोस आर्थिक परिणामहरूमा केन्द्रित संस्थागत प्रयासबाट निर्देशित छौँ ।'

एक चीन सिद्धान्तप्रतिको प्रतिबद्धता कूटनीतिक दाउपेच नभएको उनको स्पष्ट धारणा थियो । 'एक चीन सिद्धान्त कुनै अस्थायी राजनीतिक अडान वा कूटनीतिक दाउपेचको साधन होइन, यो एक निष्ठापूर्ण, गहिरो रूपमा जडिएको कूटनीतिक सिद्धान्त हो, जसमा नेपालले अन्तर्राष्ट्रिय व्यवस्थाको बदलिँदो गतिशीलता जे-जस्तो भए पनि यसमा कहिल्यै सम्झौता गर्दैन,' खनालले भने, 'हाम्रो पुरानो छिमेकी विश्वास, पारस्परिक सम्मान र अहस्तक्षेपको संरक्षण हो, जसले हाम्रा सीमाहरूलाई हजारौँ वर्षदेखि शान्त राखेको छ ।'

सरकारी कार्यदल...

पृष्ठ १ बाट क्रमशः

कार्यदलको आइतबार बसेको बैठकले सुझाव संकलनलगायतका कार्य अघि बढाउने चारबुँदे निर्णय गर्दै जिम्मेवारी बाँडफाँट गरेको छ । १० जेठमा सम्पन्न केन्द्रीय सचिवालय बैठकको निर्णयअनुसार उपाध्यक्ष पौडेलको नेतृत्वमा उक्त कार्यदल गठन गरिएको थियो ।

कार्यदलमा रघुजी पन्त, छविलाल विश्वकर्मा, पद्मा अर्याल, जुलीकुमारी महतो, अग्निप्रसाद खरेल, रमेश बडाल, महेश बर्तौला, कृष्णभक्त पोखरेल, टीकाराम भट्टराई, पासाङ शेर्पा, अमर थापा र राजेन्द्र घिमिरे सदस्य रहेका छन् । आइतबारको बैठकले महेश बर्तौलालाई सदस्यसचिवको जिम्मेवारी दिएको छ । प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा गठन गरिएको सरकारी संविधान संशोधन सुझाव कार्यदलले विभिन्न पक्षसँग सुझाव संकलनको काम गरिरहेको छ ।

रास्वपा...

पृष्ठ १ बाट क्रमशः

प्रतिनिधित्व तथा छनोट प्रक्रिया' कार्यविधि नै बनाएको छ । पार्टीको अनुशासन कारबाहीमा परेका वा अनुसन्धानको प्रक्रियामा भएको व्यक्ति तथा पार्टीले तोकेअनुसार सम्बन्धित तहमा लेवी भुक्तान नगरेका व्यक्ति महाधिवेशन प्रतिनिधि बन्न अयोग्य हुने कार्यविधिमा उल्लेख छ ।

रास्वपा केन्द्रीय निर्वाचन आयोग प्रमुख भुवन केसीका अनुसार महाधिवेशनमा तीन हजारहाराहारी प्रतिनिधि सहभागी हुनेछन् । पर्यवेक्षक र स्वयंसेवकसमेत चार हजारभन्दा बढीले सहभागिता जनाउने अनुमान छ । कार्यविधिले महाधिवेशन प्रतिनिधि दर्ता शुल्क पाँच हजार र पर्यवेक्षकको दर्ता शुल्क पाँच हजार तोकेको तथा आर्थिक रूपमा विपन्न सदस्यका लागि सहायता कोष निर्माण गरी सञ्चालन गर्ने केसीले बताए ।

'महाधिवेशन प्रतिनिधि छनोट अन्तिम चरणमा छ । प्रतिनिधिको अन्तिम सूची ४ असारसम्म तयार हुन्छ,' उनले भने, 'वडादेखि प्रदेशसम्म अधिवेशन भइसकेको छ । तर, कतै-कतै अधिवेशन नभएको अवस्था पनि छ । १३ जिल्लामा अधिवेशन भएन । ती ठाउँमा तदर्थ कमिटीबाट प्रतिनिधित्व कम हुन्छ । प्रवास समितिबाट पनि १७० प्रतिनिधि सहभागी हुँदै छन् । समग्रमा चार हजारहाराहारी प्रतिनिधि सहभागी हुनेछन् ।' प्रवासबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिलाई मोबाइल एप र प्रत्यक्ष उपस्थित हुनेलाई इभिएम मेसिन प्रयोग गरेर मतदान गराइने केसीले बताए ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

१७ फाल्गुण २०८२ देखि १६ जेष्ठ २०८३ सम्म

१. **निकायको स्वरुप र प्रकृति :**
प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित 'क' वर्गको वाणिज्य बैंक ।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कर्मचारी संख्या २४६९ (स्थायी र करार) रहेको र कार्य विवरण बैंकले तोके अनुसार रहेको ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईट https://www.nabilbank.com/branches मा उपलब्ध छ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेवसाईट https://siteadmin.nabilbank.com/assets/backend/uploads/Documents/Standard%20Charge%20Sheets/Standard-Charge-Sheet.pdf मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी :**
श्री गणेश प्रसाद अवस्थी
नायव महाप्रबन्धक
नबिल बैंक लिमिटेड, विनामार्ग, तीनधारा, काठमाण्डौ
फोन नं. ०१-५९७१८७१ ईमेलः coo@nabilbank.com

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भईरहेको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**
सूचना अधिकारीको नाम र पद : नामः श्री सुरेश प्रसाद त्रिपाठी
पद : प्रमुख सञ्चालन अधिकृत
साथै, यस बैंकका शाखा तथा प्रादेशिक कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुख र प्रादेशिक प्रमुखलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने गरी तोकिएको छ ।
प्रवक्ताको नाम र पद : नाम : श्री आर्दश बजगाई
पद : नायव प्रमुख कार्यकारी अधिकृत
प्रमुखको नाम र पद : नामः श्री मनोज कुमार ज्ञवाली
पदः प्रमुख कार्यकारी अधिकृत

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन, नियम विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण(मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, (संशोधन, २०८०)
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमेय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
१२. आयकर ऐन, २०५८
१३. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१४. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु तथा परिपत्रहरु आदि ।
१५. बैंकिङ्ग कारोवारको सम्बन्धमा पालन गर्नुपर्ने अन्य प्रचलित नेपाल कानून ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा नियमित रुपमा प्रकाशित हुँदै आएको छ र बैंकको वेबसाईट www.nabilbank.com मा समेत रहेको छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेबसाईट www.nabilbank.com मा समेत राख्ने गरिएको छ ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण :**
यस बैंकको वेबसाईट www.nabilbank.com रहेको छ ।

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
बैंकको सामान्य क्रियाकलापको क्रममा लिएको ऋण बाहेक अन्य केही नरहेको ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।**
यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको र बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत NABIL SSE कार्यक्रम स्थापना एवं सञ्चालन गरी सामाजिक उद्यमशीलता विकास गर्दै आईरहेको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गिकरण गरिएको अवस्था नभएको ।
सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

१९. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**
यस अवधिमा सूचनाको लागि तीनवटा निवेदन प्राप्त भएकोमा सो सम्बन्धमा आवश्यक कारवाही भई प्रचलित कानूनको अधिनमा रही सूचना उपलब्ध गराउनु पर्नेमा सूचना उपलब्ध गराईएको ।

२०. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाईट www.nabilbank.com मा समेत प्रकाशन गरिएको छ । साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेबसाईटमा समेत प्रकाशन गर्दै आएको छ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

स्कुटर हरायो

मिति २०८३/०१/१८ गते अन्दाजी २३:३० बजेको समयमा का.जि. का.म.न.पा.-३, बसुन्धरामा पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको कालो रंगको Yamaha Rayzr 125 CC को स्कुटर हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।
नाम : एम ए डब्लु इन्भेष्मेन्ट प्रा.लि. (धनी : निभान श्रेष्ठ)
मो.सा.नं.: बा.प्र. ०२-०६४ प ०३६६
चेसिस नं.: ME1SEM24AS0005532
इन्जिन नं.: E33SE1087238
सम्पर्क नं.: 9815749354

अधिकतम खुद्रा मूल्य प्रकाशन सूचना

इभोक नेपाल प्रा.लि. ले चाइनाबाट पैठारी गरेको निम्न बस्तद्रहरु अधिकतम खद्रद्रा मूल्य बमोजिम भएको व्यहोरा जानकारीको लागि प्रकाशन गरिएको छ ।

सि.नं.	मालवस्तुहरुको नाम	आकार/ प्रकार	ब्रान्ड	मोडेल	क्षमता	इकाई	अधिकतम खुद्रा बिक्रि मूल्य
1	Electric Scooter	EV	Keren	SRT 7 Lite	74V40Ah / 4000W	NOS	3,70,000
2	Electric Scooter	EV	Keren	Blaze Pro	72v50Ah / 4000W	NOS	2,66,000

इभोक नेपाल प्रा. लि. | एक्जीम कोड नं : ६२१२६८७७७०१३०NP
ठेगाना : उत्तरढोका, काठमाडौं । सम्पर्क : ०१४५१३४५६

सालको विऊ संकलन सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/३/३

व्यावसायीक प्रयोजनका लागि ठुलो परिमाणमा राम्ररी सुकेको, सफा र उच्च गुणस्तरको सालको विऊ चाहियो । ईच्छुक समुदाय, व्यावसायी वा व्यक्तिले निम्न शर्त अनुसार गर्ने गरी सिघ्र सम्पर्क राख्नुहोला ।

१. सालको विऊ रुखैमा पाकेर भुईमा झरेको, राम्ररी सुकाएर सफा गरेर मात्र थैलोमा राखेको, तथा ढुंगा, माटो, पात पतिंगर नमिसिएको हुनू पर्नेछ ।
२. विऊ संकलनगर्दा वनमा आगलागी हुन, वन विनाश हुन र पुनरुत्पादनमा ह्रास आऊन दिन पाईने छैन ।
३. सालको विऊ संकलन गर्दा/गराउँदा सम्बन्धीत वन उपभोक्ता समूह, डिभीजन वन कार्यालय वा आरक्ष वा राष्ट्रीय निकुन्जसँगको समन्वयमा गर्नु पर्नेछ । मूल्य र विस्तृत जानकारीका लागि सम्पर्क :

निकासीकर्ता :	मुख्य खरीदकर्ता :
श्री राम बहादुर चंद, एभरेस्ट हर्बल एंड एग्रोइंडस्ट्रीज, महेंद्र नगर : ९८५८७५०३७० **श्री अमृत घले**, चितवनः ९८४५३२०५५५	**श्री अजय शर्मा,** Vice President (परचेज), मनोरमा इंडस्ट्रीज लिमीटेड, रायपुर, छत्तीसगढ़, भारत : ००९१९३२९९३२०८८, ईमेलः ajay@manoramagroup.co.in **श्री शुभाशीस दास,** Assistant Manager, मनोरमा इंडस्ट्रीज लिमीटेड, रायपुर, छत्तीसगढ़, भारतः ००९१९३०३२१७७९२ ईमेलः rmpurchase@manoramagroup.co.in

होटल ईष्टर्न नेपाल लिमिटेड
Hotel Eastern Nepal Limited
का.म.न.पा. वडा नं. ३, महाराजगंज, काठमाण्डौं
वेवसाईटः Hoteleasternnepal.com.np, इमेलः nepal.hoteleastern@gmail.com

विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/०३ गते)

श्री आदरणीय शेयरधनी महानुभावहरू,
यस होटल ईष्टर्न नेपाल लिमिटेडको सञ्चालक समितिको मिति २०८३/०३/०२ गते बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरि निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

सभा हुने मिति, समय र स्थान :
मिति : २०८३ असार १८ गते, बिहीबार ।
समय : बिहान १०:०० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, महाराजगंज, काठमाण्डौं ।

विशेष साधारण सभाका प्रस्तावहरू:
क) विशेष प्रस्तावहरुः
१. सर्वसाधारणलाई IPO जारी गर्ने सम्बन्धमा ।
२. कम्पनीको अधिकृत पूँजी तथा जारी पूँजी वृद्धि गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्र संशोधन गर्ने सम्बन्धमा ।
४. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी:
१. विशेष साधारण सभाको सूचना सम्बन्धी कागजातहरू शेयरधनी लगतमा कायम रहेको ठेगानामा पठाइएको छ । कुनै कारणवश कुनै शेयरधनी महानुभावहरूले सूचना समयमै प्राप्त गर्न नसकेको भएमा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।
२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूलाई आफ्नो परिचय खुल्ने प्रमाण सहित उपस्थित हुन अनुरोध गरिन्छ । अन्यथा सभा कक्षमा प्रवेश गर्न पाइने छैन । सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनु भन्दा अगावै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका सभा शुरु हुनु भन्दा ३० मिनेट अगाडी देखि सभा सञ्चालन रहेसम्म खुला रहनेछ ।
३. सभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।
४. सभामा आफ्नो लिखित राय, सुझाव वा धारणा पेश गर्न चाहने शेयरधनी महानुभावहरूले त्यस्ता राय, सुझाव वा धारणा कम्पनीको आधिकारिक इमेल ठेगानामा पठाउन सक्नु हुनेछ ।

नोटः विशेष साधारण सभा सम्बन्धी अन्य आवश्यक जानकारीका लागि कम्पनीको केन्द्रीय रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. ३ महाराजगंज, काठमाण्डौंमा वा फोन नं. ०१-४५४०४६५ मा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

एकैपटक ५ हजार ३०२ फार्मेसीको दर्ता खारेज

मनाङ, मुस्ताङ र रसुवाबाहेक ७४ जिल्लाका नियमअनुसार नवीकरण गर्न नआएका फार्मेसी खारेज, सबैभन्दा धेरै काठमाडौंमा १,१३८ र सबैभन्दा कम हुम्ला र रुकुम पश्चिममा तीन-तीन

● औषधि व्यवस्था विभागकी निमित्त महानिर्देशक **शिवानी खड्गी** भन्छिन्- नियम, प्रक्रियाअनुसार सञ्चालन नभएका औषधि पसलहरूको दर्ता रद्द भएको छ। तोकिएको समयमा नवीकरण हुन नआउनु फार्मेसीहरूको नै दोष हो। औषधि ऐनको दफा ११ को उपदफा (५) मा तोकिएको समयभित्र नवीकरण नगरिएका फार्मेसीलाई कारबाही गर्नुपर्ने व्यवस्था छ। सोही दफामा टेकेर विभागले कारबाही गरेको हो।





एआइ तस्बिर

शिवहरि घिमिरे/नयाँ पत्रिका

औषधि व्यवस्था विभागले एकैपटक पाँच हजारभन्दा बढी औषधि पसलहरूको दर्ता रद्द गरेको छ। नियमअनुसार नवीकरण हुन नआएका पाँच हजार ३०२ औषधि पसलको मंगलबार एकैदिन दर्ता खारेज गरेको हो।

विभागका निमित्त महानिर्देशक शिवानी खड्गीले औषधि ऐन, २०३५ को दफा ११ मा भएको संशोधित व्यवस्थाअनुसार तोकिएको अवधिभित्र नवीकरण नगरिएका औषधि पसलको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको जानकारी गराएकी छिन्। नवीकरण नगरिएका औषधि उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र तथा प्रमाणपत्रहरू स्वतः रद्द हुने व्यवस्था ऐनमा छ। २८ जेठ ०८३ सम्म नवीकरण म्याद समाप्त भएका र तोकिएको अवधिभित्र नवीकरण नगरेका औषधि पसलहरूको दर्ता प्रमाणपत्र (अनुसूची-९) स्वतः रद्द भएको खड्कीले बताइन्।

'नियम, प्रक्रियाअनुसार सञ्चालन नभएका औषधि पसलहरूको दर्ता रद्द भएको छ,' उनले भनिन्, 'तोकिएको समयमा नवीकरण हुन नआउनु फार्मेसीहरूको नै दोष हो।' औषधि ऐनको दफा ११ को उपदफा (५) मा तोकिएको समयभित्र नवीकरण नगरिएका फार्मेसीलाई कारबाही गर्नुपर्ने व्यवस्था छ। सोही दफामा टेकेर विभागले कारबाही गरेको हो।

औषधि ऐन, २०३५ को नियमावली २०३८ ले फार्मेसीको म्याद समाप्त भएको ३५ दिनभित्र नवीकरण गर्नुपर्ने व्यवस्था गरेको थियो। सो नियमवलीमा म्याद सकिएको ३ महिनासम्म २५ प्रतिशत जरिवाना तिरेरै पनि नवीकरण गर्न सकिने व्यवस्था गरिएको थियो। तर, आठ महिनाअघि विभागले बनाएको नयाँ नियमावलीअनुसार तोकिएको मितिसम्म दर्ता हुन नआएका औषधि पसलहरू स्वतः खारेज हुने व्यवस्था छ। विभागका प्रवक्ता एवं वरिष्ठ औषधि व्यवस्थापक किरणसुन्दर बज्राचार्यले नियमावलीअनुसार विभागले पाँच हजार ३०२ फार्मेसीको दर्ता खारेज गरेको हो। अब ती फार्मेसीहरू चल्न पाउनेछैनन्। सञ्चालन गर्नुपरे नयाँ दर्ता प्रक्रियाबाट सञ्चालनको अनुमति लिनुपर्नेछ।

आठ महिनाअघि बनेको नियमावलीको संशोधित व्यवस्थाअनुसार विभागले तोकेको समयभित्र दर्ता हुन नआएकालाई स्वतः खारेज गर्न सक्ने व्यवस्था छ। 'ती फार्मेसीमध्ये केही बन्द भइसकेका पनि हुन सक्छन्, कतिपयले नवीकरणका लागि चाहिने मापदण्ड पूरा नगरेका हुन सक्छन्, तर यति ठुलो संख्यामा फार्मेसी दर्ता हुन नआउनु ठुलो विषय हो,' बज्राचार्यले भने, 'दर्ता तथा नवीकरणविना कुनै पनि फार्मेसी सञ्चालन गर्न पाइँदैन।'

विभागका अनुसार नेपालभर २६ हजार ३०० फार्मेसी छन्। त्यसमध्ये पाँच हजार ३०२ रद्द भएपछि २० हजार ९९८ मात्रै औषधि पसलहरू रहेको विभागका औषधि व्यवस्थापक बज्राचार्यले बताए। उनले म्याद गुज्रिएका र डाक्टरको अनुमतिविना औषधि बेच्ने फार्मेसीमाथि पनि अनुगमन र कारबाही हुने बताए।

म्याद गुज्रिएका औषधि बेच्छन् कतिपय फार्मेसी

विभागका अनुसार हाल देशभर रहेका फार्मेसीमध्ये कतिपयले म्याद गुज्रिएका औषधिसमेत बेच्ने गरेका छन्। विभागले छड्के तथा अनुगमनका क्रममा म्याद गुज्रिएका औषधि बरामदसमेत गरेको छ। विभागका वरिष्ठ औषधि व्यवस्थापक बज्राचार्यका अनुसार कतिपय फार्मेसीलाई म्याद गुज्रिएका औषधि बेचेको र चर्को मूल्यमा बिक्री-वितरण गरेको भेटिएपछि जरिवानासमेत गरिएको छ। विभागले चालू आवमा ५० भन्दा बढी फार्मेसीलाई कारबाहीसमेत गरेको छ।

'कतिपय फार्मेसीहरूले तोकिएभन्दा बढी मूल्यमा औषधि बेच्छन्, कतिपयले म्याद गुज्रिएको औषधि पनि बेच्छन्, त्यस्ता फार्मेसीलाई हामीले अनुगमन गरेर कारबाही गर्छौं,' बज्राचार्यले भने, 'बरामद गरिएका औषधि मापदण्ड र प्रक्रिया पुऱ्याएर डिस्पोज गर्दै आइरहेका छौं, म्याद गुज्रिएका औषधि बिक्री-वितरण गर्नु जनस्वास्थ्यमाथि अपराध गर्नु हो, त्यस्ता फार्मेसीको दर्तासमेत खारेज हुन सक्ने कानुनी व्यवस्था छ।' उनका अनुसार चालू आवमा विभागले म्याद गुज्रिएको तथा चर्को शुल्क असुलेका फार्मेसीलाई रद्द नगरी जरिवाना शुल्क तिराएको छ।

डाक्टरको प्रेस्क्रिप्सनविनै औषधि बेच्छन् फार्मेसीहरू

विभागका अनुसार कतिपय फार्मेसीले डाक्टरको पेस्क्रिप्सनविनै औषधि बेच्ने गरेका छन्। काठमाडौंबाहिर सञ्चालित फार्मेसीहरूले नियमविपरीत औषधि बिक्री-वितरण गर्दै आइरहेका हुन्।

'कतिपय फार्मेसीले बिरामीको उपचार नै गरेर क्लिनिक चलाउँछन्, तर ती दर्ता नै भएका हुँदैनन्, पछिल्लो समय उपत्यकाबाहिरका फार्मेसीमा डाक्टरले नलेखेको औषधि बिरामीले मागेको भरमा वितरण भएको भेटिएको छ,' विभागका एक औषधि अधिकृतले भने, 'विभागले गत वर्ष केही फार्मेसीलाई कारबाही पनि गरेको थियो, तर अझै विभागको अनुगमन पुगेको छैन, विभागले चासो नदिँदा एन्टिबायोटिक औषधि पनि फार्मेसीहरूले मनपरी रूपमा बेचिरहेका छन्, कतिपय फार्मेसीले गलत औषधि दिँदा बिरामीको ज्यान पनि जाने गरेको छ।'

■ कुन जिल्लाका कति फार्मेसी खारेजीमा ?

काठमाडौं	११३८	दैलेख	१९
मोरङ	३५१	प्युठान	१९
ललितपुर	२८०	धनकुटा	१८
रुपन्देही	२६०	रुकुम पूर्व	१८
झापा	२१७	सल्यान	१८
सुनसरी	१८४	पर्वत	१६
धनुषा	१७४	बैतडी	१५
कैलाली	१७२	डडेल्धुरा	१४
कास्की	१७१	डोटी	१३
चितवन	१६७	रामेछाप	१३
सिराहा	१४७	दोलखा	१२
पर्सा	१४४	जाजरकोट	१२
बाँके	१३१	जुम्ला	१२
भक्तपुर	१३१	संखुवासभा	१२
नवलपरासी पश्चिम	१०७	सिन्धुपाल्चोक	१२
दाङ	१०४	तेह्थुम	१२
सप्तरी	१००	अर्घाखाँची	१२
रौतहट	८५	पाँचथर	११
सर्लाही	८५	सिन्धुली	१०
महोत्तरी	६६	बाजुरा	१०
कपिलवस्तु	६१	म्याग्दी	९
कञ्चनपुर	५९	बझाङ	९
बारा	५३	खोटाङ	८
बर्दिया	५३	नवलपुर	८
तनहुँ	५२	रोल्पा	८
काभ्रे	४९	कालीकोट	७
मकवानपुर	४९	सोलुखुम्बु	७
धादिङ	४८	मुगु	६
सुर्खेत	४८	ताप्लेजुङ	५
स्याङ्जा	४०	अछाम	५
इलाम	३४	भोजपुर	४
उदयपुर	३३	दार्चुला	४
गुल्मी	२७	डोल्पा	४
गोरखा	२४	ओखलढुंगा	४
नुवाकोट	२३	हुम्ला	३
लमजुङ	२१	रुकुम पश्चिम	३
पाल्पा	२१		
बाग्लुङ	२१		

ढुंगा-गिट्टी र एक्स्काभेटरको ठेक्कामा ६१ लाख भ्रष्टाचार

बडीकेदार गाउँपालिकाका तत्कालीन अध्यक्ष र उपाध्यक्षसहित आठजनाविरुद्ध मुद्दा

नयाँ पत्रिका

ढुंगा-गिट्टी र एक्स्काभेटरको ठेक्कामा ६१ लाख रुपैयाँ हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डोटीको बडीकेदार गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षसहित कर्मचारीविरुद्ध मुद्दा दायर गरेको छ। अख्तियारले गाउँपालिकाका तत्कालीन अध्यक्ष कृष्णबहादुर चन्द, तत्कालीन उपाध्यक्ष इन्द्राकुमारी बोहरा, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत दीपकराज जैसी, लेखापाल युवराज भट्ट, तत्कालीन शिक्षा अधिकृत विवेक देउवा र सबइन्जिनियर दानबहादुर पछेरा तथा भागरथी निर्माण सेवाका सञ्चालक पशुपति जोशी र अख्तियारप्राप्त व्यक्ति केशवबहादुर बमलाई प्रतिवादी कायम गरेको छ।



त्यस्तै, पालिकाकै एक्स्काभेटर भाडामा दिनेसम्बन्धी ठेक्कामा ४६ लाख ९५ हजार ६ सय रुपैयाँ हिनामिना गरेको आरोपमा अख्तियारले आठजनाविरुद्ध मुद्दा दायर गरेको छ। त्यसमा पालिका अध्यक्ष, उपाध्यक्ष, निमित्ति प्रमुख प्रशासकीय, लेखापाल, सबइन्जिनियर र भागरथी निर्माण सेवा तथा त्यसका सञ्चालक र अख्तियार प्राप्त व्यक्तिविरुद्ध मुद्दा दायर गरेको छ।

गाउँपालिकाका अध्यक्ष चन्दसमेतको आपसी मिलेमतो तथा योजनामा कर्मचारी र ठेकेदार संलग्न भएर भ्रष्टाचार गरेको अख्तियारको दाबी छ। हिनामिनामा अख्तियारले दुई छुट्टाछुट्टै मुद्दा लगेको छ। ढुंगा-गिट्टीमा १४ लाख १० हजार २४० र एक्स्काभेटरमा ४६ लाख ९५ हजार ६ सय हिनामिना भएको अख्तियारको दाबी छ।

आव ०७७/७८ मा गाउँपालिकाबाट बगेर जाने ठुलीगाड र कापडीगाडको बगर क्षेत्रबाट ढुंगा, गिट्टी तथा बालुवा उत्खननबाट ४५ हजार घनमिटर परिमाण उत्खनन गर्न सकिने थियो। त्यसबाट ७५ रुपैयाँ प्रतिघनमिटरको दरले गाउँपालिकालाई वर्षमा ३३ लाख ११ हजार रुपैयाँ राजस्व संकलन गर्न सकिने आइइई प्रतिवेदन थियो। तर, नेपाल सरकारबाट जारी ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन मापदण्डविपरीत परिमाण नै यकिन नगरी ६ असोज ०७७ को कार्यपालिका बैठकबाट विनाआधार र कारण संकलन गर्न सकिने राजस्व रकम घटाई न्यूनतम ठेक्का अंक सात लाख रुपैयाँ मात्र कायम गरिएको थियो।

यही आधारमा ठेक्का लगाइयो। तर, उक्त अंकमा पनि ठेक्का नलागेको भन्दै दुई लाख मात्र कायम गरिएको थियो। गाउँ कार्यपालिकाबाट निर्णय गरी पूर्वयोजनाबमोजिम अति न्यून मूल्यमा ठेक्का दिने प्रपञ्च मिलाई ठेक्का लगाइएको थियो। सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ लगायत प्रचलित कानुन प्रतिकूल हुने गरी ठेक्का लगाइयो। ठेक्कामा प्रतिस्पर्धा देखाउन तीनवटा फर्म उल्लेख गरी बढी रकम कबोल गर्ने भागरथी निर्माण सेवासँग सम्झौता गरियो। बदनियतपूर्वक गलत प्रतिवेदन तथा सिफारिस गरेर सूचनाको सर्तबमोजिमको कार्यसम्पादन बन्डसमेत दाखिला नगरी दुई लाख आठ हजारका दरले ठेक्का सम्झौता गरिएको थियो। यो सम्झौताबाट १४ लाख रुपैयाँ हानि पुगेको भन्दै अख्तियारले निर्णय प्रक्रियामा संलग्नउपर मुद्दा दायर गरेको हो।

■ अछाममा वडासदस्य मृत्यु प्रकरण

वडाध्यक्षसहित दुईजना पक्राउ

अछाममा **ध्रुव बीसी**

जबर्जस्ती करणी र आत्महत्या दुरुत्साहनको आरोपमा अछाम ढकारी गाउँपालिका- ४, बलाताका वडाध्यक्षसहित दुईजना पक्राउ परेका छन्। बलाताकी वडासदस्य मनीषा साउद मृत भेटिएको घटनामा वडाध्यक्ष पहलवान थापालाई मंगलबार र स्थानीय धर्मराज साउदलाई आइतबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय अछामका प्रमुख प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए। उनका अनुसार वडाध्यक्ष थापा आत्महत्या दुरुत्साहन र साउद जबर्जस्ती करणीको कसुरमा अनुसन्धानका लागि पक्राउ परेका हुन्।

मृतक साउदका छोराले धर्मराजले जबर्जस्ती करणी र आत्महत्या गर्न बाध्य बनाएको आरोपमा मंगलबार नै किटानी जाहेरी दर्ता गराएका थिए। गत २८ जेठमा धर्मराज र मृतक मनीषालाई स्थानीयले मनीषाकै घरबाट नियन्त्रणमा लिएका थिए। त्यो राति वडाध्यक्ष थापा, निवर्तमान वडाध्यक्ष भक्तबहादुर बुढासहितकाले छलफल गरेर प्रहरीमा उजुरी नदिने र भारतमा रहेका मनीषाका श्रीमान् नआउन्जेल दुवैको जिम्मा वडा कार्यालयले लिने



सहमति भएको थियो। त्यसको भोलिपल्टै मनीषा बेपत्ता भइन्। उनी हराएकोबारे वडाध्यक्ष थापा र मृतकका ससुराले ढकारी प्रहरी चौकीमा खोजतलास गरिदिन निवेदन दिएका थिए। तर, गत आइतबार मनीषा रुखमा झुन्डिएको अवस्थामा भेटिइन्। त्यसपछि धर्मराजलाई त्यही दिन र वडाध्यक्षलाई पीडित पक्षले जाहेरी दर्ता गराएपछि मंगलबार पक्राउ गरिएको हो। मृतक मनीषाको शव पोस्टमार्टमपछि उनका श्रीमान्को जिम्मा लगाइएको छ। पक्राउ परेका साउदको पनि मेडिकल जाँचलगायत अन्य स्वास्थ्य परीक्षण भइरहेको प्रहरीले जनाएको छ।

रास्वपा सुदूरपश्चिम सभापतिमा विष्ट निर्वाचित



धनगढी/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सुदूरपश्चिम प्रदेश सभापतिमा इन्जिनियर प्रकाश विष्ट निर्वाचित भएका छन्। प्रथम महाधिवेशनको निर्वाचनको मंगलबार सार्वजनिक मतपरिणामअनुसार विष्ट ३५८ मत पाएर सभापतिमा निर्वाचित भएका हुन्। उनका प्रतिस्पर्धी रहेका सांसद जनकसिंह धामीले १५४ मत पाएका छन्।

विष्ट यसअघि पनि रास्वपा प्रदेश सभापति थिए। चुनावअघि सभापतिका लागि धेरै आकांक्षी देखिए पनि अन्तिममा विष्ट र धामीबिच प्रतिस्पर्धा भएको थियो। रास्वपा सुदूरपश्चिम प्रदेशको पहिलो अधिवेशन सोमबार धनगढीमा सुरु भएको थियो।

अधिवेशनले सभापतिसहित उपसभापति, महामन्त्री, दुई सहमहामन्त्री, एक कोषाध्यक्ष, एक प्रवक्ता र बाँकी सदस्य गरी ४३ सदस्यीय नयाँ कार्यसमिति चयन गर्नेछ। सभापतिसहित भूगोलबाट १६ जना र खुला तथा समावेशीतर्फ १५ जना सदस्य चयनका लागि मतदान भएको थियो। पदाधिकारी चयनका लागि अर्को चरणमा मंगलबार राति मतदान भएको छ।

■ सरकारका नाममा सर्वोच्चको चारबुँदे परमादेश-

सडकपेटीको अतिक्रमण नहटाउनेलाई कारबाही गर्नू

शिल्पा कर्ण/नयाँ पत्रिका

सडकपेटीको अतिक्रमण नहटाउनेलाई कारबाही गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेको छ। सुधिज्ञ पन्त निवेदक रहेको रिटमाथि १७ मंसिर ०८१ मा भएको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो।

'निर्माण सामग्री, प्लाटफर्म, भऱ्याङ वा अन्य कुनै प्रकारका सामग्री राखी वा संरचना निर्माण गरी निजी व्यक्ति, कम्पनी एवं गैरसरकारी संस्थाहरूबाट सडकपेटी अतिक्रमण गरिएको स्थानहरूमा सो अतिक्रमण हटाउन प्रत्यर्थी काठमाडौं महानगरपालिका र प्रत्यर्थी मन्त्रालयहरूले आपसी समन्वय गरी सडकपेटीमा रहेको अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरी उपयुक्त समय तोकी निर्देशन दिनू, सूचनाबमोजिम सडकपेटीमा भएको अतिक्रमण नहटाइएको खण्डमा आवश्यक र उचित कदम चाली त्यस्तो अतिक्रमण हटाउन समन्वय एवं कारबाही गर्नू-गराउनू,' आदेशमा छ।

न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नृपध्वज निरौलाले सरकारका नाममा चारबुँदे परमादेश जारी गरेको हो। पन्तको रिटमा गृह, यातायात र सहरी विकास मन्त्रालयका साथै काठमाडौं महानगरपालिकालाई विपक्षी बनाइएको थियो। पटक-पटक सडकपेटी अतिक्रमण र अव्यवस्थित सडकपेटीका कारण मान्छेले र जनावरसमेतले ज्यान गुमाउनुपर्ने अवस्था आएकाले फुटपाथ खाली हुनुपर्ने तथा सर्वसाधारणले सहज रूपमा प्रयोग गर्न पाउनुपर्ने माग रिटमा थियो।

व्यक्ति र संस्थाका साथै सरकारी निकायहरूले समेत फुटपाथ अतिक्रमण गरेकाले ती संरचना पनि हटाउनुपर्ने सर्वोच्चले जनाएको छ। फैसलामा थप छ, 'सडकपेटीमा प्रहरी पोस्ट खडा गरिएको हकमा प्रत्यर्थी गृह मन्त्रालयले र आफ्नो मातहत पर्ने निकायहरूबाट सडकपेटी अतिक्रमण हुने अन्य कुनै कार्य गरिएको भएमा प्रत्यर्थीहरू नेपाल सरकार, गृह मन्त्रालय, सहरी विकास मन्त्रालय र काठमाडौं महानगरपालिकाले आवश्यक निर्देशन जारी गरी त्यस्ता अतिक्रमण हटाउनू।'

महानगरपालिका र सडक विभागमातहत पर्ने सडकका पेटीमा ढल बिग्रेको भए, खुला रहेको भए, मान्छे हिँडडुल गर्न कठिन हुने अवस्था वा दुर्घटना हुने सम्भावना भए त्यस्ता सम्भावना न्यूनीकरण गर्ने र निवारण गर्नेतर्फ आवश्यक कार्य गर्न सर्वोच्चले भनेको छ। फुटपाथ अतिक्रमण हटाउन र व्यवस्थापन गर्नका लागि कार्यक्षेत्रको दुविधा उत्पन्न भए समन्वय तथा आपसी सहयोग गर्न पनि सर्वोच्चले फैसलामार्फत भनेको छ।

सडकपेटी व्यवस्थापनको विषय आफ्नो कार्यक्षेत्रभित्र नपर्ने भनी प्रत्यर्थीहरूबाट लिखित जवाफ आएको भन्दै सर्वोच्चले यस्ता बहाना बनाउनुभन्दा आफ्नो जिम्मेवारी वहन गर्नु उचित हुने उल्लेख गरेको छ। पैदलयात्रुको सडक सुरक्षाका सम्बन्धमा संवैधानिक र कानुनी प्रतिबद्धता रहे पनि राजधानीजस्तो ठाउँमा समेत न्यूनतम भौतिक व्यवस्था नरहेको ठहर संयुक्त इजलासको छ।

सम्बद्ध निकायहरूले एकीकृत रूपमा पैदलयात्रु सुरक्षाका लागि हरसम्भव प्रयास गर्नुपर्ने फैसलामा छ। सडकपेटी नहुँदा पैदलयात्रुले सडकमा हिँड्न बाध्य हुनुपर्ने र सवारीसाधनबाट सदैव त्रसित रहनुका साथै दुर्घटनाको सिकार भई जिउज्यानको क्षति व्योहोर्नुपर्ने अवस्था हुने हुँदा यसबाट पैदलयात्रुको आवतजावतको स्वतन्त्रता एवं सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति हुन नसक्ने मत इजलासको छ।

'मौलिक हकहरूमध्ये पनि सर्वोपरि मानिएका बाँच्न पाउनुपर्ने एवं स्वतन्त्रताको अधिकारको संवेदनशीलता झनै बढी हुने गर्दछ। विषम अवस्थामा समेत अहरणीय मानिने यी मौलिक हकहरूको प्रचलनमा राज्यका निकायहरू गम्भीर नहुनु दुःखद छ,' न्यायाधीशद्वयले भनेका छन्।

■ यस्तो छ सर्वोच्चको आदेश



पैदलयात्रीको मौलिक हक

सर्वोच्च अदालतले सडकपेटीमा निर्बाध र सहज रूपमा हिँड्न पाउनु नागरिकको संविधानप्रदत्त 'सम्मानपूर्वक बाँच्न पाउने हक' (धारा १६) र 'आवतजावतको स्वतन्त्रताको हक' (धारा १७) अन्तर्गत पर्ने ठहर गरेको छ। सुरक्षित सडकपेटीविना बाँच्ने हकको सुरक्षा सम्भव नभएको अदालतले स्मरण गराएका छ।

अतिक्रमण तत्काल हटाउनू

सर्वोच्चले सडकपेटी ओगटेर राखिएका सुरक्षाकर्मीका पोस्ट (प्रहरी/सशस्त्र प्रहरी), निर्माण सामग्री, घर वा पसल छिर्न बनाइएका अवैध भऱ्याङ र प्लाटफर्म (च्याम्प) तथा व्यापारिक सामान तत्काल हटाउन भनेको छ।

सार्वजनिक दुष्कृति र क्षतिपूर्तिको सिद्धान्त

सार्वजनिक निकाय वा संस्थाको कामदारको लापरबाहीले गर्दा (खुला खाल्डो वा ढल छोड्दा) कसैको जिउज्यानमा क्षति पुगेमा 'अप्रत्यक्ष दायित्व'को सिद्धान्तबमोजिम उक्त संस्था वा राज्यले देवानी कानुनअनुसार क्षतिपूर्ति व्यहोर्नुपर्ने सर्वोच्चले प्रस्ट पारेको छ।

शुभश्री बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमी-४, शंखधर चोक, भक्तपुर , फोन नं ०१-५०९३३५२

सहकारीमा धित्तो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना

पुनः सूचना प्रकाशन मिति : २०८३/०३/०३

यस संस्थाका तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नु भएको ऋण रकमको संस्थासंग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनका लागि संस्थाबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत तिर्न बुझाउन नआउनु भएकोले मिति २०८२/११/११ गते नयाँ पत्रिका दैनिकमा ३५ दिने (प्रथम पटक) सार्वजनिक सूचना प्रकाशित गरी सकेको, मिति : २०८२/१२/२३ गते का दिन **नयाँ पत्रिका दैनिक**मा **पुन :** १५ दिने (दोस्रो पटक) अत्यन्त जरूरी सूचना र सहकारीमा धित्तो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने बारे मिति २०८३/०२/१३ गते का दिन **नयाँ पत्रिका दैनिक**मा ७ दिने (प्रथम पटक) धित्तो लिलाम बिक्रीको सूचना प्रकाशन गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीले ऋण तिर्नेतर्फ पूर्ण बेवास्ता गरी कुनै पहल नगरेको हुनाले पुनः १(एक) पटक सहकारीमा धित्तो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने बारे ७ दिने (दोस्रो पटक) यो धित्तो लिलाम बिक्रीको सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त ऋणको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरो/तिरान बुझाई ऋण चुक्ता/भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी जमानीकर्तालाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र पनि सो ऋण चुक्ता नभएमा ऋणी तथा जमानी कर्ताहरूलाई कालोसुचीमा राखी फोटोसहित पत्रपत्रिकामा तथा अन्य निकायमा नाम प्रकाशन गर्ने जानकारी गराउदै ऋणको सुरक्षणको रूपमा संस्थालाई दृष्टिबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, सहकारी निर्देशिका, संस्थाको विनियमावली तथा कार्यविधि र अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले सो जग्गा तथा सो जग्गामा निर्मित भवन लिग लगापात समेत सम्पत्ति खरिद गरि लिन इच्छुक महानुभावहरूको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी,जमानीकर्ता, इच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध गरिन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाममा बिक्री नभएमा उक्त सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम संस्था आफैले सकार गरी लिन सक्ने छ। उक्त सम्पत्तिबाट संस्थाको सम्पूर्ण बक्यौता असुल नभएमा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको घर घरानाबाट समेत असुल उपरगरी आवश्यक कारवाही अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३/०३/०९ गते मंगलबार
बोलपत्र खोल्ने मिति : २०८३/०३/११ गते बिहिबार दिनको १ बजे
बोलपत्र खोल्ने स्थान : शुभश्री भवन, शंखधरचोक,मध्यपुर थिमि-४

धितोको विवरण

ऋणीको विवरण र नाम, ठेगाना	ऋणीको फोटो	धित्तो सुरक्षण विवरण
नाम थर : **टिका राम पोखरेल** पत्नी : अप्सरा घिमिरे बुवा: हिरा लाल पोखरेल बाजे: ईश्वरी प्रसाद पोखरेल ठेगाना: हाल सूर्यविनायक न.पा.-४, दधिकोट ना.प्र.नं : १८४४,धादिङ		**धनी शुभश्री बचत तथा ऋण सहकारी संस्था लि.को नाउँमा दृष्टीबन्धक पास गरि दिएको** (मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको) जग्गाधनीको नाम : टिका राम पोखरेल ठेगाना: **साविक** दधिकोट-९,भक्तपुर कित्ता नं: ६९६०, क्षेत्रफल:: ०-३-०-० र सो जग्गामा बनेको पक्की घर तथा लिग लगापात समेत
जमानीको विवरण र नाम, ठेगाना नाम थर : **अप्सरा घिमिरे** पती: टिका राम पोखरेल बुवा: भिम प्रसाद घिमिरे ससुराको नाम : हिरा लाल पोखरेल ठेगाना : हाल सूर्यविनायक न.पा.-४, दधिकोट, भक्तपुर ना.प्र.न.:२७०६५, धादिङ	**जमानीको फोटो** 	

धितो लेखीदिने तथा व्यक्तिगत जमानी दिनेलाई सुचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र सांवा, ब्याज तथा अन्य दै-दस्तुर भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिन्छ। तोकिएको दिन धित्तो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धित्तो धनीलाई उपस्थित हुन सूचित गरिन्छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गरि लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनि कहि कतै उजुर बाजुर गर्ने छैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

(नोट : बिस्तृत जानकारीको लागि यस शुभश्री बचत तथा ऋण सहकारी संस्थाको कार्यालय, मध्यपुर थिमि-४, शंखधर चोकमा सम्पर्क राख्न सकिने छ।)

‘स्थायी’ सरकारको हतास मनोदशा

रास्वपाले पाएको करिब दुईतिहाइ बहुमत सत्ताका लागि हो, व्यवस्था वा संविधानको मूल सिद्धान्त फेर्ने सर्त वा अर्थमा होइन



● मेखराज उदय

अग्रलेख



चर्चित लेखक पाउलो कोइल्होको प्रसिद्ध भनाइ छ, ‘बदलिऊ ! तर बिस्तारै-बिस्तारै सुरु गर, किनकि गतिभन्दा दिशा अधिक महत्त्वपूर्ण हुन्छ ।’ अर्थात्, तपाईं कति तेज गतिमा काम गर्दै हुनुहुन्छ, यसको तुलनामा तपाईं कुन दिशामा जाँदै हुनुहुन्छ भन्ने कुरा अधिक महत्त्वपूर्ण हुन्छ । गलत दिशा (काम)मा बहुत तेज गतिमा दौडिएर आफ्नो सही गन्तव्य वा लक्ष्यसम्म पुग्न असम्भव छ ।

सन् १९४७ मा ब्राजिलमा जन्मिएका पाउलो चर्चित गीतकार तथा उपन्यासकार हुन् । ‘द अल्केमिस्ट’ उनको ब्राजिलमा मात्र नभई संसारमै सर्वाधिक बिक्री हुने पुस्तक बन्न पुग्यो । नेपालको राजनीतिक इतिहासमा बिरलै प्राप्त हुने सुविधाजनक एकल बहुमतसहित रास्वपाले सरकार निर्माण गरेको छ । ‘मर्निङ सोज द डे’ भनेजस्तै प्रधानमन्त्री बालेन शाह नेतृत्वको ‘स्थायी’ भनिएको (५ वर्षे) सरकारको प्रारम्भिक रुझान हेर्दा हतास मनोदशा नै देखिन्छ ।

प्रधानमन्त्री बनेपछि सांसदहरूको प्रश्नको जवाफ दिन बालेन पहिलोपटक संसद्मा उपस्थित भए । उनको पहिलो सम्बोधन नै अत्यन्त विवादित बन्न पुग्यो । यस्ता गम्भीर विषयमा प्रधानमन्त्री चुक्नु राष्ट्रकै निम्ति घातक हुन सक्ने हुँदा विचार पुऱ्याउन जरुरी छ । सरकारका कमी-कमजोरी मूलतः दुई प्रकृतिका रहेकाले तदनुसार छुट्याउनुपर्ने आवश्यकता देखिन्छ । जस्तै- पहिलो, प्रधानमन्त्री तथा मन्त्रीहरूका अनुभवजन्य अभाव कमजोरी, उमेर र छिटो परिणाम दिने हुटहुटीले पनि धेरै प्रक्रिया, कानुनी व्यवस्था नमिलेका हुन सक्छन् र छन् पनि । यतिका लागि बालेन सरकारलाई ‘बेनिफिट अफ डाउट’ (संशयको सुविधा) प्रदान गर्नु अन्यथा हुँदैन । दोस्रो, प्रधानमन्त्रीको शपथग्रहणकै बखत असंवैधानिक धार्मिक पक्षधरताको सन्देश, सुकुमवासी र भूमिहीन जनताको उपयुक्त व्यवस्थापनविनै वास उठाउने राज्य आतंक, संसद् छलेर अध्यादेशको शासन, नीति तथा कार्यक्रम र बजेटमा सामान्यजन (न्यूनवर्ग) माथि लादिएको सन्त्रास र धोका भने नियोजित नै हुन् । यी सन्दर्भमा सरकारसँग कुनै सुविधा उपलब्ध छैन ।

त्यस्तै, पूर्ववर्ती सरकारका प्रधानमन्त्री, मन्त्री तथा उच्चपदस्थ व्यक्तिलाई पर्याप्त कानुनी तथा तथ्य प्रमाणका आधारमा ऐन, नियमबमोजिम कारबाही प्रक्रिया अघि बढाउनुपर्थ्यो । बरु ‘स्टन्ट’का लागि वा इगो साधेको र सत्ताको दुरुपयोग गरेको प्रस्ट देखिने गरी पक्राउ र धरपकड गरियो । ठुला घरानाका व्यापारी पक्रने घटनामा समेत सरकार जिम्मेवार दखिएन । बरु उही दूषित मनसाय नै देखियो । सरकारले पक्रेर थुन्ने तर यथेष्ट आधार, प्रमाण नभेटिएपछि अदालतले रिहा गरिदिने अवस्था बन्नु अयोग्यता, अज्ञानता र अपरिपक्वताको परिणामबाहेक अन्य के हुन सक्ला र ? राज्यले देखाइदिने, यति दिन त थुने नि ! भनी आत्मरती गर्ने मनस्थिति हो भने त्यस्तो व्यवहार प्रत्युत्पादक हुने निश्चित छ । त्यस्तो राज्यशक्तिको दुरुपयोग गर्ने हक कसैलाई हुनुहुँदैन ।

यी विषय कुनै पनि बखत आलोचनाभन्दा बाहिर हुने सक्दैनन् । प्रश्न उठ्छ, संशयको सुविधाको अवधि कति हुने ? के अब नेपाली बौद्धिक समाजको आलोचनात्मक चेतको अत्येष्टि गरिदिए हुने हो ? यी दुई मूल्यवान् प्रश्न हुन् । दलित निमुखाजनमाथिको गैरन्यायिक दमन, राज्यद्वारा प्रोत्साहित हत्यासमेतले निरन्तरता पाइरहेका छन् । झन् बालेन सरकारको पहिलो बजेटले नै सामान्यजनको होस उडाइदिएको छ ।

संसदीय लोकतन्त्रमा सामान्यतः सरकार बनेको सय दिनलाई ‘हनिमुन पिरियड’का रूपमा लिइन्छ । त्यस अवधिभर सरकारको सार्वजनिक आलोचना नगर्ने स्थापित मान्यता छ । २१ फागुनको जनमतद्वारा रास्वपाको ऐतिहासिक एकमना सरकार बनेको छ । प्रधानमन्त्री छन्, बालेन्द्र शाह । यो सरकारले आफ्नो सय दिनभित्रै नीति तथा कार्यक्रम र बजेट ल्याउने अवसर प्राप्त गऱ्यो । यसैबिच सरकारको कमी-कमजोरीको विपक्षीद्वारा संसद्मा सशक्त विरोधको सुरुवात भएको छ । सार्वजनिक आलोचनाको भने खडेरी नै देखिन्छ । नागरिक समाज, मिडिया, बौद्धिक वर्ग सरकारको सदावहार विरोधी देखिनुपर्छ भन्ने होइन, तथापि लोकतन्त्रमा सरकार र उसको कामको स्वस्थ आलोचना अत्यन्तै जरुरी हुन्छ । यस सन्दर्भमा भारतका पूर्वराष्ट्रपति तथा वरिष्ठ वैज्ञानिक एपिजे अब्दुल कलामको भनाइ स्मरण गर्नु सान्दर्भिक हुनेछ । उनी भन्छन्, ‘बिकाउ पत्रकार, त्रासमा बाँचेका प्रतिपक्ष र आलोचनाशून्य जनता, यी तीन चिज लोकतन्त्रका लागि घातक हुन्छन् ।’ कतै हामी अबका पाँच वर्ष यही घातक मनोदशाबाट ग्रसित हुँदै त छैनौं ?

> नेपालको राजनीतिक इतिहासमा बिरलै प्राप्त हुने सुविधाजनक एकल बहुमतसहित रास्वपाले सरकार निर्माण गरेको छ । ‘मर्निङ सोज द डे’ भनेजस्तै ‘स्थायी’ भनिएको वर्तमान सरकारको प्रारम्भिक रुझान हेर्दा हतास मनोदशा देखिन्छ ।

रास्वपाले एकल बहुमत प्राप्त गरी सरकार गठन गरेको यो समय र परिस्थितिमा देश र जनताले मूलतः यी चार ऐतिहासिक उपलब्धि हासिल गरेका छन् । एक- संवैधानिक प्रश्नको अन्त्य भएको छ । संविधान निर्मातासमेत रहेका पुराना स्थापित दल काग्रेस, एमाले र माओवादी तथा बौद्धिकवर्गसमेत संविधानमाथि आक्षेप लगाउने गर्थे । उनीहरूको बुझाइ थियो, ‘यो संविधानको कमजोरी वा जटिलताका कारण यही व्यवस्थाबमोजिम कुनै पनि दलको एकल बहुमत प्राप्त हुन असम्भव छ ।’ वास्तवमा त्यसो हुनुमा उनीहरूको अक्षमता जिम्मेवार थियो, संविधानको खोट होइन रहेछ भन्ने पुष्टि भयो । दुई- परम्परागत एकल जातीय सत्ता एकाधिकार वा विशेषाधिकार तोडियो । पञ्चायत, राजा-दलहरू, गणतन्त्र आदि कालखण्डमा पहाडे आर्य-खस, पुरुषको हातबाट प्रधानमन्त्री पद अन्यमा पुग्यो । मधेशी मूलका द्रविड समुदायका व्यक्ति पहिलोपटक देशका प्रधानमन्त्री बने । तेस्रो- पुराना दलमा समेत बाध्यकारी संरचनागत परिवर्तन देखा पऱ्यो । इतिहासमा पहिलोपटक नेपाली काग्रेस र एमाले संसदीय दलका नेतामा (गैरआर्य-खस) आदिवासी जनजाति नेता निर्वाचित बने । काग्रेस संसदीय दल नेता भीष्मराज आङदेम्बे र एमालेमा रामबहादुर थापा मगर बन्नु परम्पराको विघटन र क्रान्ति नै हो । यसको प्रत्यक्ष-परोक्ष श्रेय पनि रास्वपालाई नै जान्छ । यो रास्वपाले प्राप्त गरेको मत क्रान्तिको परिणाम नै हो ।

चौथो- नागरिक निराशा अन्त्य हुने आशा जगायो । बालेन सरकार गठन भएलगत्तै मुलुकमा अब केही हुँदै छ भन्ने सकारात्मक सञ्चार फैलियो । नागरिकको निराशा आशामा बदलिएको छ । अब यसलाई भरोसामा परिणत गर्ने काम सरकारको हो । त्यस्तै, बालेन सरकारले संवैधानिक सर्वोच्चता, संसदीय लोकतन्त्र, विधिको शासन र प्राप्त उपलब्धिप्रति नकारात्मक देखिने संकेत पनि दिएको छ । संविधानवादप्रति प्रतिबद्ध भई समृद्धितर्फ अघि बढ्ने कार्यमा संशय देखा पर्नु सामान्य संकट होइन । नागरिकमा सरकारप्रति तपसिलबमोजिम सन्दर्भमा संशय उत्पन्न भएका छन् । जस्तै-

संविधान संशोधनको प्रश्न : बालेन शाहले प्रधानमन्त्री पदमा बहाली भएको केही दिनभित्रै संविधान संशोधनका निम्ति बहसपत्र तयार पार्न भन्दै एक कार्यदल गठन गरे । पूर्वसांसद तथा प्रधानमन्त्रीका सल्लाहकार असिम शाह नेतृत्वमा संविधान संशोधन बहसपत्र तयार गर्ने म्यान्डेट प्राप्त सो कार्यदलले संविधान संशोधनका लागि प्राथमिक मुद्दा तयार पारी सक्रियतापूर्वक छलफल चलाइरहेको छ । प्रधानमन्त्री बालेनले पनि विगतदेखि नै आफू विशेषतः संसदीय लोकतन्त्रप्रति सकारात्मक नरहेको संकेत दिँदै आएका हुन् । संसदीय पद्धति र यसका प्रक्रियाप्रति उनको वैरभाव रहेको स्पष्ट संकेत अलि अघिदेखि नै मिलेको हो । बालेनका कतिपय गतिविधि र व्यवहार हेर्दा उनलाई संसदीय प्रणालीमा अनिच्छा रहेको तथा संविधानको संशोधनमार्फत प्रत्यक्ष निर्वाचित कार्यकारी पद्धतिमा जान चाहेको भन्ने बुझिन्छ । तथापि, संविधान संशोधन गर्नु जोखिमपूर्ण मात्रै होइन, प्रक्रिया पनि जटिल छन् । त्यसैले आफैंलाई प्रधानमन्त्री नियुक्त गर्ने संसदीय व्यवस्था र संसद्प्रति बालेन उत्तरदायी हुन बाध्य छन् ।

शाह नेतृत्वको कार्यदलले प्रत्यक्ष निर्वाचित कार्यकारी रहने व्यवस्थालाई संविधान संशोधनको प्राथमिकतामा राखेको छ । जातीय, क्षेत्रीय, धार्मिक, भाषिक, साम्प्रदायिक विविधता र विभेदसहितको हाम्रो मुलुकमा संसदीय व्यवस्था नै उत्तम व्यवस्था हो । प्रत्यक्ष निर्वाचित कार्यकारी हुने व्यवस्थाका अन्य धेरै समस्या, जटिलता, कमजोरी छन् । अन्य आधारलाई थाती राखी स्वयं प्रधानमन्त्री बालेनका गतिविधि तथा व्यवहारले पनि त्यो व्यवस्था हामीलाई घातक हुने प्रस्ट संकेत देखिएको छ । त्यसो हुँदा जनताले अवस्था बुझ्नु आवश्यक छ ।

बालेन सरकारको प्राथमिकतामा संविधान संशोधन होइन, बरु संविधान कार्यान्वयनका लागि अत्यावश्यक कानुनको शीघ्र निर्माण हुनुपर्छ । कानुनकै अभावमा जनता संविधानमा प्राप्त गरेका कैयौं अमूल्य संवैधानिक हकबाट वञ्चित हुन बाध्य छन् । सुशासन, विधिको शासन, समृद्धि, रोजगारी, विभेदबाट मुक्ति, शिक्षा, स्वास्थ्य, न्याय, स्वतन्त्रता आदि मुद्दा सरकारको प्राथमिकता हुन् भने ती व्यवस्था लागू गर्न संविधानको कुन-कुन धारा, उपधाराले अप्ठ्यारो सिर्जना गरे ? संवैधानिक व्यवस्था, मौजुदा र थप कानुनको व्यवस्था गरी जनताका यी आवश्यकता पूरा गर्न सकिन्छ । शासकीय प्रणालीमा फेरबदल गर्नुपर्ने जनताको आवश्यकता होइन, बरु शासकका निजी स्वार्थ र मनोभावना मात्रै हुन् । फेरि रास्वपाले गत चुनावमा संविधान संशोधनका मुद्दा (एजेन्डा)हरू प्रस्ट गरी नागरिकसँग मत मागेको थिएन । त्यसैले, रास्वपाको यो करिब दुईतिहाइ बहुमत सत्ताका लागि हो, व्यवस्था वा संविधानको मूल सिद्धान्त फेर्ने सर्त वा अर्थमा होइन । त्यस्तै, सरकारले सुकुमवासीलगायत विषयमा समाधानसहितको बाटो अवलम्बन गरोस् । अन्त्यमा, समाजमा सम्मानित विशिष्ट बौद्धिक वर्गका निम्ति मार्टिन लुथरको सन्देशमूलक भनाइ राख्नु यहाँ सान्दर्भिक नै हुनेछ । उनी भन्छन्, ‘सबैभन्दा ठुलो त्रासदी निमुखा व्यक्तिमाथिको अत्याचार र दमन होइन, बरु प्रतिष्ठित, बौद्धिक मानिस त्यो दमनमाथि मौन रहनु हो ।’

@TheUday024

---

३ प्रश्न

राजनीतिक विश्लेषक **श्याम श्रेष्ठ**लाई



एकता भएको साढे सात महिनासम्म पनि नेकपामा सांगठनिक समायोजन किन हुन नसकेको होला ?

एकता प्रक्रियामा आएका नेताहरूको चालामाला हेर्दा उनीहरूलाई समायोजनको चासो नै छैन कि जस्तो देखिन्छ । विगतमा एमाले र माओवादीबिचको एकतापछिको नेकपाकालमा पनि यस्तै भएको थियो । नेपालका वामपन्थी अरूले थाहा पाउँछन् कि जसरी हतारिएर रातारात एकता गर्छन् । तर, त्यसपछिका बाँकी प्रक्रिया पूरा गर्ने वेलामा चाहिँ चल्दै जान्छ भनेर अलमलिने या अलमल्याउने उनीहरूको पुरानै रोग हो । र, यो रोग अहिलेको नेकपामा पनि दोहोरिएको छ ।

एकता प्रक्रिया नै टुंगिन नसकिरहेको वेला मंसिरमा तोकिएको महाधिवेशन होला त ?

भन्न त उनीहरूले मंसिरमा महाधिवेशन गर्ने भनिरहेका छन् । तर, उनीहरू महाधिवेशनमा कति गम्भीर छन् भन्ने प्रश्न भने उठी नै रहेको छ । महाधिवेशन गर्न त तलैसम्म एकता गर्नुपर्छ । जनवर्गीय संगठनबिच पनि एकता हुनुपर्छ । त्यसका लागि सबैले जिउज्यान लगाएर खट्नुपर्छ । तर, त्यस्तो एकतातिर कसैको ध्यान गएको देखिन्न । यस्तोमा मंसिरको महाधिवेशन प्रश्नको घेरामै छ ।


यस्तो अलमलबिच एमालेसहितको बृहत् वामपन्थी एकताको सम्भावना कति देख्नुहुन्छ ?

यतिखेर एमालेले पनि एकताको बाँसुरी बजाउन थालेको छ । तर, त्यो बाँसुरी कति बज्ला र त्यसबाट कस्तो धुन निस्केला, त्यो भने प्रतीक्षाकै विषय बनेको छ । किनकि, विगतको अनुभवमा चाहिँ त्यो बाँसुरी त्यति बज्ला जस्तो देखिन्न । पछिल्लो परिस्थितिले भने एकता खोजेको छ । वामपन्थीहरू यति कमजोर यसअघि कहिल्यै देखिएका थिएनन् । यसबिच उनीहरूलाई आगामी वर्ष हुने स्थानीय चुनावले पनि लखेटिरहेको छ । यो एकता कुनै सिद्धान्त र विचारका आधारमा हुन लागेको होइन । सबैका आआफ्नै निहित स्वार्थका कारण हुन लागेको एकता हुनाले यस्तै हुन्छ भनेर ‘प्रेडिक्ट’ गर्न भने कठिन छ ।

प्रेरक प्रसंग

जीवनको आदर्श

पण्डित मदनमोहन मालवीयले जतिखेर कलेजको शिक्षा पूरा गरे, त्यतिखेर उनको आर्थिक स्थिति धेरै खराब थियो । उनले तुरुन्त अध्यापकको नोकरी सुरु गर्नुपऱ्यो । त्यसबाट उनले निकै कम तलब सुविधा पाउँथे । पछि आफ्नो प्रतिभा, योग्यता र विद्वताले उनले धेरै प्रसिद्धि कमाए । राजा रामपाल सिंहले पनि उनका विषयमा धेरै कुरा सुनेका थिए । त्यति वेला उनले हिन्दुस्तान नामक समाचारपत्र प्रकाशन सुरु गरेका थिए, जसका लागि उनलाई एउटा सुयोग्य सम्पादक चाहिएको थियो ।



सिंहले मालवीयलाई बोलाए र सोधे, के उनी समाचारपत्रको सम्पादक बन्न चाहन्छन् ? साथै उनले मालवीयजीको अगाडि २५० रुपैयाँ मासिक तलब दिने प्रस्ताव पनि राखे र उनीसँग प्रार्थना गरे कि उनले सो प्रस्ताव अस्वीकार नगरून् ।

अध्यापनबाट मालवीयले थोरै तलब पाउँथे । यसैले उनको प्रस्ताव स्वीकार गरे । तर, एउटा समस्या थियो कि राजासाहेब रक्सी सेवन गर्थे भने मालवीयलाई रक्सीसँग घृणा थियो । उनले भने, ‘म सम्पादन कार्य अवश्य गर्नेछु । तर, मेरो एउटा सर्त छ ।’ म तपाईंका हरेक सर्त मान्न तयार छु,’ राजासाहेबले भने । यो सुनेर मालवीयजीले भने, ‘जब तपाईं नशामा हुनुहुनेछ, तब कृपया म भएको ठाउँमा नआउनुहोला । जुन दिन तपाईं नशामा मेरासामु आउनुहुनेछ, त्यसै क्षण म यो पदबाट राजीनामा दिएर बाहिरिनेछु ।’ राजासाहेबले मुस्कुराएर ‘हुन्छ’ भने ।

यसपछि मालवीयले सम्पादन कार्य सुरु गरे । तर, एक दिन राजासाहेबले नशामा आफ्नो वचन भुले र मालवीयजीको कार्यकक्षमा पुगे । नशामा उनलाई देख्नासाथ मालवीयजीले तत्काल राजीनामा दिए । जब राजासाहेबको नशा उत्रियो, तब उनलाई धेरै ग्लानि भयो । उनले मालवीयजीसँग क्षमा मागे, तर मालवीयजीले भने, ‘म क्षमाभन्दा धेरै आफ्नो आदर्शलाई मान्छु । म अब तपाईंकोमा काम गर्न सक्दिनँ ।’ राजासाहेबले त्यो दिनदेखि रक्सी खान छोडे र मालवीयलाई वकालत पढ्नका लागि २५० मासिक छात्रवृत्ति पनि दिइरहे ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

समयमै सचेत बनौं

‘विश्वकपको उत्साहसँगै ठगीको जालमा सर्वसाधारण’ शीर्षकको समाचार पढियो । हामी नेपालीले सानो रकमको लोभमा करोडौं गुमाइरहेको पत्तो पाइरहेका छैनौं । के हामी नेपाली यति बुद्धु छौं हो ? नत्र, कसैले हामीलाई कुनै कुरा सित्तैमा दिन्छु भन्छ भने हामी त्यो सुन्नासाथ आँखा चिम्लेर किन विश्वास गर्छौं ? कतै हामीमाथि कुनै षड्यन्त्र त हुँदै छैन भनेर किन हामी शंका गर्दैनौं ? के हामीले यस्ता ठगसामु आत्मसमर्पण नै गरिसकेका हौं ? होइन भने यसरी केही सयको लोभ गर्दा करोडौं ठगिएको घटना किन पटक-पटक सुन्नुपर्छ ? के हामी नेपालीको नियति भनेको ठगिनु नै हो त ?

● **गौरिका पुलामी**, सिनामंगल, काठमाडौं

बजेट कार्यान्वयन होला त ?

सात प्रदेशले तीन खर्ब १० करोडको बजेट सार्वजनिक गरेका छन् । तर, विगतका अभ्यास हेर्दा भने प्रदेशले यसरी ल्याएको बजेटमध्ये चालू खर्च भए पनि पुँजीगत खर्च भने कहिल्यै पनि राम्रो हुन सकेको देखिन्न । अहिले पुँजीगत खर्चमा जति बजेट छुट्याए पनि त्यसलाई खर्च गर्ने सवालमा सातै प्रदेश निकै कमजोर देखिन्छन् । त्यसैले, अहिले जतिसुकै आकर्षक बजेट ल्याए पनि के त्यो कार्यान्वयन होला त ?

● **वन्दिता जोशी**, धनगढी, कैलाली

नेकपाले कहिले गति लिने ?

तत्कालीन माओवादी र एकीकृत समाजवादीले बडो हल्लाखल्लाबिच आफूहरूसँगै थप तीन दर्जनभन्दा बढी कम्युनिस्ट घटकलाई जोडेर एउटै दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बनाएको पनि साढे सात महिना भइसक्यो । तर, जति लामो समय भए पनि नेकपाले अझै पनि एकता र समायोजन प्रक्रियालाई पूर्णता दिएर पार्टीलाई अग्रगमनको दिशामा हिँडाउन सकेका छैनन् । के केही थान पार्टी र केही थान नेतालाई जोड्दैमा हुन्छ र पार्टी एकता ?

● **सुगम कायस्थ**, डिल्लीबजार, काठमाडौं

आन्तरिक विवाद कहिलेसम्म ?

हिजो एक भएर लोकतान्त्रिक गणतन्त्र ल्याउन सफल भएका दल अहिले आन्तरिक कलहले थला परेका छन् । विगतमा जनताको इच्छाबमोजिम चल्न नसक्दा निर्वाचनमा नराम्रो पराजय भोग्नुपऱ्यो । तर, त्यति हुँदासमेत दलहरूको चेत खुलेको छैन । काग्रेस फुट्ने अवस्थामा पुगिसक्यो भने एमालेको हालत पनि त्यस्तै छ । ०८४ मा स्थानीय तहको निर्वाचन आइरहेको छ । यसप्रति ध्यान किन जान गइरहेको छैन ? काग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टीलगायत सबै दल विवादको उत्कर्षमा पुगेका छन् भने राप्रपा त फुटी नै सक्यो ।

बलियो प्रतिपक्षी बनेर सरकारलाई सचेत गराउनुपर्ने दलले अनावश्यक बहसमा समय खेर फालिरहेका छन् । यिनले पदकै लागि राजनीति गरेका रहेछन् भन्ने प्रस्ट देखिएको छ । पदविना एकछिन पनि बाहिर बस्न नसक्ने नेताले राजनीतिमा पद र सम्मानभन्दा पनि माथि त्याग छ भन्ने किन सोच्न सकेनन् । तत्कालीन माओवादी, एकीकृत समाजवादीलगायत २७ दल मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी पनि समायोजनमै अल्झिएको देख्दा अचम्म लाग्छ । देशलाई राजनीतिक निकास दिन एकता भएको हो कि व्यक्तिको अमुक पद जोगाउन ?

पार्टी फुट्दा व्यक्तिगत पद त पाइएला, जनताको मत भने पाइँदैन । तिनले पदकै लागि राजनीति गरेका हुन् भन्ने जनताले देखिसकेका छन् । पछिल्लो समय जनता फेरि राजनीतिको जालोमा बेरिएका छन् । जनताले विश्वास कुन दलको गर्ने हो ? लगभग दुईतिहाइ मत पाएको रास्वपाको पनि हालत त्यस्तै देखिँदै छ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

हर्मुज पुनः खोल्नु सबैको हितमा छ

हर्मुज जलमार्ग पुनः खोल्ने सम्झौता घोषणा गरिएअनुसार कार्यान्वयन भएमा यसको सकारात्मक प्रभाव खाडीभन्दा टाढाका देशमा महसुस गरिनेछ

देश / विदेश

वासिंटन र तेहरानबिच युद्ध अन्त्य गर्ने र हर्मुजको जलमार्ग पुनः खोल्ने सम्झौता यदि घोषणा गरिएअनुसार कार्यान्वयन गरियो भने यसको सकारात्मक प्रभाव खाडीभन्दा धेरै टाढाका देशमा महसुस गरिनेछ । अमेरिका-इरान सम्झौताको शान्त लाभार्थी देशमध्ये बंगलादेश पनि एक हो, जो सय दिनभन्दा बढी समयदेखि ऊर्जा संकटको चपेटामा पर्दै आएको छ । ऊर्जा संकटका कारण पछिल्ला तीन महिनामा बंगलादेशका उद्योगलगायत क्षेत्र निकै प्रभावित छन् । यद्यपि, सरकारले समस्या समाधानका लागि देशमा उपलब्ध स्रोत साधनलाई अत्यधिक परिचालन गरेको बताउँदै आएको छ ।

फेब्रुअरीमा अमेरिकी र इजरायली सेनाले इरानमा आक्रमण गरेपछि हजारौंको मृत्यु भएको र विश्वव्यापी ऊर्जा बजारमा कम्पन ल्याएको द्वन्द्व अन्त्यका लागि आइतबार गरिएको बहुचर्चित सम्झौता सबैभन्दा महत्त्वपूर्ण कूटनीतिक उपलब्धि हो । ढाकाको विदेश मन्त्रालयले सम्झौतालाई न्यानो स्वागत गरेको छ । ‘क्षेत्रीय शान्ति, आपूर्ति शृंखला र सहकार्यको प्रारम्भिक पुनर्स्थापना’का लागि मन्त्रालयले गरेको अपेक्षाले ढाकाले विगतमा सामना गरेको ऊर्जा समस्या कति कष्टप्रद थियो भनेर स्पष्ट पारेको छ ।

बंगलादेशको विद्युत् क्षेत्र आयातित तरल प्राकृतिक ग्यासमा अत्यधिक निर्भर छ, जुन प्रायः हर्मुजको जलमार्ग हुँदै भित्रिन्छ । ग्यासको आयात इरानमाथि अमेरिका र इजरायलको हमला भएदेखि नै प्रभावकारी रूपमा बन्द छ । त्यसपछि देशमा ऊर्जा आयातको उच्च लागत, तनावपूर्ण भण्डार र निष्क्रिय विद्युत् प्लान्टको महँगो लागत देखियो, जसका कारण पहिले नै कमजोर अर्थतन्त्रमा थप क्षति पुग्यो ।

अमेरिका-इरान शान्ति सम्झौताको घोषणाप्रति विश्व बजारले तुरुन्तै प्रतिक्रिया दियो । सोमबार ‘ब्रेन्ट क्रुड’ (कच्चा तेल) को मूल्य ४.४ प्रतिशतले घटेर प्रतिब्यारेल ८५ डलरभन्दा तल झरेको थियो । युद्ध सुरु भएपछि यो लगभग १२० डलरको उच्चतम बिन्दुमा पुगेको थियो । सहमतिअनुसार ६० दिने युद्धविराम विस्तारको पहिलो ३० दिनमा हर्मुज जलमार्ग बिस्तारै खोलियो भने बंगलादेशको आयात बिल कम हुनेछ र बंगलादेशको मुद्रा टाकामा पनि दबाब कम हुनेछ । आयातमा अत्यधिक निर्भर अर्थतन्त्रका लागि यी साना लाभ होइनन् ।

यो सम्झौताले दीर्घकालीन प्रभाव पनि बोकेको छ । अप्रिलको सुरुमा प्रारम्भिक युद्धविराम भएदेखि हप्तौंसम्म चलेको कठिन वार्तापछि भएको सम्झौतामा शुक्रबार स्विट्जरल्यान्डमा दुई पक्षले हस्ताक्षर गर्ने तयारी छ । यद्यपि, समझदारी पत्र (एमओयू) केवल सुरुवात हो, यसको कार्यान्वयन महत्त्वपूर्ण पक्ष हो । आइतबार बेरुतमा इजरायलको आक्रमण (जसलाई लिएर राष्ट्रपति डोनाल्ड ट्रम्पले बाँकी नै छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले अप्रिलमा इरानी बन्दरगाहभित्र र बाहिर जाने जहाजमा लगाएको आफ्नो नौसेना नाकाबन्दी हटाउने प्रतिबद्धता जनाएका छन् । बंगलादेशको विदेश मन्त्रालयले सम्झौता ‘सद्भावनाका साथ लागू हुने र टिकाउ एवं दिगो साबित हुनेछ’ भन्ने पूर्ण रूपमा आशा गरेको छ ।



बंगलादेशका लागि अझ महत्त्वपूर्ण काम गर्नुपर्ने समय आएको छ । तुलनात्मक रूपमा मूल्य घट्ने भएकाले ऊर्जा अधिकारीले एलएनजी खरिदमा यसअघि स्विकारिएका सर्त बन्द गर्नुपर्छ । हामीले यो कुरा बिर्सनुहुँदैन कि बजारहरू द्रुवानी मार्ग पुनः खुल्नुभन्दा छिटो परिवर्तन हुन्छन् । तत्कालका लागि संकट अन्त्य हुने संकेत देखिए पनि हामीले विगत सय दिनको पाठलाई बिर्सनुहुँदैन ।

एउटै समुद्री अवरोधमा परेको अर्थतन्त्रका लागि विविध आपूर्ति शृंखला, द्रुत घरेलु ग्यास अन्वेषण र एलएनजी आयातको विकल्पका रूपमा गम्भीर नवीकरणीय ऊर्जा कार्यक्रम र इन्धन आपूर्तिलाई सम्भावित अर्को द्वन्द्वबाट जोगाउन आवश्यक छ । यसका लागि भविष्यका झट्काको सामना गर्न कम जोखिममा पर्ने ऊर्जा अर्थतन्त्र निर्माण गर्नुपर्छ ।

(द डेली स्टारको १६ जुनको सम्पादकीय)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

जेलेन्स्कीसँगको भेटमा ट्रम्पले भने–

युक्रेन युद्ध पनि छिट्टै रोक्नेछु

पेरिस / फ्रान्समा राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की र अन्य जी-७ राष्ट्रका नेताबिचको 'धेरै राम्रो' बैठकपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पत्रकारसँग कुरा गर्ने क्रममा रुसले युक्रेनसँग शान्ति सम्झौता गर्नुपर्ने बताए। उनले युक्रेनमा जारी युद्ध अन्त्य गर्न आफूले सक्दो प्रयास गर्ने पनि बताएका छन्।

'रुसले सम्झौता गर्नुपर्छ,' ट्रम्पले भने, 'मैले आठ युद्ध समाधान गरें। मैले समाधान गर्न सबैभन्दा सजिलो ठानेको युद्ध भने अझै चलिरहेको छ।' ट्रम्पले विभिन्न अवसरमा आठ युद्ध अन्त्य गर्न भूमिका खेलेको बताए पनि यसमाथि प्रश्न उठ्ने गरेको छ। जेलेन्स्की मंगलबार बिहान जी-७ राष्ट्रको बैठकमा सामेल भएका थिए। जी-७ मा संयुक्त राज्य अमेरिका, फ्रान्स, संयुक्त अधिराज्य, क्यानडा, जर्मनी, इटली, जापान र युरोपेली संघ समावेश छन्। जेलेन्स्कीले शिखर सम्मेलनको छेउमा ट्रम्प र अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग पनि कुरा गरे।

'मुख्य ध्यान युक्रेनको हवाई प्रतिरक्षा बलियो बनाउनु र कूटनीतिलाई अगाडि बढाउनु हो। यसले मात्र रुसलाई युद्ध अन्त्य गर्न दबाब हुनेछ,' जेलेन्स्कीले बैठकपछि सामाजिक सञ्जाल एक्समा एक पोस्ट गर्दै भने। अन्य युरोपेली देशका नेताले पनि बैठकले युक्रेनलाई सघाउने विषयमा सकारात्मक छलफल भएको बताए। उता जी-७ का नेताहरूले अमेरिका र इरानबिच हालै भएको युद्ध अन्त्य गर्ने सम्झौताबारे पनि छलफल गरेको बताइएको छ। योसँगै अब स्ट्रेट अफ हर्मुज जलडमरुलाई छिटोभन्दा छिटो पुनः खोल्नेबारे तयारी गर्नुपर्नेमा नेताहरू सहमत भएका छन्।

इतिहासमा आज

जुन १७



सन् १८८५ : स्ट्याचु अफ लिबर्टीलाई न्युयोर्क पुऱ्याइयो। हजारौँ दर्शकले उक्त प्रतीकात्मक मूर्तिलाई भव्य स्वागत गरे। उक्त मूर्ति फ्रान्सका जनताका तर्फबाट संयुक्त राज्य अमेरिकालाई उपहारस्वरूप दिइएको थियो। यो अहिले अमेरिकाको सबैभन्दा परिचित प्रतीकमध्ये एक भएको छ।

● **सन् १६३१** : मुगल सम्राट् शाहजहाँकी पत्नी मुमताज महलको सुत्केरी हुने क्रममा मृत्यु भयो। मुमताजको सम्झनामा उनले भारतको सबैभन्दा प्रसिद्ध भवन ताजमहल निर्माण गरे।

● **सन् १९२८** : अमिलया अर्थहार्ट आन्द्र महासागरवरपर उड्ने पहिलो महिला बनिन्।

● **सन् १९४०** : तीन बाल्टिक राज्यहरू सोभियत कब्जामा परे। पेरिसमाथि भएको जर्मन आक्रमणमा विश्वको ध्यान केन्द्रित भएको समय पारेर सोभियत संघले इस्टोनिया, लात्भिया र लिथुआनियालाई गाभेको थियो।

● **सन् १९४४** : आइसल्यान्ड गणतन्त्र स्वतन्त्र राष्ट्र बन्यो। नर्डिक टापु आइसल्याण्ड यसअघि नर्वेजियन र डेनिसको अधिनमा थियो। गणतन्त्र आइसल्यान्डको पहिलो राष्ट्रपति स्वेन ब्योर्नसन हुन्।

● **सन् १९७२** : अमेरिकामा वाटरगेट काण्डमा जोडिएका पाँचजनाको गिरफ्तारी। वाटरगेट अफिस कम्प्लेक्समा रहेको डेमोक्याटिक नेसलन कमिटीको मुख्यालयमा जासुसी गर्ने प्रयासको आरोपमा पाँचजना व्यक्ति पक्राउ परेका थिए। यस घोटालाका कारण राष्ट्रपति रिचर्ड निक्सनले राजीनामा दिनुपऱ्यो।

Request for Quotations

Published Date: 17th June, 2026

Nabil Bank Ltd. invites sealed quotations from eligible and interested companies/firms for the below mentioned works to be done at its under-construction building located at Bishalnagar, ward no. 5, Kathmandu:

RFP 1: Interior Construction Works- Estimated 15,000 Sq.Ft.
RFP 2: Electrical and Allied Works- Entire Building

Terms & Conditions:

- RFP documents with detailed Scope of works, Terms & Conditions can be received upon submission of a request letter in the official company letterhead along with proof of deposit of non-refundable application fee of **NPR 2,500/-** (In words: NPR. Two Thousand Five Hundred Only) **per document,** to the bank in below detailed account:
  A/C Name: Miscellaneous Deposit Receipt
  A/C Number: 93254001006
  Bank: Nabil Bank Limited, Head Office
- Companies are requested to physically visit the Bank to submit the request letter along with proof of deposit and collect the RFP document from the Administration Department, 4th floor, Ghantaghar building, Kathmandu, Nepal.
- The bid eligibility requirements are mentioned in the Bank's website as well as the RFP document.
- The physical bid documents must be submitted to Administration Department, Ghantaghar, Kathmandu within the bid submission deadline i.e. by **4:00 P.M., 1st July, 2026 (i.e. 17th Ashad, 2083).**
- The submitted bid documents shall be opened on **11:00 A.M., 2nd July, 2026 (i.e. 18th Ashad, 2083)** with or without the presence of the bidders or their representatives and the bidders shall be informed accordingly as required for further processing & negotiations.
- In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for bid opening day as well.
- The Bank reserves the ultimate right to reject any or all offers without assigning any reason whatsoever.

If you have any queries or require information regarding proposed sites, kindly contact the Administration Department, Tel: 01-5971871

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**१) ऋणी फर्म : निधि कृषि फर्म प्रा.लि., संचालक तथा जमानीकर्ता : कुमारी संगीता चौधरी** दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २३७८४०/७६/०७७, दर्ता मिति : २०७७/०३/२३, ठेगाना: जिल्ला कपिलवस्तु, महाराजगंज न.पा. वडा नं. ११
	२) ऋणी : कुमारी संगीता चौधरी स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, गणेशपुर गा.वि.स. वडा नं. ४, हालको ठेगाना : कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. ११, बाबु : रामानन्द चौधरी, ससुरा : गोमती प्रसाद चौधरी, पति : मनोज कुमार चौधरी
२	**१) ऋणी फर्म : चौधरी कुखुरा फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : उदय राज चौधरी कुर्मी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प)मा प्रा.फ.द.नं.: ७७८/८५०३, दर्ता मिति : २०७५/०२/०९, ठेगाना: जिल्ला नवलपरासी, गेरमी गा.वि.स. वडा नं. ९ (हाल : जिल्ला नवलपरासी, पाल्हीनन्दन गा.पा. वडा नं. ५)
	२) ऋणी : उदय राज चौधरी कुर्मी ठेगाना : नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. ५, बाबु : प्रेम सागर चौधरी, बाजे : भभुति
३	**ऋणी : कृष्ण बहादुर बस्नेत** स्थायी ठेगाना : गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. १२, हालको ठेगाना : गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. १०, बाबु : आत्म बहादुर बस्नेत, बाजे : टेक बहादुर बस्नेत
४	**१. ऋणी फर्म : स्विक फुड एण्ड क्याफे, प्रोप्राइटर तथा जमानीकर्ता : हस्तमाया तामाङ** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, काभ्रेपलाञ्चोक धुलिखेलमा प्राइभेट फर्म दर्ता नं. १४०६२/०७९/०८०, दर्ता मिति: २०८०/०२/१०, **ठेगाना:** जिल्ला काभ्रेपलाञ्चोक, धुलिखेल न.पा. वडा नं. ६
	२. ऋणी : बुद्ध लामा **ठेगाना :** काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल न.पा. वडा नं. १०, **बाबु :** अष्टमान लामा, **बाजे :** प्रेम बहादुर लामा
५	**१. ऋणी कम्पनी: मल्ल हार्डवेयर, प्रोप्राईटर तथा जमानीकर्ता: राज कुमार मल्ल** **दर्ता नं.:** वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फ.र.नं. ३०६३९/०७४/०७५, **दर्ता मिति:** २०७४/११/१६, **ठेगाना:** जिल्ला मोरङ, पथरी शनिश्चरे न.पा. वडा नं. ९
	२. ऋणी कम्पनी: मुना कुठानि पिसानी मिल, प्रोप्राईटर तथा जमानीकर्ता: राज कुमार मल्ल **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, मोरङ, विराटनगरमा प्रा.फ.नं.घ.उ.मो. १६७१०, **दर्ता मिति:** २०७७/०४/१४, **ठेगाना:** जिल्ला मोरङ, पथरी शनिश्चरे न.पा. वडा नं. ९
	३. ऋणी: राज कुमार मल्ल **स्थायी ठेगाना :** मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९, **हालको ठेगाना :** मोरङ जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं. ९ **बाबु :** पहलमान मल्ल, **बाजे :** मान बहादुर मल्ल
	४. कर्जाको किसिम: बिना धितो कर्जा: **ऋणी: रेनुका राई** **स्थायी ठेगाना :** सुनसरी जिल्ला, पकली गा.वि.स. वडा नं. २, **हालको ठेगाना :** मोरङ जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं. ९ **बाबु :** पूर्ण बहादुर राई, **ससुरा :** राज कुमार मल्ल, **पति :** विपिन मल्ल
	जमानीकर्ताहरु: १. राज कुमार मल्ल स्थायी ठेगाना : मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९, **हालको ठेगाना :** मोरङ जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं.९, **बाबु :** पहलमान मल्ल, **बाजे :** मान बहादुर मल्ल **२. चम कुमारी सेन स्थायी ठेगाना :** उदयपुर जिल्ला, ओखले गा.वि.स. वडा नं. ७, **हालको ठेगाना :** मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं.९, **बाबु :** लोक बहादुर सेन, **ससुरा :** पहलमान मल्ल, **पति :** राज कुमार मल्ल
६	**ऋणी फर्म: के.एम. ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता: मिलनराज प्रसाई** **दर्ता नं. :** घरेलु तथा साना उद्योग कार्यालय, झापामा दर्ता नं.: २१९-१७७२३, **दर्ता मिति:** २०७९/०८/०७, **ठेगाना:** जिल्ला झापा, मेचीनगर न.पा. वडा नं. १०
७	**१. ऋणी फर्म: स्नेहा इलेक्ट्रोनिक्स, प्रोप्राईटर तथा जमानीकर्ता - काशी गोस्वामी** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, ईटहरी सुनसरीमा प्रा.फ.र.नं. ३२६४/२०७१/०७२, **दर्ता मिति:** २०७१/०५/२६, **ठेगाना:** जिल्ला सुनसरी, दुहवी गा.वि.स. वडा. नं. ८
	२. ऋणी : काशी गोस्वामी **स्थायी ठेगाना :** सुनसरी जिल्ला, दुहवी गा.वि.स. वडा. नं. ८, **हालको ठेगाना :** सुनसरी जिल्ला, दुहवी न.पा. वडा. नं. ६, **बाबु :** महाविर गोस्वामी, **बाजे :** नथू गोस्वामी
८	**ऋणी फर्म : मिथिला कम्प्युटर इन्टिग्रेटेड, प्रोप्राईटर तथा जमानीकर्ता: विना कुमारी** **दर्ता :** घरेलु तथा साना उद्योग कार्यालय सर्लाही, मलंगवामा उद्योग दर्ता नं.: १०९२६/०७८/०७९, **दर्ता मिति:** २०७८/०४/२०, **ठेगाना:** जिल्ला सर्लाही, मलंगवा न.पा. वडा नं. १०
९	**१) ऋणी फर्म : अलि सरकार ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता: किसमत बेगम** **दर्ता :** घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही मलंगवामा दर्ता प्रा.फ.नं. १०३३५/०७७/०७८, **दर्ता मिति:** २०७७/११/२३, **ठेगाना:** जिल्ला सर्लाही, मलंगवा न.पा. वडा नं. ३
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: किसमत बेगम** स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३, हालको ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३, बाबु : कलाम महमद, ससुरा : सतार मिया मुकेरी, पति : इफतेखार अलि मिकरानी
१०	**ऋणी: सिरंजन देवी** स्थायी ठेगाना : सर्लाही जिल्ला, सुन्दरपुर चु. गा.वि.स. वडा नं. ३, हालको ठेगाना : सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. १४, बाबु : रामेश्वर प्र. यादव, ससुरा : हरि नारायण राय यादव, पति : रामबाबु राय
११	**ऋणी फर्म : आदित्य माछा पालन फर्म, प्रोप्राईटर तथा जमानीकर्ता: राज नारायण राय दनुवार** **दर्ता :** घरेलु तथा साना उद्योग कार्यालय सर्लाही, मलंगवामा प्र.प.नं.: ७३३०/०७५/०७६, **दर्ता मिति:** २०७५/११/२१, **ठेगाना:** जिल्ला सर्लाही, चन्द्रनगर गा.पा. वडा नं. ७

नोट: ऋणी/सञ्चालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी/सञ्चालकको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८३।०३।०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रक्रिया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः

१. ऋणीको नामः ग्यावीयन वायर इण्डष्ट्रीज **कर्जा शिर्षकः** क्यास क्रेडिट, चालुपूंजी कर्जा र बैंक जमानत
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा ग्रामीण उद्योग विभागमा दर्ता रहेको) दर्ता नं.: ९४४७/११४८/०४१, दर्ता मितिः २०४१/०४/०१, स्थायी लेखा नं.: ३०००९१५७५, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२।

प्रोप्राईटरः
पुष्प मान जोशीः ना.प्र.प.नं (जारी मिति/स्थान): ४८५८-५४०६९(२०३६/०८/२४/काठमाडौं), बाजेको नामः जयमान जोशी, बाबुको नामः नौरथमान जोशी, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२।

व्यक्तिगत जमानतकर्ताहरुः
क. बिनु जोशीः ना.प्र.प.नं (जारी मिति/स्थान): ३६८५(२०४६/०७/२७/काठमाण्डौ), बाबुको नामः हर्ष बहादुर श्रेष्ठ, ससुराको नामः नौरथमान जोशी, पतिको नामः पुष्प मान जोशी, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३२, डिल्लीबजार।

ख. किसोर मान जोशीः ना.प्र.प.नं (जारी मिति/स्थान): १६७७०/४१७५९(२०४५/०३/२१/काठमाडौं), बाजेको नामः नौरथमान जोशी, बाबुको नामः पुष्प मान जोशी, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २४।

धितो लेखिदिएको सम्पत्तिको विवरणः
हर्ष बहादुर श्रेष्ठको छोरी, नौरथमान जोशीको बुहारी, पुष्प मान जोशीको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३२, डिल्लीबजार बस्ने **बिनु जोशी**को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. (डिल्लीबजार) वडा नं. १०, नक्सा सीट नं. १०२११८६१४ स्थित कि.न. ६१९ को क्षेत्रफल ०-४-०-१.५ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

२. ऋणीको नामः एम जे ब्रदर्श सप्लायर्स **कर्जा शिर्षकः** क्यास क्रेडिट, आवधिक कर्जा र चालुपूंजी कर्जा
(प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभेक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौडा, मकवानपुरमा दर्ता रहेको), दर्ता नं.: १९९१/९८२/०७६/०७७, दर्ता मितिः २०७६/०७/२१, स्थायी लेखा नं.: ११८५८३२०४, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ५।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
मिलन ढकालः ना.प्र.प.नं (जारी मिति/स्थान): ३१-०१-६९-०२८३८(२०६९/०३/१७/मकवानपुर), बाजेको नामः टेक बहादुर ढकाल, बाबुको नामः होम बहादुर ढकाल, ठेगानाः मकवानपुर जिल्ला, नामटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ५।

व्यक्तिगत जमानतकर्ताहरूः
क. होम बहादुर ढकालः ना.प्र.प.नं (जारी मिति/स्थान): ७४९(२०४३ साल/मकवानपुर), बाजेको नामः गणेश बहादुर ढकाल, बाबुको नामः टेक बहादुर ढकाल, ठेगानाः मकवानपुर जिल्ला, नामटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ५।
ख. जिवन ढकालः ना.प्र.प.नं (जारी मिति/स्थान): ३११०४३/६३०७६(२०६६/०४/३२/मकवानपुर), बाजेको नामः टेक बहादुर ढकाल, बाबुको नामः होम बहादुर ढकाल, ठेगानाः मकवानपुर जिल्ला, नामटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ५।
ग. कृष्ण बहादुर कार्की: ना.प्र.प.नं (जारी मिति/स्थान): २४१४७(२०४९/११/११/मकवानपुर), बाजेको नामः हस्त बहादुर कार्की, बाबुको नामः खड्ग बहादुर कार्की, ठेगानाः मकवानपुर जिल्ला, कैलाश गा.पा., वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ५।
घ. चमेली कार्की: ना.प्र.प.नं (जारी मिति/स्थान): ११०८(२०४३/११/०६/मकवानपुर), बाबुको नामः खड्ग बहादुर कार्की, ससुराको नामः टेक बहादुर ढकाल, पतिको नामः होम बहादुर ढकाल, ठेगानाः मकवानपुर जिल्ला, नामटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ५।

धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः
क. टेक बहादुर ढकालको नाति, होम बहादुर ढकालको छोरा, मकवानपुर जिल्ला, नामटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ५ बस्ने **जिवन ढकाल**को नाममा मालपोत कार्यालय हेटौडा, मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, हटीया गा.वि.स./न.पा., वडा नं./नक्सा सीट नं. ८ स्थित कि.न. २४७७ को क्षेत्रफल ०-४-१६-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
ख. टेक बहादुर ढकालको नाति, होम बहादुर ढकालको छोरा, मकवानपुर जिल्ला, नामटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ५ बस्ने **मिलन ढकाल**को नाममा मालपोत कार्यालय हेटौडा, मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, हटीया गा.वि.स./न.पा., वडा नं./नक्सा सीट नं. ५ स्थित कि.न. ७२० र ७२१ को क्षेत्रफल क्रमशः ०-१-१५-० र ०-१-१५-० विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

३. ऋणीको नामः रिभाइभ मेड्स प्रा.लि. **कर्जा शिर्षकः** डिमाण्ड कर्जा, बैंक जमानत, क्यास क्रेडिट र चालुपूंजी कर्जा
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता रहेको), दर्ता नं.: १९०११८/७४/०७५, दर्ता मितिः २०७५/०२/१०, स्थायी लेखा नं.: ६०६७०२०३२, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. १०।

संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुः
क. देवी बहादुर श्रेष्ठः ना.प्र.प.नं (जारी मिति/स्थान): ५५४५७(२०४६/१२/२३/सिन्धुपाल्चोक), बाजेको नामः मान बहादुर श्रेष्ठ, बाबुको नामः बलराम श्रेष्ठ, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, मांखा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. १०।
ख. रोसन श्रेष्ठः ना.प्र.प.नं (जारी मिति/स्थान): २४१००९/५४७२(२०६५/०१/१६/सिन्धुपाल्चोक), बाजेको नामः बलराम श्रेष्ठ, बाबुको नामः देवी बहादुर श्रेष्ठ, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, मांखा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. १०।

व्यक्तिगत जमानतकर्ताः
ईमाया श्रेष्ठः ना.प्र.प.नं (जारी मिति/स्थान): २३१६६(२०६०/०८/१२/सिन्धुपाल्चोक), बाबुको नामः उदय बहादुर श्रेष्ठ, ससुराको नामः बलराम श्रेष्ठ, पतिको नामः देवी बहादुर श्रेष्ठ, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, मांखा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. १०।

धितो लेखिदिएको सम्पत्तिको विवरणः
मान बहादुर श्रेष्ठको नाति, बलराम श्रेष्ठको छोरा, सिन्धुपाल्चोक जिल्ला, मांखा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. १० बस्ने **देवी बहादुर श्रेष्ठ**को नाममा मालपोत कार्यालय टोखा, काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, खड्का भद्रकाली गा.वि.स./न.पा., वडा नं. ३, नक्सा सीट नं. १०२०९०७०३ स्थित कि.न. २३६ र २४५ को क्षेत्रफल क्रमशः १३५.१० र ५५.६३ व.मि.को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

४. ऋणीको नामः हरि घिमिरे **कर्जा शिर्षकः** सवारी साधन कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ११८०३६३५(२०५१/०७/०७/झापा), बाजेको नामः खडानन्द घिमिरे, बाबुको नामः सिताराम घिमिरे, ठेगानाः झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. ११।

व्यक्तिगत जमानतकर्ताः
इन्दीरा घिमिरेः ना.प्र.प.नं (जारी मिति/स्थान): ०३/१७४४(२०६२/०९/१४/झापा), बाबुको नामः देवी बहादुर गुरूङ्ग, ससुराको नामः सिताराम घिमिरे, पतिको नामः हरि घिमिरे, ठेगानाः झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. ११।

धितो लेखिदिएको सवारीसाधनको विवरणः
धनी एनएमबि बैंक लि./ऋणी **हरि घिमिरे**को नाममा बागमती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

सवारीसाधनको विवरणः
कम्पनीः FORD INDIA, मोडलः FIGO (प्रा.कार), सवारी दर्ता नं.: बा १८ च ४५६५, बनेको सालः २०१७, च्यासिस नं.: MAJGXXMTKGHR33745, इन्जिन नं.: HR33745

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ३ असार ०८३

भारतले निर्यातमा अवरोध गरेपछि ५३ चिया उद्योग बन्द

'पिक आवर'मा चिया निर्यातमा समस्या हुँदा ११ लाख केजी गोदाममै थन्कियो, उद्योग बन्द गर्दै चिया उद्योगी

झापामा **चिरञ्जीवी घिमिरे**



नेपाली चिया निर्यातमा भारतले पटक-पटक विभिन्न बहानामा अवरोध गर्दा चिया किसान मर्कामा पर्दै आएका छन् । परीक्षणका नाममा भारतीय टी बोर्डले पुनः अवरोध गर्दा अहिले चिया निर्यातमा समस्या देखिएको छ ।

भारतीय चिया बोर्डले १ मेदेखि नयाँ मापदण्डको नाममा लागू गरेको 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युर' (एसओपी)अन्तर्गत नेपालबाट निर्यात हुने चियाको गुणस्तर जाँच अनिवार्य गरेको छ । भारतको भन्सार र टी बोर्डले दोहोर परीक्षण गर्दै आएका छन् । परीक्षणको प्रतिवेदन आउन लामो समय लाग्ने भएका कारण भारत पठाएका चिया फिर्ता गर्नुपर्ने वा नष्ट गर्नुपर्ने अवस्था आएको चिया उद्योगीको गुनासो छ ।

इलामको सूर्योदय नगरपालिकामा रहेका ५३ चिया उद्योग आबद्ध सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसनअन्तर्गतका उद्योग सोमबारबाट बन्द भएका छन् । यी उद्योगले किसानको चियाको पत्ती लिन छाडेको एसोसिएसनका अध्यक्ष डिल्ली श्रेष्ठले जानकारी दिए । लामो समय चिया निर्यात नहुँदा गोदाममा चिया राख्ने ठाउँ नै नभएको उनले बताए । करिब ११ लाख केजी चिया गोदाममै थन्किएको र अब किसानले उत्पादन गरेको हरियो चिया पत्ती लिन नसक्ने अवस्थामा पुगेको उनले बताए । '५३ वटा उद्योग सोमबारबाट बन्द गरेका छौं । गोदाम भरिएको छ । हरियो पत्ती लिनेबित्तिकै किसानलाई भुक्तानी दिनुपर्छ । कर्मचारी र मजदुरलाई तलब चाहियो । चिया निर्यात नभएपछि कसरी दिने ? हाम्रो केही उपाय नलागेपछि हामीले उद्योग बन्द गर्‍यौं,' उनले भने, 'निर्यातमा भारतकै भर पर्नुपर्ने अवस्था छ । चार प्रतिशत युरोपियन देशमा जान्छ । एक प्रतिशत पनि नेपालमा खपत हुँदैन । चैतयता चिया जान नै पाएको छैन ।'

१९ मेमा भारतको टी बोर्डले सूचना जारी गर्दै आन्तरिक खपत हुने चियालाई केही खुकुलो गरेको थियो । एसओपी संशोधन गरेपछि 'चान्डम' नमुना संकलन गरेर परीक्षण गर्ने गरी नयाँ नियम ल्याएको थियो । नेपालको पहाडी क्षेत्रमा अर्थोडक्स र तराई क्षेत्रमा सिटिसी चिया उत्पादन हुँदै आएका छन् । उत्पादन भएको ९५ प्रतिशत अर्थोडक्स चिया भारत नै निर्यात हुँदै आएको छ भने ५० प्रतिशत सिटिसी चिया भारत निर्यात हुन्छ । ५० प्रतिशत भने नेपालमै खपत हुँदै आएको छ ।

अहिले चिया उत्पादनको 'पिक आवर' हो । यही समयमा चिया निर्यातमा झमेला भएपछि उद्योगीले धमाधम उद्योग बन्द गर्न थालेका छन् । भारतमा गएको करिब तीन सय केजी चिया पनि कोलकाता र सिलिगुडीका गोदाममा थन्किएको उनले बताए । ती चियाको परीक्षणका लागि नमुना संकलन गर्न नै दश दिनभन्दा बढी लगाएको र भारतीय टी बोर्डले नमुना लगेको १५ दिनमा पनि परीक्षण प्रतिवेदन दिन नसकेको उनले बताए ।चिया निर्यातमा भारतले सधैं समस्या दिएको भन्दै दीर्घकालीन समाधान खोज्नुपर्ने उनले बताए । यसका लागि काठमाडौं पुगेर मन्त्रालय धाए पनि मन्त्रीहरूसँग भेट हुन नसकेको श्रेष्ठले बताए ।

नेपाल चिया उत्पादक संघका अध्यक्ष आदित्यराज पराजुलीले ४ असारबाट झापाका उद्योग पनि बन्द गरिने बताए । चिया तथा कफी विकास बोर्डका निर्देशक तथा प्रवक्ता दीपक खनालले चिया निर्यातमा देखिएको समस्याबारे जानकार भए पनि आधिकारिक निकायबाट जानकारी प्राप्त नभएको बताए ।

उनले भारतको टी बोर्डले १ मेदेखि भएको अवरोध र १९ मेमा त्यसलाई गरेको संशोधनबारे जानकारी भएको बताए । 'हामीले त समाधान भएको बुझेका थियौं । तर, फेरि समस्या भएको छ,' उनले भने, 'अहिलेको समस्याबारे केन्द्रीय तहमा पनि छलफल भएको छ । तर, यसै भन्न सक्ने अवस्था छैन ।'

अर्थ मन्त्रालयले बढायो बजेट खर्चको संशोधित अनुमान

अर्धवार्षिक समीक्षामा संशोधन गरिएको बजेट अनुमानमा थप आठ अर्ब बढाइएको छ, तर आर्थिक वर्ष सकिन एक महिना बाँकी रहँदा ७० प्रतिशत पनि पुगेन बजेट खर्च

पवन तिमिल्सिना/नयाँ पत्रिका

अर्थ मन्त्रालयले चालू आर्थिक वर्ष ०८२/८३ मा कुल बजेट खर्चको संशोधित अनुमान बढाएको छ । अर्धवार्षिक समीक्षामार्फत कुल बजेटको अनुमान संशोधन गर्दै १६ खर्ब ८८ अर्ब ३२ करोड खर्च हुने संशोधित अनुमान गरिएको थियो । तर, १५ जेठमा संसद्मा पेस गरिएको आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटको अनुसूचीमा संशोधित अनुमान आठ अर्बले बढाउँदै १६ खर्ब ९६ करोड ३२ लाख पुऱ्याएको हो ।

चालू आर्थिक वर्ष ०८२/८३ को ११ महिना बितेर एक महिना मात्रै बाँकी रहँदा सरकारले कुल बजेटको ६८.५६ प्रतिशत मात्रै खर्च गरेको छ । कुल १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ बजेटमा १३ खर्ब ४६ अर्ब रुपैयाँ खर्च भएको हो । अर्धवार्षिक समीक्षामार्फत कायम गरिएको संशोधित अनुमान हेर्ने हो भने एक महिनामा सरकारले तीन खर्ब ४१ अर्ब ६७ करोड रुपैयाँ खर्च गर्नुपर्नेछ । तर, थप आठ अर्ब बढाएर खर्च गर्ने गरी महत्त्वाकांक्षी अनुमान संसद्मा पेस गरिएको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्साल भन्छन्-



नेपालमा जेठ र असारमा पुँजीगततर्फको भुक्तानी बढी हुने भएकाले यसपालि पनि सोही क्रम दोहोरिएको छ । कुल पुँजीगत बजेटको ४०-४५ प्रतिशत भुक्तानी हुने गरेको छ । यसपालि त सम्बन्धित मन्त्रालयहरूलाई नै रकमान्तर गर्न पाउने अधिकार दिइएको छ । यसले पुँजीगत खर्च वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।



७० प्रतिशत पनि पुगेन बजेट खर्च

महालेखा नियन्त्रकको कार्यालयअनुसार १९ खर्ब ६४ अर्ब रुपैयाँको कुल बजेटमध्ये ६८.५६ प्रतिशत मात्रै खर्च भएको छ । अर्थात् १३ खर्ब ४६ अर्ब खर्च भएको हो । चालूतर्फ ७६.९१ प्रतिशत खर्च भएको छ । ११ खर्ब ८० अर्ब ९८ करोडको चालू बजेटमा नौ खर्ब आठ अर्ब खर्च भएको हो । त्यस्तै, पुँजीगततर्फ चार खर्ब सात अर्ब ८८ करोडको पुँजीगत बजेटमध्ये एक खर्ब ३२ अर्ब ६६ करोड खर्च भएको छ । अर्थात्, विनियोजनको ३२.५३ प्रतिशत खर्च भएको हो । गत आवको सोही अवधिमा ४०.६९ प्रतिशत पुँजीगत खर्च भएको थियो । वित्तीय व्यवस्था (ऋणको साँवा-ब्याज भुक्तानी)तर्फ तीन खर्ब पाँच अर्ब भुक्तानी भएको छ । यो कुल विनियोजनको ८१.४७ प्रतिशत हो ।

नेपालमा जेठ र असारमा पुँजीगततर्फको भुक्तानी बढी हुने भएकाले यसपालि पनि सोही क्रम दोहोरिएको अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्सालले जानकारी दिएका छन् । उनले भने, 'कुल पुँजीगत बजेटको ४०-४५ प्रतिशत भुक्तानी हुने गरेको छ । यसपालि त सम्बन्धित मन्त्रालयहरूलाई नै रकमान्तर गर्न पाउने अधिकार दिइएको छ । यसले पुँजीगत खर्च वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।'

यसपालि जेन-जी आन्दोलनपछिको सरकार परिवर्तन र पश्चिम एसिया तनावले बजेट कार्यान्वयन प्रभावित भएको उनले बताए । उनले भने, 'पश्चिम एसियामा जारी तनावले बटुमिनलगायतका निर्माण सामग्रीको आपूर्ति प्रभावित भएको थियो । चैत, वैशाख र जेठ नै निर्माणकार्यमा बिटुमिन प्रयोग हुने सिजन हो । यसले केही प्रभावित बनाएको छ । यद्यपि, संशोधित अनुमानअनुसार बजेट खर्च हुने अपेक्षा छ ।'

लक्ष्यको ७३ प्रतिशत उठ्यो राजस्व

चालू आवको ११ महिनामा कुल लक्ष्यको ७३.०६ प्रतिशतको राजस्व संकलन भएको छ । यो वर्ष १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य लिइएकोमा १० खर्ब ८१ अर्ब संकलन भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा १० खर्ब १५ अर्ब राजस्व उठेको थियो । यसपालि उठेको कुल राजस्वमा कर राजस्व नौ खर्ब ८१ अर्ब संकलन भएको छ भने गैरकरतर्फ ९९ अर्ब ९६ करोड संकलन भएको छ ।

GREEN HOME LOAN FOR SUSTAINABLE LIVING!
INTEREST RATE STARTING FROM 6.07% p.a.
T & C apply
Global IME Bank
GLOBAL CONNECT Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड
MOUNT EVEREST POWER DEVELOPMENT LIMITED
रजिष्टर्ड कार्यालय : महालक्ष्मीस्थान वडा नं. १५, ललितपुर, नेपाल । फोन नं.: +९७७-१-५४२७४६९
Email: mounteverestpower@gmail.com Website: www.mounteveresthydro.com

साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडले आफ्नो जारी पूँजी रु.८६,००,००,०००/- (अक्षरेपी छयासी करोड रुपैयाँ मात्र) को ३०% अर्थात रु.२५,८०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरका कूल २५,८०,००० कित्ता साधारण शेयरको सर्वसाधारणहरुको लागि छुट्टाइएको मध्ये जारी पूँजीको १०% अर्थात ८६०,००० कित्ता आयोजना प्रभावित क्षेत्रका स्थायी बासिन्दाहरुलाइ बाँडफाँड गरी जारी पूँजीको २०% अर्थात १,७२०,००० कित्ता साधारण शेयर शेयर मध्ये १०% अर्थात १,७२,००० कित्ता नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु लागि, २% अर्थात ३४,४०० कित्ता कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि र ५% अर्थात ८६,००० कित्ता सामूहिक लगानी कोषका लागि बाँडफाँड गरेपश्चात बाँकी रहने १४,२७,६०० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि **आज मिति २०८३ असार ०३ गते बुधबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता	**दरखास्त दिन पाउने अधिकतम कित्ता :**	१०,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

क्र.सं.	विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान :
१.	माउन्ट एभरेष्ट पावर डेभलपमेण्ट लिमिटेड, वडा नं.१५, ललितपुर र वेबसाइटः www.mounteveresthydro.com
२.	एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइटः www.nimbacecapital.com
३.	नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ ।

सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :
नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरि सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

साधारण शेयरको बिक्री खुल्ला अवधि:	
निष्काशन खुल्ला मिति :	**२०८३/०३/०३**
निष्काशन बन्द हुने मिति (छिटोमा) :	**२०८३/०३/०८ (बैंकिङ्ग समय पश्चात्)**
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	**२०८३/०३/१७ (बैंकिङ्ग समय पश्चात)**

संक्षिप्त वित्तीय विवरण :

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व.२०७९/८०	आ.व.२०८०/८१	आ.व.२०८१/८२	२०८२ पौष मसान्त	आ.व.२०८२/८३	आ.व.२०८३/८४	आ.व.२०८४/८५
संचित मुनाफा (रु.हजारमा)	(२८,५३६)	११,५१९	४१,२००	८४,१२०	१६२,४५५	३३२,१२२	५२२,६८१
प्रति शेयर नेटवर्थ (रु.)	९५.२६	१०१.९१	१०६.८४	११३.९७	११८.८९	१३८.६२	१६०.७८
प्रति शेयर आम्दानी (रु.)	(०.०७)	०.१३	५.१३	१२.१३	१४.५८	१९.७३	२२.१६

आ.व २०८०/८१ को वित्तीय विवरण एनएफआरएस बमोजिम तयार गरिएकोले आ.व. २०७९/८० र २०७८/७९ को वित्तीय विवरण लेखापरीक्षण भएको सम्बन्धित आ.व सँग को विवरण भन्दा फरक पर्न गएको कारण नेपाल धितोपत्र बोड मार्फत स्वीकृत विवरण पत्रको दफा ग.९.क (पृष्ठ नं.२५) मा उल्लेख गरिएको ।

आयोजनाको नाम : दुधकुण्ड खोला जलविद्युत आयोजना	**आयोजनाको कूल लागत :** रु. २,३६,९३,२०,०४२/- [Interest during construction (IDC)] सहित
प्रति मेगावाट लागत : आयोजनाको प्रति मेगावाट लागत रु १९,७४,४३,३३६/८३	**विद्युत उत्पादन क्षमता :** १२ मेगावाट
साधारण लगानी फिर्ता हुने अवधि : ६.४० वर्ष	**डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि :** ८.९४ वर्ष
विद्युत उत्पादन अनुमतिको बाँकी अवधि : अनुमतिपत्र बहाल रहने अवधि मिति २०७६/०८/१८ देखि २१११/०८/१७ सम्म रहेकोले २८ वर्ष ९ महिना बाँकी रहेको छ ।	

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :
यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०८२/०९/०८ को प्राप्त पत्र अनुसार "CARE-NP BB+ (Is) [Double B Plus (Issuer)]" को प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेका (Moderate risk of default regarding timely servicing of financial obligations) मानिन्छ । केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ ।

रेटिङ्ग प्राप्त गरेको मिति : २०८२/०९/०८ (सन् २०२५, डिसेम्बर २३) **बहाल रहने मिति :** २०८३/१०/२४ (सन् २०२७, फेब्रुअरी ०७)

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८३ जेठ २१ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.mounteveresthydro.com, नेपाल धितोपत्रबोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.nimbacecapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-५९७१२३३, ४००५०८०, ४००५१५७
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com
NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

आयल निगममा कार्यकारी निर्देशकको आवेदन खुला

काठमाडौं/ नेपाल आयल निगम लिमिटेडको रिक्त कार्यकारी निर्देशकमा पदपूर्ति गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवेदन खुलाएको छ । मंगलबार एक सूचनामार्फत योग्यता पुगेका उम्मेदवारले २१ दिनभित्र आवेदन दिने समयसीमा तोकिएको छ ।

मन्त्रालयले पुरानै कार्यविधिअनुसार खुलाएको विज्ञापनमा ३५ वर्ष पूरा भई ६५ वर्ष ननाघेका व्यक्ति हुनुपर्ने व्यवस्था गरिएको छ । तर, यसपटक आवेदन माग गर्दा चार वर्षमा गर्न सक्ने कामहरूको ढाँचासमेत बुझाउनुपर्ने नयाँ व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाका कारण नयाँ कार्यकारी निर्देशकलाई चारवर्षे कार्यकाल तोकेर नियुक्ति दिन सक्ने मन्त्रालयले संकेत गरेको छ । कार्यकारी निर्देशक नियुक्तिका लागि आवेदन दिने उम्मेदवारहरूले कार्ययोजना बनाउँदा पेट्रोलियम पदार्थको आपूर्ति तथा बिक्री-वितरण, मूल्य समायोजन तथा गुणस्तर, सम्पत्ति तथा जनशक्ति व्यवस्थापन, निजी क्षेत्रसँगको समन्वय र सहकार्य, निगमको पूर्वाधार निर्माण एवं विकास, प्रविधिको उपयोग र सुशासन तथा संस्थागत विकासका क्षेत्रमा चारवर्षे योजना पेस गर्नुपर्ने मापदण्ड तोकिएको छ ।

सार्वजनिक भएन सुदूरपश्चिमको बजेट बाँडफाँट

धनगढीमा **तेजराज भट्ट**

सोमबार मध्यरातमा बजेट प्रस्तुत गरेको सुदूरपश्चिम प्रदेश सरकारले मंगलबारसम्म पनि विनियोजन गरिएको सम्पूर्ण विवरण सार्वजनिक गरेको छैन । आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले प्रदेश सभामा ३७ अर्ब ७० करोडको बजेट प्रस्तुत गरे पनि दोस्रो दिनसम्म बजेट वक्तव्य, चालू र पुँजीगत बजेट तथा कुन मन्त्रालयलाई कति रकम विनियोजन गरिएको छ भन्ने विवरण खुलाएका छैनन् । सोमबार राति मन्त्री धामीले यी विषय नखुलाएर बजेटको आकार मात्र प्रस्तुत गरेका थिए । सरकारले प्रदेश सभामा प्रस्तुत गरेको बजेट भाषणको 'सफ्ट कपी' पनि मंगलबार बेलुकी मात्र वितरण गरिएको छ । बजेटपछि सांसदहरूलाई समेत बजेट वक्तव्य र रातो किताब वितरण गरिएन ।

सत्तारुढ कांग्रेस र एमालेबिच बजेट भागबन्डाको विवादले मध्यरातमा मात्र बजेट सार्वजनिक गरिएको थियो । आफूले सिफारिस गरेका योजना र नेतृत्व गरेको मन्त्रालयको बजेट थप गर्नुपर्ने माग एमालेले गरेपछि दुई दलबिच विवाद उत्पन्न भएको थियो । स्रोतका अनुसार एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावलले सिफारिस गरेका केही योजनाहरू थप गर्ने सहमतिपछि मध्यरातिमा बजेट प्रस्तुत गरिएको हो ।

बजेट प्रस्तुत भएको दोस्रो दिनसम्म पनि सार्वजनिक गरिएन चालू, पुँजीगत तथा मन्त्रालयगत बजेट

पूर्वआर्थिक मामिलामन्त्री नरेशकुमार शाहीले सरकारले न्यूनतम आर्थिक अनुशासनसमेत पालना नगरी बजेट प्रस्तुत गरेको टिप्पणी गरे ।

बजेट प्रस्तुत गर्नुअघि बजेट वक्तव्य, विनियोजन विधेयक र अर्थविधेयक प्रदेश सभामा दर्ता गर्ने चलन छ । विगतमा बजेटलगतै त्यसको प्रति र रातो किताब सांसदलाई वितरण गर्ने तथा बजेट वक्तव्य मन्त्रालयको वेबसाइटमा सार्वजनिक गर्ने गरिएको थियो । तर, यसपालि यी कुनै पनि प्रक्रिया गरिएनन् । बजेट वक्तव्य, विनियोजन विधेयक र अर्थविधेयक सरकारले प्रदेश सभामा दर्ता नै गरेन । बजेट प्रस्तुतपछि सांसदलाई त्यसको प्रति र रातो किताब पनि वितरण गरिएन । 'बजेटसँगै यससँग सम्बन्धित विधेयकहरू मन्त्रालयले औपचारिक रूपमा पत्रसहित दर्ता गराउने अभ्यास छ, तर यसपालि प्रदेश सभामा बजेट वक्तव्य तथा बजेटसँग सम्बन्धित अर्थ र विनियोजन विधेयक दर्ता नभई सिधै बजेट प्रस्तुत भयो,' प्रदेश सभा सचिवालयका सूचना अधिकारी युवराज जैशीले भने, 'अर्थ विधेयक र विनियोजन विधेयक आज (मंगलबार) पनि आएको छैन ।'

११ महिनामा बिदेसिए सात लाख युवा

गत आवको १२ महिनामा भने आठ लाख ३९ हजार युवा श्रमका लागि बिदेसिएका थिए

अजित अधिकारी/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को ११ महिनामा रोजगारीको खोजीमा बिदेसिनेको संख्या सात लाख २२ हजार आठ सय ११ पुगेको छ । वैदेशिक रोजगार विभागका अनुसार कामको खोजीमा नेपाली युवाहरू विश्वका सयभन्दा बढी मुलुक पुग्ने गरेका छन् । त्यसमध्ये खाडी मुलुक सबैभन्दा धेरै युवाको रोजाइमा पर्ने गरेको छ ।

विभागका अनुसार जेठ महिनामा मात्रै ६१ हजार ७२ युवा श्रमका लागि एक सय देश पुगेका छन् । जेठमा श्रम स्वीकृति लिएको संख्या चैत र वैशाखको तुलनामा भने कम हो । वैशाखमा ७४ हजार चार सय २९ र चैतमा ६१ हजार आठ सय १९ युवाले विभिन्न देशमा रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । जेठमा श्रम स्वीकृति लिनेमध्ये रोजगारीका लागि पहिलोपटक बिदेसिनेको संख्या बढी छ । विभागका अनुसार पहिलोपटक रोजगारीमा जानेको संख्या ३१ हजार सात सय एक र पुनः श्रम स्वीकृति लिनेको संख्या २९ हजार तीन सय ७१ रहेको छ ।

चालू आवको साउनमा ६८ हजार एक सय १०, भदौमा ६७ हजार नौ सय ७२, असोजमा ६४ हजार ६ सय ३४, कात्तिकमा ७३ हजार ९४, मंसिरमा ६५ हजार सात सय पाँच, पुसमा ६२ हजार पाँच सय ५९, माघमा ७० हजार पाँच सय तीन र फागुनमा ५२ हजार नौ सय ४४ युवाहरू श्रम स्वीकृति लिएर विभिन्न मुलुक पुगेका छन् । फागुनमा निर्वाचन भएका कारण बिदेसिनेको संख्या तुलनात्मक रूपमा कम देखिएको हो ।



युरोपेली देशमा आकर्षण

नेपाली युवाहरू युरोपेली देशमा श्रमका लागि जाने क्रम बढ्न थालेको छ । विभागको तथ्यांकअनुसार प्रमुख १० श्रम गन्तव्य मुलुकको सूचीमा रोमानिया, साइप्रस र टर्की छन् । जेठमा रोमानियामा दुई हजार पाँच सय १५, साइप्रसमा एक हजार ५९ र टर्कीमा सात सय ५० युवा श्रमका लागि पुगेका छन् । यसका अलावा, पोर्चुगल, माल्टा, ग्रिस, अस्ट्रिया, मोरिसस्, बुल्गेरिया, क्रोएसिया, पोल्यान्डलगायतका देश जाने युवाको संख्या बढ्दो छ ।

११ महिनामा बिदेसिएका युवाको तथ्यांक

महिना	संख्या	मुलुक
साउन	६८,११०	१०५
भदौ	६७, ९७२	७७
असोज	६४,६३४	१४
कात्तिक	७३,०९४	१०६
मंसिर	६५,७०५	१०८
पुस	६२,५५९	१०५
माघ	७०,५०३	१०७
फागुन	५२,९४४	१०४
चैत	६१,८१९	१०१
वैशाख	७४,४२९	१०३
जेठ	६१,०७२	१००

स्रोत : वैदेशिक रोजगार विभाग

मलेसिया नेपालीको पहिलो श्रम गन्तव्य मुलुक



विगतमा जस्तै रोजगारीका लागि मलेसिया जानेको संख्या धेरै छ । जेठमा १४ हजार एक सय ९२ युवाले रोजगारीका लागि मलेसिया जान श्रम स्वीकृति लिएका छन् । त्यसपछि युएईका लागि १२ हजार चार सय ५५, कतारका लागि १० हजार दुई सय १० र साउदी अरेबियाका लागि सात हजार पाँच सय १० युवाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ ।

अमेरिका-इजरायल र इरान युद्धले मध्यपूर्वका खाडी मुलुक तनावग्रस्त बनेका कारण नेपाली श्रमिकहरू मलेसियातर्फ आकर्षित भएका हुन् । फागुनसम्म मध्यपूर्व तनाव सुरु हुनुभन्दा पहिले मलेसिया चौथो वा पाँचौं श्रम गन्तव्य रहेको थियो । तर, चैत महिनायता भने निरन्तर पहिलो स्थानमा छ । त्यसअघि कात्तिकदेखि फागुनसम्म साउदी अरेबिया प्रमुख श्रम गन्तव्य रहेको थियो । गत भदौमा भएको जेन-जी आन्दोलनपछि युएईले नेपाली श्रमिक प्रवेशमा कडाइ गरेपछि युवाहरू साउदीतर्फ मोडिएका थिए । तर, साउदीसमेत द्वन्द्वको चपेटामा परेर असुरक्षित भएपछि अहिले मलेसियातर्फ युवाहरू आकर्षित भएका हुन् ।

सांग्रिला डेभलपमेन्ट बैंकद्वारा दार्चुलामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन



काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले दार्चुलामा निःशुल्क आँखा परीक्षण तथा उपचार शिविर सञ्चालन गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत शिविर सञ्चालन गरेको हो। २९ जेठमा जिल्ला अस्पताल खलंगा र ३० गते दुहुँ गाउँपालिकामा निःशुल्क आँखा शिविर सञ्चालन गरिएको बैंकले जनाएको छ।

खलंगामा तीन सय ८७ जना र दुहुँ गाउँपालिकामा सञ्चालित शिविरमा तीन सय २४ जनालाई विशेषज्ञ डाक्टरसँग निःशुल्क आँखा परीक्षण र परामर्शका साथै आवश्यक औषधी र चस्मा वितरण गरिएको बताइएको छ। शिविरमा गेटा आँखा अस्पताल धनगढीका नेत्र चिकित्सकसहितको टोलीले सेवा दिएको थियो। उक्त शिविरमा आँखा परीक्षण गरिएकामध्ये मोतियाविन्दुको शल्यक्रिया गर्नुपर्ने बिरामीलाई यस सांग्रिला डेभलपमेन्ट बैंकद्वारा निःशुल्क शल्यक्रिया गर्ने व्यवस्था गरिने बैंकले जनाएको छ। यस बैंकले देशभरका एक सय नौ शाखा कार्यालय र ३० वटा एटिएममार्फत सेवा प्रवाह गर्दै आएको छ।

छनोट मापदण्डविरुद्ध पौडी खेलाडी सर्वोच्चमा

काठमाडौं/ तेस्रो नेपाल एक्वाटिक च्याम्पियनसिपका क्रममा एसियाली खेलकुद छनोटको मापदण्ड अन्तिम समयमा परिवर्तन गरिएको भन्दै सहभागी खेलाडी सर्वोच्च अदालत पुगेका छन्। नेपाल पौडी संघले वैशाख १० गते जारी गरेको सूचनामा प्रतियोगितालाई एसियाली खेलकुदको प्रि-क्वालिफिकेसनका रूपमा उल्लेख गर्दै महिला र पुरुषतर्फ आठ-आठ खेलाडीलाई अन्तिम छनोट चरणमा लैजाने जनाएको थियो। तर, प्रतियोगिताको दोस्रो दिन जेठ २४ गते बिहान नयाँ सूचना जारी गर्दै प्रतियोगितालाई नै अन्तिम छनोटमा परिणत गरिएको तथा छनोट हुने खेलाडीको संख्या आठ-आठबाट घटाएर दुई-दुईमा सीमित गरिएको खेलाडीको आरोप छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिस्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

कम्पनी दर्ता खारेज सम्बन्धी ३५ दिनो सूचना

प्रकाशित मिति : २०८३/०३/०३

यस कार्यालयमा मिति २०८१/०७/२७ मा दर्ता भएको **ग्रीन मेड प्राइभेट लिमिटेड (प्रा.लि नं ३५५०२७)** नामक कम्पनीले कसैसँग ऋण लिएको वा यस कम्पनीले कम्पनी ऐन २०६३ को दफा १३६ (१) बमोजिम कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहोला । अन्यथा तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा यस कम्पनी कुनै जवाफदेही हुने छैन । साथै सबैको जानकारीका लागि कम्पनी खारेज सम्बन्धी यो सार्वजानीक सूचना प्रकाशित गरिएको छ ।

सूचना ! सूचना !! सूचना !!!

यस एभरेष्ट पेरेन्टेरल्स प्रा. लि. बाराबाट उत्पादित निम्नानुसारको औषधीहरूको आ.व. २०८२/०८३ को लागि बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।
यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता सोलार मेडिसेल्स प्रा.लि. धनगढी, कैलाली भ्याट नम्बर ६१०४८३९७४ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।
Email : solarmedisales214@gmail.com

Sn	Name of Product	Unit	Mrp
1	Inj. Ondasetron hydrochloride 2mg/2ml	Amp	35
2	Inj. Hyoscine Butylbromide 20mg/1ml	Amp	33
3	Inj. Metoclopramide hydrochloride 5.0mg/2ml	Amp	18
4	Inj. Ketorolac tromethamine 30mg/1ml	Amp	40
5	Inj. Ranitidine hydrochloride 25.0mg/2ml	Amp	9
6	Inj. Gentamicine sulfate 40mg/2ml	Amp	19.8
7	Inj. Diclofenac 3ml	Amp	30
8	Inj. Phemiramine maleate 22.75mg/2ml	Amp	10
9	Inj. Dexteose 5% 500ml	Vail	53
10	Inj. Dextrode 10% 500ml	Vail	63
11	Inj. Sodium chloride 0.9% 500ml	Vail	53
12	Inj. Rengerlcatate 500ml	Vail	63
13	Inj. Ketamine 2ml	Amp	50
14	Inj. Udocaln 2% 30ml	Vail	50
15	Inj. Atropine 1ml	Amp	11
16	Inj. Vitamin C 5ml	Amp	22
17	Inj. Dopamin 5ml	Amp	30
18	Inj. Levofloxacine 100ml	Vail	233
19	Inj. Dextrose 5% sodium chloride 0.9% 500ml	Vail	53
20	E/E Ciprofloxacine 5ml	Vail	28
21	E/E. Ofloxacine 5ml	Vail	70
22	E/E. Gentamycine 5ml	Vail	18
23	Inj. Paracetamol 100ml	Vail	550
24	Inj. Amicacin 500mg	Amp	140
25	Inj. Amicacin 250mg	Amp	66
26	Inj. Frusimide	Amp	11
27	Inj. Traxamic acid	Amp	110
28	Inj. Clindamycin 2ml	Amp	243

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०३/०३
यस सा व उ स बाट संकलित साल गोलिया काठ १८०२.१२ क्यू फिट र साल दाउरा २ चट्टा दुई लटमा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।
साँढेवगर सा. वन उपभोक्ता समूह, देवघाट ५, तनहूँ ।

सूचना ! सूचना !! सूचना !!!

यस एभरेष्टमेड प्रा. लि.काठमाडौंबाट उत्पादित निम्नानुसारको सर्जिकल सामाग्री आ.व. २०८२/०८३ को लागि बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।
यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता सोलार मेडिसेल्स प्रा.लि. धनगढी, कैलाली भ्याट नम्बर ६१०४८३९७४ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।
Email : solarmedisales214@gmail.com

SN	Name of Product	Unit	MRP (in local currency)
1	Bandage Than	Pcs	440
2	Gauze Than	Pcs	450
3	Syringe 3ml	Pcs	6
4	Syringe 5ml	Pcs	7
5	Syringe 10ml	Pcs	10
6	Syringe 20ml	Pcs	23
7	I.V set	Pcs	30
8	I.V Cannula	Pcs	30
9	Urine bag	Pcs	80
10	Cotton 400mg	Pcs	300
11	Adhesive Tape	Pcs	300
12	Surgical Blade	Pcs	10
13	Rubber Catherter	Pcs	25
14	Suture set	Pcs	50
15	Suture needle	Pcs	50
16	Surgical gloves	Pcs	39
17	Examation Gloves	Pcs	619
18	Folley Catherter	Pcs	80
19	Cord Clamp	Pcs	10
20	SPRIT 450ML	Bottle	250

माथि उल्लेखित सर्जिकल सामानहरूमा भ्याट रकम अतिरिक्त थप लाग्नेछ।

सूचना ! सूचना !! सूचना !!!

यस टोरस फर्मा प्रा.लि. काठमाडौंबाट उत्पादित निम्नानुसारको औषधीहरूको आ.व. २०८२/०८३ को लागि बजार दररेट तथा बिक्री मुल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।
यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता सोलार मेडिसेल्स प्रा.लि. धनगढी, कैलाली भ्याट नम्बर ६१०४८३९७४ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।
Email : solarmedisales214@gmail.com

SN	Name of Product	Unit	MRP (in local currency)
1	Hydrocortisone Acetate 1%	pcs	130
2	Azithromycine 500mg	Tab	30
3	Fusidic Acid 2%	pcs	85
4	Calcium 500mg + Vitamin D3	Tab	6
5	Ciprofloxacin 250mg	Tab	6
6	Ciprofloxacin 500mg	Tab	8
7	Chewable acid	Tab	4.95
8	Aceclofenac 100mg	Tab	5.5
9	Doxycycline 100mg	Cap	6
10	Fexfenadine 120mg	Tab	13.5
11	Fexfenadine 180mg	Tab	16.5
12	Fluconazole 150mg	Cap	24
13	Folic acid 0.400mg + ferrous sulphate 60mg	Tab	3
14	Citrizine Hydrochloride	Tab	4
15	ORS		10
16	Hysocinebutylbromide 10mg	Tab	15
17	Ibuprofen 400mg	Tab	2
18	Metronidazole 400mg	Tab	3.84
19	Metronidazole DF 400mg + 500mg	Tab	8
20	Mupirocin	Tab	240
21	Omeprazole 20mg	cap	4
22	Paracetamol 500mg	Tab	1
23	Pantaprazole 40mg	Tab	8
24	Ranitidine 150mg	Tab	2.2
25	Clobetasol 10gm	pcs	65
26	Ibuprofen 400mg + Paracetamol 325mg	Tab	2
27	Anticold	Tab	3
28	Tinidazole 1000mg	Tab	9.5
29	Tinidazole 500mg	Tab	5
30	Levocetrizine	Tab	6.05
31	Vitamin B Complex		2.5

सूचना ! सूचना !! सूचना !!!

यस एस. आर ड्रग्स ल्याबोरेटोरी प्रा. लि. काठमाडौंबाट उत्पादित निम्नानुसारको औषधीहरूको आ. व. २०८२/०८३ को लागि बजार दररेट तथा बिक्री मुल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।
यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता सोलार मेडिसेल्स प्रा.लि. धनगढी, कैलाली भ्याट नम्बर ६१०४८३९७४ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।
Email : solarmedisales214@gmail.com

SN	Name of Product	Unit	MRP
1	Ranitidine 150mg	Tab	2
2	Amitriptyline 10mg	Tab	2.4
3	Amitriptyline 25mg	Tab	3.8
4	Co-Amoxyclave 625mg	Tab	40
5	Amlodipine 5mg	Tab	5
6	Aspirin 150mg	Tab	2
7	Aspirin 75mg	Tab	1.2
8	Atorvastatin 10mg	Tab	10.78
9	Azithromycin 250mg	Tab	17.45
10	Azithromycin 500mg	Tab	30
11	Atenolol 50mg	Tab	3
12	Ibuprofen 400mg + Paracetamol 325mg	Tab	2
13	Vitamin C Chewable	Tab	6
14	Chlorpoheniramine 4mg	Tab	1.2
15	Ciprofloxacin 250mg	Tab	5
16	Ciprofloxacin 500mg	Tab	8
17	Neomycin Sulphate 0.5% Clobtaso 10.5% Chlorocresolip 0.1%	pcs	75
18	Clotimazole 25gm	pcs	110
19	Clove oil 5ml	pcs	35
20	Cloxacillin Sodium 250mg	Cap	6.5
21	Cloxacillin Sodium 500mg	Cap	10
22	Anticold	Tab	3
23	Fluconazole 150mg	Cap	24
24	Chlorhexidine Gluconate 3gm	pcs	28
25	Cotimaxazole 400mg + 80mg	Tab	4
26	Clotimaxazole 800mg + 160mg	Tab	5
27	Clotimaxazole 200mg + 40mg, 60ml	pcs	36
28	Clamine Lotion 60ml	pcs	70
29	Diclofenac gel 30gm	pcs	150
30	Diclofenac 50mg	Tab	3
31	Acelofenac 100mg	Tab	4.5
32	Frusemide 40mg	Tab	1
33	Povidine Iodine 5% 450ml	pcs	350
34	Ferrous sulphate Elemental Iron & folic Acid 60mg + 0.04mg	Tab	3
35	Hyoscine butlybromide 10mg	Tab	17
36	Ibuprofen 200mg	Tab	1.5
37	Ibuprofen 400mg	Tab	2
38	Indomethacin 25mg	Cap	6
39	Indomethacin 50mg	Cap	8
40	Indomethacin 75mg	Cap	17
41	Cefixime 100mg	Tab	18
42	Cefixime 200mg	Tab	20
43	Cefixime 50mg, 60ml	pcs	140
44	Metformin 1000mg	Tab	6
45	Metformin 500mg	Tab	2
46	Metformin 850mg	Tab	3.5
47	Metronidazole 200mg	y	2
48	Metronidazole 400mg	Tab	3.5
49	Metronidazole 100mg 5ml Susp, 60ml	pcs	60
50	Salbutamol 4mg	Tab	2
51	Amoxycillin 125mg DT	Tab	3.5
52	Amoxycillin 250mg	Tab	5
53	Amoxycillin 500mg	Tab	8
54	Amoxycillin 125mg, 60ml	pcs	85
55	Nimesulide 100mg	Tab	3
56	Omeprazole 20mg	Cap	4
57	Pnataprazole 40mg	Tab	8
58	Paracetamol 125mg, 60ml	pcs	30
59	Paracetamol 500mg	Tab	1
60	Promethazine 25mg	Tab	5
61	Rectified Spirit 450ml	pcs	300
62	Cetirizine 5mg, 60ml	pcs	70
63	Cetirizine 10mg	Tab	4
64	Rosuvastatin	Tab	17
65	Benzoic acid 6% + Salicylic acid 3% 30gm	pcs	70
66	Cetrimide 0.1% + Gamma Benzene 1% 100ml	pcs	100
67	Silver Sulphadizine 25mg	Tab	100
68	Doxycycline 100mg	Tab	6
69	Tranexamic Acid 500mg	Tab	24
70	Calcium Carbonate 500mg + vitamin D3 IU	Tab	5
71	Vitamin B Complex	Tab	3
72	Albendazole 400mg, 10ml	pcs	18
73	Albendazole 400mg,	Tab	10
74	Ofloxacin 200mg	Tab	5
75	Ofloxacin 400mg	Tab	8
76	Zinc gulcomate Zinc 10mg	Tab	3
77	Zinc gulcomate Zinc 20mg	Tab	4
78	Tinidazole 1000mg	Tab	8
79	Tinidazole 500mg	Tab	5
80	Gention Voilet 10ml	pcs	21
81	Aciclovir 5% 5gm	pcs	70
82	Paracetamol 125mg + Ibuprofen 100mg 60ml	pcs	32

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८३/०३/०३

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय पथरी, मोरङ्गबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले **नेपाल सप्लायर्स, जनिता नेपाल र नेत्र प्रसाद नेपाल/सत्यकला नेपाल, बिरेन्द्र खरिद बिकी र संजु धामी थारु रिषिदेव**को नाममा मिति २०८२/०७/२७ गतेको नेपाल समाचार राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना, मिति २०८२/१०/२२ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्बन्धमा १५ दिने सार्वजनिक सूचना, मिति वि.सं. २०८३/०१/२१ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना तथा मिति वि.सं. २०८३/०२/०८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, पथरी, मोरङ्गमा दिउँसो ४:०० गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

१. कर्जा शिर्षक : क्यास केडिट/सिटिजन्स सवारी कर्जा/स्थायी चालुपुजी कर्जा/आवधिक कर्जा

ऋणी फर्मको नाम र ठेगाना
ऋणीको नाम : नेपाल सप्लायर्स
स्थायी लेखा नम्बर : ६०७१५६७४८
रजिष्टर्ड ठेगाना : पथरी शनिश्चरे न.पा.-०२, मोरङ्ग
रजिष्ट्रेसन नं. : ३२३४६/०७६/७७ (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर)

फर्मको प्रोपाइटरको नाम र ठेगाना
नाम : नेत्र प्रसाद नेपाल
बाबु : दिनानाथ नेपाल
बाजे : वेदनिधि नेपाल
ठेगाना : पथरी गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : २२२३/४०७५
जारी मिति : २०५८/०२/०८
जि.प्र.का. : मोरङ्ग

२. नाम : दिनानाथ नेपाल
बाबु : वेदनिधि नेपाल
बाजे : विष्णु लाल नेपाल
ठेगाना : कसेनी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : १७३८३/०३४
जारी मिति : २०३४/१०/२०
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : जनिता नेपाल
बाबु : माधव प्रसाद सापकोटा
ससुरा : दिनानाथ नेपाल
ठेगाना : पथरी गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : ०५२०२८/१३३०
जारी मिति : २०६६/०६/२९
जि.प्र.का. : मोरङ्ग

३. नाम : सत्यकला नेपाल
बाबु : विष्णु प्रसाद दहाल
बाजे : वेदनिधि नेपाल
ठेगाना : पथरी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : १२३८/१०४६
जारी मिति : २०४६/०३/२९
जि.प्र.का. : मोरङ्ग

२. कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा

ऋणीहरुको नाम र ठेगाना
१. नाम : नेत्र प्रसाद नेपाल
बाबु : दिनानाथ नेपाल
बाजे : वेदनिधि नेपाल
ठेगाना : पथरी गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : २२२३/४०७५
जारी मिति : २०५८/०२/०८
जि.प्र.का. : मोरङ्ग

२. नाम : सत्यकला नेपाल
बाबु : विष्णु प्रसाद दहाल
बाजे : वेदनिधि नेपाल
ठेगाना : पथरी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : १२३८/१०४६
जारी मिति : २०४६/०३/२९
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : दिनानाथ नेपाल
बाबु : वेदनिधि नेपाल
बाजे : विष्णु लाल नेपाल
ठेगाना : कसेनी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : १७३८३/०३४
जारी मिति : २०३४/१०/२०
जि.प्र.का. : मोरङ्ग

२.नाम : जनिता नेपाल
बाबु : माधव प्रसाद सापकोटा
ससुरा : दिनानाथ नेपाल
ठेगाना : पथरी गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : ०५२०२८/१३३०
जारी मिति : २०६६/०६/२९
जि.प्र.का. : मोरङ्ग

३. कर्जा शिर्षक : सिटिजन्स महिला उध्यमशीलता कर्जा

ऋणीको नाम र ठेगाना
नाम : जनिता नेपाल
बाबु : माधव प्रसाद सापकोटा
ससुरा : दिनानाथ नेपाल
ठेगाना : पथरी गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : ०५२०२८/१३३०
जारी मिति : २०६६/०६/२९
जि.प्र.का. : मोरङ्ग

१. नाम : दिनानाथ नेपाल
बाबु : वेदनिधि नेपाल
बाजे : विष्णु लाल नेपाल
ठेगाना : कसेनी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : १७३८३/०३४
जारी मिति : २०३४/१०/२०
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : नेत्र प्रसाद नेपाल
बाबु : दिनानाथ नेपाल
बाजे : वेदनिधि नेपाल
ठेगाना : पथरी गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : २२२३/४०७५
जारी मिति : २०५८/०२/०८
जि.प्र.का. : मोरङ्ग

३. नाम : सत्यकला नेपाल
बाबु : विष्णु प्रसाद दहाल
बाजे : वेदनिधि नेपाल
ठेगाना : पथरी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : पथरी शनिश्चरे न.पा. वडा नं. ०२, मोरङ्ग
ना.प्र.नं. : १२३८/१०४६
जारी मिति : २०४६/०३/२९
जि.प्र.का. : मोरङ्ग

४. कर्जा शिर्षक : स्थायी चालुपुजी कर्जा/आवधिक कर्जा

ऋणी फर्मको नाम र ठेगाना
ऋणीको नाम : बिरेन्द्र खरिद बिकी
स्थायी लेखा नम्बर : ६१३६३५५५२
रजिष्टर्ड ठेगाना : उर्लाबारी नगरपालिका वडा नं. ०८, मोरङ्ग
रजिष्ट्रेसन नं. : ३४२१९/०७७/७८ (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर)

फर्मको प्रोपाइटरको नाम र ठेगाना
नाम : संजु धामी थारु रिषिदेव
बाबु : अदवलाल धामी थारु
ससुरा : जंगली रिषिदेव
ठेगाना : बिराटनगर उप.म.न.पा वडा नं. १६, मोरङ्ग
हाल : उर्लाबारी न.पा. वडा नं. ०८, मोरङ्ग
ना.प्र.नं. : ०५१०६६/७९३६
जारी मिति : २०६८/०२/२३
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : विंदेश्वर रिषिदेव
बाबु : जंगली रिषिदेव
बाजे : थारु रिषिदेव
ठेगाना : बिराटनगर उप.म.न.पा वडा नं. १६, मोरङ्ग
हाल : उर्लाबारी न.पा. वडा नं. ०८, मोरङ्ग
ना.प्र.नं. : २१
जारी मिति : २०४६/१०/०५
जि.प्र.का. : मोरङ्ग

२. नाम : विरेन्द्र रिषिदेव
बाबु : विंदेश्वर रिषिदेव
बाजे : जंगली रिषिदेव
ठेगाना : बिराटनगर उप.म.न.पा वडा नं. १२, मोरङ्ग
हाल : उर्लाबारी न.पा. वडा नं. ०८, मोरङ्ग
ना.प्र.नं. : ०५-०१-७३-११५४१
जारी मिति : २०७३/१२/२८
जि.प्र.का. : मोरङ्ग

५. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्र्याक कर्जा

ऋणीको नाम र ठेगाना
नाम : संजु धामी थारु रिषिदेव
बाबु : अदवलाल धामी थारु
ससुरा : जंगली रिषिदेव
ठेगाना : बिराटनगर उप.म.न.पा वडा नं. १६, मोरङ्ग
हाल : उर्लाबारी न.पा. वडा नं. ०८, मोरङ्ग
ना.प्र.नं. : ०५१०६६/७९३६
जारी मिति : २०६८/०२/२३
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : विंदेश्वर रिषिदेव
बाबु : जंगली रिषिदेव
बाजे : थारु रिषिदेव
ठेगाना : बिराटनगर उप.म.न.पा वडा नं. १६, मोरङ्ग
हाल : उर्लाबारी न.पा. वडा नं. ०८, मोरङ्ग
ना.प्र.नं. : २१
जारी मिति : २०४६/१०/०५
जि.प्र.का. : मोरङ्ग

२. नाम : विरेन्द्र रिषिदेव
बाबु : विंदेश्वर रिषिदेव
बाजे : जंगली रिषिदेव
ठेगाना : बिराटनगर उप.म.न.पा वडा नं. १२, मोरङ्ग
हाल : उर्लाबारी न.पा. वडा नं. ०८, मोरङ्ग
ना.प्र.नं. : ०५-०१-७३-११५४१
जारी मिति : २०७३/१२/२८
जि.प्र.का. : मोरङ्ग

माथि उल्लेखित ऋणीहरु नेपाल सप्लायर्स, नेत्र प्रसाद नेपाल, सत्यकला नेपाल र जनिता नेपालले उपभोग गर्नुभएको कर्जाको लागि
१. धितो राखिएको सम्पत्तिको विवरण:

सि.नं	जिल्ला	न.पा./गा.वि.स	वडा नं/ नक्सा सिट	कि.नं.	क्षेत्रफल (बि.क.धु)	धितो सुरक्षण धनीको नाम	कैफियत
१.				२८	०-०-१५-०		सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।
२.	मोरङ्ग	मधुमल्ला	६/६त	५३०	०-४-१३-०	नेत्र प्रसाद नेपाल	
३.				५३१	०-०-१२-०		
४.	मोरङ्ग	मधुमल्ला	६/६त	५३२	०-१-१५-०	सत्यकला नेपाल	

२. सवारी कर्जा प्रयोजनका लागि सवारी धनी सिटिजन्स बैंक इन्टरनेसनल लि. धनी कायम भई ऋणी नेपाल सप्लायर्स रहेको सवारी साधन ।

सवारीको किसिम	चेसिस नं.	इन्जिन नं.	दर्ता नं.	बनेको साल
SML ISUZU TRK SMART GS XT 3335 HSD	MBUZT54AHS0265858	SLT4H3259096	प्रदेश-०१-०२-००१ क-३९५३	2019 AD

माथि उल्लेखित ऋणीहरु बिरेन्द्र खरिद बिकी र संजु धामी थारु रिषिदेव ले उपभौग गरेको ऋणकर्जाको लागि
३. धितो राखीएको धितोको विवरण :

सि.नं	जिल्ला	न.पा./गा.वि.स	वडा नं/ नक्सा सिट	कि.नं.	क्षेत्रफल (बि.क.धु)	धितो सुरक्षण धनीको नाम	कैफियत
१.				७१२	०-१-१०-०	संजु धामी थारु रिषिदेव	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।
२.	मोरङ्ग	राजघाट	१/१ग	६५५	०-०-१०-०		
३				६८६	०-०-१०-०	विंदेश्वर रिषिदेव	

माथि उल्लेखित चल/अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५ तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय पथरी, मोरङ्गमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८३/०३/१० गते, बुधवार ।
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय पथरी, मोरङ्ग ।

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८



फिफा वर्ल्ड कप विशेष



का.जि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.नं. १७/०६१/०७०
नयाँ पत्रिका
बुधबार ३ असार ०८३
www.nayapatrikadaily.com

स्पेनलाई रोकेपछि रातारात हिरो बनेका भार्डेका गोलरक्षक भोजिन्हा

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

धेरैलाई लागेको थियो स्पेनले नवप्रवेशी भार्डेमाथि गोलको वर्षा गर्नेछ। अघिल्लो दिन चारपटकको विजेता जर्मनीले कुराकाओमाथि ७-१ को सानदार जित निकालेपछि स्पेनले पनि यस्तै नतिजा निकाल्ने अनुमान गरिसकेको थियो। पहिलोपटक विश्वकपमा स्थान बनाएको भार्डे प्रतियोगितामा कम रेटिङ परेको राष्ट्र थियो। यसको विपरीत स्पेनलाई उपाधि दाबेदार टोलीको वर्गमा थियो। फुटबल विश्लेषकहरूले यसैकारण स्पेनसँगको खेलमा भार्डेले खराब नतिजा व्यहोर्नेछ।

निर्धारित तथा इन्जुरी समय सकिँदा मैदानमा प्रतिस्पर्धामा एक खेलाडी हिरो भए। जसको चर्चा अहिले विश्वभरिका चर्चित अन्तर्राष्ट्रिय मिडियाहरूले गर्दै थाकेका छैनन्। अमेरिकाको एटलान्टा रंगशालामा भार्डेका ४० वर्षीय गोलरक्षक भोजिन्हाले स्पेनविरुद्ध अस्वाभाविक प्रदर्शन गरेका थिए। खेल सकिएपछि रंगशालामा उपस्थित भएका सबै मिडियाहरूले उनीतर्फ फोकस बनाए। मिडियाकर्मी अगाडि पुग्दा उनको आँखा रसाएको थियो। स्पेनजस्तो बलियो राष्ट्रविरुद्ध सानदार प्रदर्शन गरेपछि भोजिन्हा हिरो नै बने।

> सन् २०२४ को युरो तथा सन् २०१० को विश्वकप विजेतासमेत रहेको स्पेनले गोलरक्षक भोजिन्हाविरुद्ध केही गर्न सकेन। खेल सकिँदा सबैभन्दा खुसी भार्डेका खेलाडी तथा समर्थक रहे।

उनी हिरो हुनुका कारण छ। त्यत्तिकै यस्तो दर्जा दिइएको होइन। उनले फुटबलको सबैभन्दा ठुलो प्रतियोगितामा स्पेनलाई हायलकायल बनाउँदै गोलरहित बराबरीमा रोक्न सफल भए। युरोकपकै शक्तिशालीसँगै सन् २०२४ को युरो तथा सन् २०१० को विश्वकप विजेतासमेत रहेको स्पेनले गोलरक्षक भोजिन्हा विरुद्ध केही गर्न सकेन। खेल सकिँदा सबैभन्दा खुसी भार्डेका खेलाडी तथा समर्थक थिए।

एक किसिमले गोलरहित नतिजा भार्डेको नजरमा अविस्मरणीय भने स्पेनका लागि खराब थियो। विश्वकपको डेब्यु खेलमै स्पेनलाई रोक्दै एक अंक बटुलेको भार्डेले ऐतिहासिक प्रदर्शन गरेको फुटबलविज्ञ बताउँछन्। हुन त प्रतिस्पर्धामा स्पेनले आफ्नो परिचित शैलीअनुरूप भार्डेविरुद्ध खेलेको थियो। लगभग खेल नियन्त्रणमा राखेको स्पेनले पहिलो हाफमा तीनवटा प्रस्ट गोल अवसर पाएको थियो। तर, उसका अगाडि चट्टानझैं उभिएका गोलरक्षक भोजिन्हा थिए। भोजिन्हा ले दर्शनीय सेभ गरी स्पेनका स्ट्राइकरहरूलाई निराश बनाए।

अझ, दोस्रो हाफमा स्पेनका चार गोल प्रयासलाई भोजिन्हा ले विफल बनाए। यसै अकल्पनीय प्रदर्शनका कारण उनी खेलकै म्यान अफ दी म्याचसमेत भए। म्याच रेफ्रीले अन्तिम हिबसल फुक्दा भार्डेका सबै खेलाडी खेलकै नायक ठहरिएका भोजिन्हा लाई अंकमाल गर्दै खुसी मनाए। उनी पनि साथीहरूसँग स्पेनलाई हराएकै जस्तै बर्डिल्यांग्वेजमै हर्षित मुद्रामा देखिए। उनले संक्षिप्तमा भनेका छन्, 'यो प्रदर्शन एक किसिमको पागलपन हो। यसलाई क्रेज भन्छु।'

४५ हजारबाट ७.५ मिलियन फलोअर्स

चालू विश्वकपकै सबैभन्दा पाका गोलरक्षक र खेलाडीका रूपमा भोजिन्हा हुन्। भार्डेल आफ्नो देशमा पनि चर्चित खेलाडीमै पर्छन्। उनी सबै सोसल मिडियामा सक्रिय छन्। प्रत्येक खेलको भोजिन्हा पोस्ट गर्छन्। सकेसम्म उनी रिप्लाई दिन्छन्। नभए फुर्सदमा त्यसको प्रतिक्रिया दिने बानी भोजिन्हा को छ। स्पेनविरुद्धको खेलअगाडि उनको इन्स्टाग्राममा ४५ हजार फलोअर्स थिए। स्पेनसँगको खेल सकिएपछि केही घण्टाभित्र उनको फलोअर्समा बाढी नै आयो। अहिलेसम्म उनको फलोअर्स ७.५ मिलियन पुगिसकेको छ। अहिले यो रोकिने वाला छैन। सोसल मिडियामा आएका कमेन्ट्समध्ये उनलाई बहादुर गोलरक्षक भनेका छन्। 'सिंगो स्पेनविरुद्ध एक्लो खेलाडी पहाडझैं उभिए। युरो तथा विश्वकप विजेताले भोजिन्हा को जीवनकै उत्कृष्ट खेलाडीअगाडि घुँडा टेकेको छ,' भोजिन्हा को प्रशंसा गर्दै लेखिएको कमेन्ट्स यस्तै छन्।



विश्वकपमा सहभागीहरूमध्ये भार्डे सानो टापुको राष्ट्र हो। यही सानो राष्ट्रका गोलरक्षक भोजिन्हा ले स्पेनका २७ मध्ये लगभग सातवटा फ्रेममा परेको बललाई क्लियर गरे। यससँगै उनी विश्वकप इतिहासमा क्लिनसिट राख्ने सबैभन्दा पाका गोलरक्षकको दर्जामा उभिएका छन्।

आमाको भिसा रकम तिर्न नसकेका गोलरक्षक

स्पेनसँग अंक खोसेपछि भार्डे नकआउटमा पुग्ने सम्भावना कायम राखेको छ। नकआउट चरणमा पुग्दा भार्डेले आफ्नी आमा रंगशालामा उपस्थित भएको हेर्न चाहेको बताएका छन्। भिसा समस्या तथा आर्थिक रूपमा सबल नभएपछि आफूले आमाको भिसा रकम तिर्न नसकेको सुनाए। 'भिसा समस्या र आर्थिक अभावका कारण आमा अमेरिका आउन सक्नुभएन,' भावुक हुँदै भोजिन्हा ले भने, 'बाल्यकालमा हर्काउने हजुरबुबा-हजुरआमालाई मैदानमा देख्न नपाउँदा भावुक भएँ। आमा भिजाको कारण यहाँ आउन सक्नुभएन। मसँग अमेरिकामा आउन भिसाको रकम थिएन अब नकआउट चरणमा आमालाई हेर्न चाहन्छु।'

यमालको रणनीति पनि असफल

स्पेनका प्रशिक्षक लुइसले कमजोर प्रतिद्वन्द्वी भार्डेविरुद्ध प्रमुख स्ट्राइकरहरूलाई बेन्चमा राखेका थिए। बार्सिलोनामा उत्कृष्ट प्रदर्शन गरेका लमिन यमाल र विलियम्स सुरुवात लिस्टमा थिएनन्। प्रशिक्षक लुइसलाई यति विश्वास थियो प्रारम्भिक ११ जना खेलाडी विपक्षीमाथि हाबी हुनेछन्। नभएको पनि होइन। तर, सोमबार राति गोलरक्षक भोजिन्हा स्पेनअगाडि उभिएका थिए। वर्तमान समयकै युवामध्ये उत्कृष्ट फिनिसर मानिने यमाललाई बाध्य भएर प्रशिक्षक लुइसले मैदानमा पठाए। त्यसको केही समयपछि विलियम्स पनि छिरे। यी दुवै खेलाडीले आफ्नो जादु देखाउन सकेनन्। पाँच लाखभन्दा कम जनसंख्या भएको भार्डेका ४० वर्षीय गोलरक्षक भोजिन्हाले स्पेनका विश्वप्रसिद्ध स्ट्राइकरहरूलाई निराश बनाउँदै गए।

एक दशकदेखि राष्ट्रिय टोलीमा

भोजिन्हा ले २५ वर्षको उमेरमा मात्र व्यावसायिक फुटबल सुरु गरेका थिए। यो क्रममा उनले रोमानिया, साइप्रस र पोर्चुगलका तल्लो डिभिजनका क्लब खेले। उनी अहिले पोर्चुगिज क्लब चाभेसमा आबद्ध छन्। उनले सन् २०१२ मा राष्ट्रिय टोलीमा डेब्यु गरेका हुन्।

भार्डेबाट उनले ९० अन्तर्राष्ट्रिय खेल खेलेका छन्। एक दशकभन्दा बढी राष्ट्रिय टोलीमा आबद्ध भएका उनी महत्त्वपूर्ण खेलाडी हुन्। भार्डेलाई पहिलोपटक विश्वकपमा छनोट गराउन पनि उनले महत्त्वपूर्ण भूमिका खेलेका थिए। - *एजेन्सीको सहयोगमा*

म्याच प्रिभ्यु

इंग्ल्यान्डलाई क्रोएसियाको चुनौती

गत वर्ष डिसेम्बरमा विश्वकपको 'ड्र' सार्वजनिक हुँदा समूह 'ए'लाई ग्रुप अफ डेथ भनिएको थियो। यस समूहमा इंग्ल्यान्ड, क्रोएसिया, पानामा र घाना थिए। जसकारण यस समूहलाई विश्वकपकै कठिन प्रतिस्पर्धात्मक खेल हुने संज्ञा दिइएको हो। यस समूहको पहिलो खेलमै पूर्वविजेता इंग्ल्यान्ड र पूर्वउपविजेता क्रोएसिया आमनेसामने हुँदै छन्। युरोपियन च्याम्पियनसिपका पछिल्ला दुई संस्करणमा लगातार उपविजेता बनेको इंग्ल्यान्डले सन् २०१८ को विश्वकप फाइनलिस्ट तथा २०२२ मा सेमिफाइनलिस्ट क्रोएसियासँगको प्रतिस्पर्धालाई एक किसिमको त्रासका रूपमा लिएको छ।

इंग्ल्यान्डले विश्वकप जित्न नसकेको ६० वर्ष भएको छ। इंग्ल्यान्डले फुटबल इतिहासमा ठुलो अन्तर्राष्ट्रिय उपाधि जितेको सन् १९६६ मा आफैंले आयोजना गर्दा विश्वकप थियो। उपाधि नै जित्न नसके पनि इंग्ल्यान्डको प्रदर्शन अन्तर्राष्ट्रिय प्रतियोगितामा सधै उच्चस्तरको हुने गर्छ। आठ वर्षयता भने टोलीले मुख्य प्रतियोगितामा लामो यात्रा गरेर पनि त्यसलाई प्रमाणित गरेको छ। पूर्वप्रशिक्षक गारेथ साउथगेटको नेतृत्वमा सन् २०१८ को विश्वकपमा सेमिफाइनल पुगेको टोली त्यसपछि सन् २०२१ र २०२४ को युरोपियन च्याम्पियनसिपमा लगातार फाइनल पुगेको थियो। युरो २०२४ को फाइनलमा स्पेनसँग पराजित भएपछि गारेथ साउथगेटले राजीनामा दिए। र, उनलाई स्थानान्तरण गरेका जर्मन प्रशिक्षक थोमस टचेलको नेतृत्वमा इंग्ल्यान्डले विश्वकपमा ६ दशकदेखिको उपाधि खडेरी पुर्ने लक्ष्यका साथ सहभागिता जनाउँदै छ।

उत्कृष्ट लयमा क्रोएसिया

युगोस्लाभियाबाट स्वतन्त्र भएपछि पहिलोपटक सन् १९९८ को विश्वकपमा सहभागिता जनाउने क्रममै टोली तेस्रो भएको थियो। सन् २०१८ को रुस विश्वकपमा क्रोएसिया फ्रान्ससँग पराजित हुँदै उपविजेता बन्यो। कतार विश्वकपमा क्रोएसिया सेमिफाइनलमा पुगेको थियो। त्यसवेला क्रोएसियाले ब्राजिललाई पन्छाएको थियो। क्रोएसियाली फुटबलका महानायक लुका मोड्रिच अहिले ४० वर्षको उमेरमा पनि टोलीका शीर्ष खेलाडी हुन्।

खेल तालिका

समूह 'एल' | ४ असार | १:४५
इंग्ल्यान्ड vs क्रोएसिया

समूह 'एल' | ४ असार | ४:४५
घाना vs पानामा

समूह 'के' | ४ असार | ७:४५
उज्बेकिस्तान vs कोलम्बिया

समूह 'ए' | ४ असार | २१:४५
चेक रिपब्लिक vs द. अफ्रिका

यस्तो पनि

एकै संस्करणमा १३ व्यक्तिगत गोल



विश्वकपको इतिहासमा एउटै संस्करणमा एक खेलाडीले कीर्तिमानी रूपमा १३ गोल गरेका छन्। सन् १९५८ स्विडेनले आयोजना गरेको विश्वकपमा फ्रान्सका जस्ट लुइस फोटाइनले १३ गोल गर्दै रेकर्ड बनाएका थिए। उनको यो रेकर्ड कसैले पनि तोडेका छैनन्। विश्वकपमा कीर्तिमानी प्रदर्शन गरेका लस्ट लुइस्को निधन सन् २०२३ मा भएको थियो। उनी सन् १९५३ को सिजनमा उत्कृष्ट लयमा थिए। यस सिजनमा उनले ४४ गोल गरेका थिए। रायमोन्ड कोपा क्लबमा ६ सिजन बिताउँदा उनले १२१ गोल गर्न सफल भए। सन् २००४ मा फिफाले उत्कृष्ट १२५ फुटबल छनोट गर्दा उनी पनि परेका थिए।

११औं संस्करणदेखि उत्कृष्ट खेलाडी घोषणा

विश्वकपको इतिहासमा पहिलो १० संस्करणसम्म प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई अवार्ड दिइने चलन थिएन। सन् १९७८ मा अर्जेन्टिनाले आयोजना गरेको विश्वकपदेखि उत्कृष्ट खेलाडीलाई अवार्ड दिने चलन सुरु भएको थियो। आयोजक अर्जेन्टिना मारियो केम्पेस प्रतियोगिताकै उत्कृष्ट खेलाडी बनेका थिए। अर्जेन्टिनाले पहिलोपटक विश्वकप उचाल्दा उनले ६ गोल गरेका थिए। अर्को सिजनमा इटालीका विश्व च्याम्पियन खेलाडी पाओलो रोसीले उत्कृष्ट खेलाडीको ट्रफी हात पारे। उनले पनि प्रतियोगितामा ६ गोल गरेका थिए।

लगातार ब्राजिलका खेलाडी उत्कृष्ट

विश्वकपमा ब्राजिलले लगातार दुई संस्करणमा उत्कृष्ट खेलाडीको अवार्ड हात पारेको छ। सन् १९९४ मा अमेरिकामा भएको विश्वकपमा ब्राजिल च्याम्पियन हुँदा रोमारियो उत्कृष्ट खेलाडी घोषित भए। सन् १९९८ मा फ्रान्समा भएको विश्वकपमा ब्राजिल उपविजेता बनेको थियो। आयोजक फ्रान्सले ब्राजिललाई हराएको थियो। तर, प्रतियोगिताको समापन दिनमा उपविजेता टोली ब्राजिलका रोनाल्डोले सबैलाई आश्चर्यचकित बनाउँदै उत्कृष्ट खेलाडीको ट्रफी जितेका थिए।

धेरै खेलमा पराजित मेक्सिको

१८औँपटक विश्वकप खेलिरहेको मेक्सिकोले सबैभन्दा धेरै हारको सामना गरेको। मेक्सिकोले अहिलेसम्म विश्वकपमा ६१ खेल खेलेको छ। जसमा उसले २८ खेलमा हार व्यहोरेको छ। मेक्सिकोले समग्रमा १८ खेलमा मात्र जित निकालेको छ। धेरै हार सामना गर्ने टोलीमा साबिक विजेता अर्जेन्टिना हो। अर्जेन्टिनाले अहिलेसम्म ८८ खेल खेलेको छ। जसमा २४ खेलमा उसले हार नतिजा हात पाऱ्यो। पाँचपटकको विजेता ब्राजिलले ११५ खेलमा १९ पटक हार नतिजा निकालेको छ।

चार खेल बराबरी

फिफा विश्वकप २०२६ अन्तर्गत मंगलबार बिहान भएका खेलहरू बराबरीमा टुंगिए। इरानले न्युजिल्यान्डलाई २-२ को बराबरीमा रोक्यो। अफ्रिकन राष्ट्र इजिप्टले बेल्जियमलाई १-१ को बराबरीमा रोक्यो। इजिप्टको आत्मघाती गोलका कारण बेल्जियम खेलमा फर्किएको थियो। अर्को, खेलमा साउदी अरेबिया र उरुग्वेले १-१ को बराबरी खेले। साउदी अरेबियाले उत्कृष्ट प्रदर्शन गर्दै दक्षिण अमेरिकी टोली उरुग्वेलाई अंक बाँड्न बाध्य बनायो। यस विश्वकपमा एसियाली टोलीहरूले समग्रमा प्रभावशाली प्रदर्शन गरिरहेका छन्। यसअघि सोमबार राति नवप्रवेशी केप भार्डेले पूर्वविजेता स्पेनलाई गोलरहित बराबरीमा राख्दै विश्वकपको डेब्यु खेलमै महत्त्वपूर्ण एक अंक बटुल्यो।

प्लेयर्स टु वाच

▸ ह्यारी केन (इंग्ल्यान्ड)

इंग्लिस समर्थकले ह्यारी केनको कप्तानीमा पुनः एकपटक विश्वकप उपाधिको आशा गरेका छन्। केनको कप्तानीमा इंग्ल्यान्डले अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा लगातार उत्कृष्ट प्रदर्शन गरिरहेको छ। उनको कप्तानीमा लगातार दुईपटक युरोकप फाइनलमा पुग्दा इंग्ल्यान्ड उपविजेतामा सीमित भयो। केनको आगमनसँगै इंग्ल्यान्डको टोली बलियो छ। रक्षापंक्तिदेखि फिनिसिङसम्मका खेलाडी केनकै नियन्त्रणमा हुने गर्छन्। स्ट्राइकरको भूमिका पाए पनि केन आफैं आवश्यकताअनुसार मिडफिल्डमा पुग्छन्। बायर्न म्युनिखमा व्यावसायिक फुटबल खेलिरहेका केन अहिले उत्कृष्ट फर्ममा छन्। खेलाडीलाई आत्मविश्वास दिलाउन सक्नु उनको प्रमुख खुबी हो।





▸ लुका मोड्रिच (क्रोएसिया)

क्रोएसियाको फुटबलमा सर्वकालीन उत्कृष्ट खेलाडीका रूपमा मोड्रिचको नाम आउँछ। ४० वर्षको भए पनि उनी अझै क्रोएसियाका प्रमुख खेलाडीमै पर्छन्। अर्थात् उनी टोलीका शीर्ष खेलाडी हुन्। स्पेनिस क्लब रियल म्याड्रिडमा रहँदा उनी ६ पटकका लिग विजेता बनेका थिए। अहिले उनी सिरी 'ए' क्लब इन्टरमिलानबाट व्यावसायिक खेल खेलिरहेका छन्। आठ वर्षअघि क्रोएसियालाई विश्वकप फाइनलसम्म पुऱ्याउन उनले उत्कृष्ट खेल देखाएका थिए। उनी विश्वको सर्वोत्कृष्ट फुटबल खेलाडीले प्रत्येक वर्ष पाउने बालन डि'अर अवार्डबाट सम्मानित भएका छन्।

अमेरिकामा इबोला भाइरसको त्रास

इबोला भाइरस प्रभावित अफ्रिकी राष्ट्र कंगोका खेलाडी र समर्थकबाट रोग सर्न सक्ने अमेरिकी अनुमान

एजेन्सी

३२ वर्षपछि विश्वकप फुटबल आयोजना गर्ने अवसर पाएको अमेरिकाले प्रतियोगिता भव्य बनाउन प्रयास गरिरहेको छ। राष्ट्रलाई सुरक्षित बनाउन भिसामा कडाइ, आर्थिक रूपमा सबल बनाउन भौतिक संरचनामा लगानी गरेको छ। अमेरिकाले सन् १९९४ को भन्दा अहिलेको विश्वकप आयोजना उत्कृष्ट हुने दाबी गरेको छ। यति हुँदाहुँदै अमेरिकालाई एउटा पक्षमा डर लागेको छ। ५२ वर्षपछि विश्वकपमा स्थान बनाएको अफ्रिकी राष्ट्र कंगोबाट उसलाई सबैभन्दा ठुलो डर उत्पन्न भएको छ। कंगोबाट अप्रत्याशित नतिजा व्यहोर्ने डर अमेरिकालाई छैन। खेलाडी, अफिसियल तथा समर्थकबाट 'इबोला' भाइरस सर्ने अनुमान गरेको छ।

पछिल्लो समय कंगोमा इबोला भाइरस फैलिएको छ। भाइरसले केहीको ज्यान पनि गएको छ। कंगोमा भाइरस फैलिरहँदा खेलाडीले त्यहीं नै अभ्यास गरेका थिए। विश्वकप सुरु हुनुभन्दा एक साताअघि मात्र कंगो टोली अमेरिका प्रवेश गरेको थियो। अहिलेसम्म इबोला भाइरसको कुनै संकेत देखिएको छैन।

विश्वकपकै प्रमुख आयोजक अमेरिकाले इबोला भाइरसविरुद्ध लड्न सबै तयारी गरेको छ। विश्वकप आयोजना हुने सहरमा हेल्प डेस्क स्थापना गरिएको छ। 'कंगोमा इबोला भाइरस फैलिरहेको छ। उनीहरूका खेलाडी विश्वकपमा छन्। हामीलाई भाइरस सर्ने हो कि भन्ने डर छ,' अमेरिकी एजेन्सीहरूले जनाएका छन्, 'यद्यपि, यसको तयारी अमेरिकाले गरेको छ, तर भाइरस फैलिँदा यसको प्रभाव विश्वकपमा पर्न सक्छ।' सन् २०१४ मा पश्चिम अफ्रिकाबाट इबोला भाइरस सुरु भएको हो। त्यसवेला थोमस एरिक डुनक्यान इबोला भाइरसबाट संक्रमित हुँदा डालास अस्पतालमा उपचार गर्न पुगेका थिए। तर, उनलाई अस्पताल प्रशासनले भर्ना लिएन। उनलाई त्यत्तिकै घर फर्काइएको थियो। उनी अस्पतालमा रहँदा प्रारम्भिक उपचार भएको थियो। सामान्य उपचार गर्ने दुई नर्स इबोला भाइरसबाट संक्रमित भएका थिए। उनीहरू पनि केही साताको 'आइसोलेसन'पछि निको भए।

'हामीले शतप्रतिशत इबोला रोकथाम तयार सक्दैनौं, तर संक्रमणविरुद्ध लड्न तयार छौं,' एटलान्टा एमोरी विश्वविद्यालयका सरुवारोग विशेषज्ञ तथा डा. गाबिन ह्यारिसले भने, 'विश्वकपमा यस भाइरस फैलन नदिन तयारी अवस्थामा छौं।' सन् २०१४ पछि अमेरिकाले इबोला भाइरस नियन्त्रण गर्न २६० मिलियन पाउन्ड जम्मा गरेको छ। उसले १३ वटा विशेष किसिमका उपचार केन्द्र स्थापना गरेको छ। इबोलालाई निको पार्न आइसोलेसन र विभिन्न सुरक्षित स्थान बनाइएको ह्यारिसले बताए।



तीनवटै आयोजक राष्ट्रमा तयारी

इतिहासमै पहिलोपटक तीन राष्ट्रले विश्वकप आयोजना गरिरहेका छन्। अमेरिका, मेक्सिको र क्यानडाका विभिन्न १६ सहरका १६ रंगशालामा विश्वकप चलिरहेको छ। यसपटक ४८ राष्ट्रको सहभागिता रहँदा १०४ खेल हुनेछन्। अझ अमेरिकाका ११ रंगशालामा विश्वकप भइरहेको छ। तीमध्ये एटलान्टा पनि एक हो। यस रंगशालामा कंगोको खेल छ। कंगोका खेलाडीले प्रतिस्पर्धा गर्दा भाइरसको त्रास रंगशालामा फैलिन सक्छ। कंगोका समर्थक रंगशालामा अवश्य पुग्नेछन्। खेलाडीलाई विशेष सुरक्षा घेरामा राखिँदा कंगोका समर्थक भने स्वतन्त्र छन्। यद्यपि, अमेरिकाले समर्थकको पनि स्वास्थ्य परीक्षणपछि रंगशालामा प्रवेश दिइने जनाएको छ। तत्काल भाइरसको प्रभाव नदेखिए पनि केही सातापछि रोग सर्न सक्ने डा. ह्यारिसले बताए। 'रंगशालामा कंगोका समर्थक पनि हुनेछन्। उनीहरूबाट भाइरस सर्न सक्ने अनुमान छ,' उनले भने, 'यसकारण सचेत हुनुपर्ने अवस्था आएको छ।' ३९ दिनसम्म चल्ने विश्वकपमा ६.५ मिलियन दर्शक उपस्थित हुने फिफाले जनाएको छ। विश्वकपका समर्थकबाट सर्न सक्ने इबोला भाइरसविरुद्ध लड्न जनस्वास्थ्य अधिकारी र अस्पतालले विभिन्न संक्रामण रोगको सम्भावित तयारी गरिरहेका छन्। अमेरिकाको सिडिसी संस्थानले विश्व स्वास्थ्य संगठनसँगको सहकार्यमा इबोला भाइरस रोकथामका लागि विशेष रणनीति बनाएको जनाएको छ।

कंगोमा इबोलाबाट ६७५ को मृत्यु

इबोला भाइरसबाट कंगोमा अहिलेसम्म ६७५ जना व्यक्तिले ज्यान गुमाएका छन्। विश्व स्वास्थ्य संगठनले १३५ जना संक्रमित भएको जनाएको छ। 'कंगोमा यो भाइरस आक्रामक रूपमा विस्तार भइरहेको छ।

भाइरसका कारण ज्यान गुमाउने संख्या पनि बढेको पाइएको छ,' सिडिसीको विज्ञप्तिमा भनिएको छ, 'हामीले कंगोका खेलाडी र समर्थकलाई सामान्य रूपमा लिन मिल्दैन। विश्वकपमा यो भाइरस सर्न सक्ने सम्भावना छ। भाइरस लागेका व्यक्तिसँगै रहँदा पनि सर्न सक्छ।' सिडिसीका प्रमुख डा. टोम फ्रेन्डेनले अमेरिकाले शून्य अवस्थाबाट यसको रोकथाम गर्नुपर्ने सुझाव दिएका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com